जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २७ अंक ४७ २०८२ चैत १५ गते आइतबार (Mar. 29, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## राष्ट्रिय सम्पतिमा आगो लगाउनेलाई उन्मुक्ति, जोगाउनेलाई जेल

# प्रधानमन्त्रि राजीनामागर्न बाध्य हुने अवस्था



काठमाडौं । रास्वपाका नयाँ नेता बालेन्द्र शाहले गत शुक्रबार सत्ता सम्हालेलगत्तै प्रतिशोधको राजनीति शुरुभएको छ । हिजो शनिबार बिहानै एमालेका अध्यक्ष तथा पूर्ब प्रधानमन्त्रि केपी ओली र नेपाली कांग्रेसका संस्थापन पक्षका नेता तथा पूर्ब गृहमन्त्रि रमेश लेखकलाई गिरफ्तार गरिएपछि सर्बत्र बिरोध शुरुभएको छ । हिजैबाट सडक आन्दोलन थालिएको छभने आज आइतबारबाट कानूनी उपचार समेत शुरुहुने भएको छ । यसअघिको सुशीला कार्की नेतृत्वको सरकारले गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सार्बजनिकगर्ने निर्णय गरेको तर औपचारिकरुपमा सार्बजनिक नगरिसकेको अवस्थामा उक्त आयोगको प्रतिवेदनअनुसार भन्दै ओली र लेखकलाई गिरफ्तार गरिएको थियो । प्रक्रिया अनुसार उक्त प्रतिवेदन औपचारिकरुपमा सार्बजनिक गरेर अदालतमार्फत कारवाही अगाडि बढाइएको हुनुपर्ने थियो । प्रहरीले गृहमन्त्रिको आदेशमा ठाडै ज्यान मुद्धामा पूर्जि जारीगरेपछि अदालतको अपहेलना, कानूनी राज्यको उल्लंघन र सत्तापक्ष तथा प्रतिपक्षका बीचमा सिधै मुठभेडको अवस्था सिर्जना भएको छ । अब गृहमन्त्रि सुदन गुरुङका कारण नव नियुक्त प्रधानमन्त्रि बालेन्द्र साह अप्ठेरोमा परेको र राजीनामा गर्न बाध्य हुने राजनीतिक क्षेत्रमा चर्चा हुनथालेको छ । यस्तै अवस्था होभने संसदको बैठकनै शुरुहुन नसक्ने कतिपयको टिप्पणी छ । वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिएकोविरुद्ध बन्दीप्रत्यक्षीकरण रिट लिएर आज सर्वोच्च अदालत जाने बताउनुभएको छ । प्रहरीले ओली र लेखकलाई जरुरी पक्राउ पूर्जी जारीगर्दै पक्राउगर्नु गैरकानूनी काम भएको उहाँले बताउनु भएको छ । उहाँले दुई जनालाई पक्राउ गरेको प्रक्रिया पनि मिलेको छैन र यसरी कानूनी प्रक्रिया नपुऱ्याई पक्राउगर्नु नै गलत छ । जरुरी पक्राउ पूर्जी प्रहरीले जारीगर्न त सक्छ । तर त्यो भनेको भागेर कतै जाने सम्भावना भएको अवस्थामा र प्रमाण नष्टगर्ने हकमा मात्रै हो भन्नुभएको छ । प्रहरीले हिजो बिहान एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओली र नेपाली कांग्रेसका नेता तथा पूर्ब गृहमन्त्रि रमेश लेखकलाई पक्राउ गरेको थियो । ओली उहाँको निवासबाटै पक्राउ पर्नुभएको हो । सूर्यविनायक नगरपालिका-७ गुण्डुस्थित भाडाको घरमा बस्दैआउनुभएका ओलीलाई हिजो बिहानै प्रहरीले पक्राउ गरेको थियो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काको **बाँकी ८ पेजमा**

## प्रतिशोध र धरपकडले कसैको भलो नगर्ने

काठमाडौं । बिभिन्न क्षेत्र र पक्षबाट बर्तमान सरकारले थालेको प्रतिशोध र धरपकडले कसैको भलो नगर्ने बताउन थालिएको छ । यसैक्रममा संविधानविद् तथा राजनीतिज्ञ निलाम्बर आचार्यले प्रतिशोध र धरपकडले कसैको भलो नगर्ने बताउनुभएको छ । पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेलगत्तै हिजो सामाजिक सञ्जाल फेसबुकमार्फत उहाँले साह्रै नमिल्ले कुरा भइरहेको उल्लेख गर्नुभएको थियो । त्यसैगरी अधिवक्ता टिकाराम भट्टराईले ओलीलाई गरिएको गिरफ्तारी कानूनीरुपमै नमिलेको बताउँदै अब कानूनी लडाइँ प्रारम्भ हुने दाबि गर्नुभएको छ । उहाँले आज आइतबार सर्वोच्च अदालतमा केपी ओलीकातर्फबाट बन्दी प्रत्यक्षीकरणको मुद्धा दर्ताहुने बताउनु भएको छ । उहाँका अनुसार ओलीलाई दिइएको जरुरी पक्राउ पूर्जीमा ज्यानसम्बन्धी कसुरमा अनुसन्धान गर्नुपर्ने भएकाल भन्ने मात्र उल्लेख छ । कसको ज्यान, के घटना, कसको जाहेरी वा प्रतिवेदन भन्नेबारे केही **बाँकी ८ पेजमा**

## लेखकको पक्राउको विरोधमा कांग्रेस रुष्ठ

काठमाडौं । पार्टीका चर्चित नेता तथा पूर्व गृहमन्त्री रमेश लेखकलाई प्रहरीले हिजो पक्राउ परेपछि नेपाली कांग्रेसका नेताहरु बर्तमान सरकारप्रति रुष्ठ हुनुभएको थाहा भएको छ । हिजो लेखक पक्राउ परेपछि कसरी अगाडि बढ्नेभनेर नेताहरुबीच छलफल भएको प्रवक्ता देवराज चालिसेले जानकारी दिनुभएको थियो । हिजो पार्टीकातर्फबाट प्रतिनिधि सभामा निर्वाचित सांसदहरुका लागि राखिएको अभिमुखीकरण कार्यक्रममा समेत उक्त गिरफ्तारीबारे छलफल भएको थियो । यसैबीच बिशेष महाधिवेशनको बहानामा पार्टी बिभाजन गराएको नेपाली कांग्रेसको गगन थापा समूहले आगामी असोजमै फेरी १५ औं महाधिवेशन पनि गर्नेभएको छ । हालै भएको केन्द्रीय कार्यसमिति बैठकले असोज १६ गतेदेखि १९ गतेसम्म नियमित महाधिवेशन **बाँकी ८ पेजमा**

## एमाले अखिलले देशभर प्रतिकारगर्ने

काठमाडौं । एमालेको बिद्यार्थी संगठन अनेरास्वबियुले पार्टीका अध्यक्ष केपी ओलीको गिरफ्तारी बिरुद्ध देशभर सशक्त प्रतिकारगर्ने घोषणा गरेको छ । अनेरास्वबियुले पार्टी अध्यक्ष ओली र नेपाली कांग्रेसका नेता रमेश लेखक पक्राउको प्रतिकारगर्न मातहतका कमिटीहरुलाई निर्देशन पनि दिएको छ । अनेरास्वबियुले ओली र लेखक पक्राउको विरोधगर्दै त्यसको प्रतिकारका लागि कमिटीहरुलाई देशभरि सशक्त प्रतिकारगर्न निर्देशन दिएको हो । जारी विज्ञप्तिमा नेपालको लोकतान्त्रिक आन्दोलनमा जीवन समर्पण गरेका नेतामाथि गरिएको यसप्रकारको व्यवहारप्रति अनेरास्वबियु घोर भर्त्सना व्यक्त गर्दछ भनिएको छ । अनेरास्वबियु नेपाल सरकार तथा सम्बन्धित निकायसमक्ष उहाँहरुको अविलम्ब रिहाइका **बाँकी ८ पेजमा**

## नेपाल विदेशीहरुको कुकर्मगर्ने थलो बन्दै

काठमाडौं । नेपाल विदेशहरुको कुकर्मगर्ने थलो बन्दैगएको देखिएको छ । यसैक्रममा प्रहरीले अभौतिक मुद्राको कारोबारमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-२६ ठमेलबस्ने बंगलादेशको पाबना घरभएका सिहावुल स्लामलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई काठमाडौं ठमेलबाट हालै पक्राउगरेको हो । प्रारम्भिक अनुसन्धानकाक्रममा उनले ३० लाख ४९ हजार ७३६ रुपैयाँ ९३ पैसा बराबरको युएसडिटीलगायत अभौतिक मुद्राको कारोबारगरेको खुल्नआएको प्रहरीको भनाई छ । प्रहरीले उनको साथबाट नगद ६० हजार रुपैयाँ, सिमकार्ड नौथान, मोबाइल दुईथान, बिभिन्न बैंकको एटिएम सातथान, बिभिन्न बैंकको चेकबुक ३३ थान लगायतका सरसामान समेत बरामद गरेको छ । यस्ता बिभिन्न देशका अन्य समूहहरु पनि पक्राउ पर्दैआएका छन् । त्यसैगरी काठमाडौंको ठमेलबाट युगाण्डाका २० जना महिला पक्राउ परेका छन् । **बाँकी ८ पेजमा**

## उज्यालो पार्टीले सडकबाटै सरकार चलाउने

काठमाडौं । उज्यालो नेपाल पार्टीले अब सडकबाटै सरकार चलाउने भएको छ । उज्यालो नेपाल पार्टीद्वारा गतसाता काठमाडौंमा आयोजित बागमती प्रदेशस्तरीय अगुवा भेला तथा प्रशिक्षण कार्यक्रममा सो पार्टीका अध्यक्ष कूलमान घिसिङले उपरोक्त घोषणा गर्नुभएको हो । त्यसक्रममा उहाँले देशको स्थायित्व र समृद्धिका लागि जनताले दिएको करिब दुईतिहाइ बहुमतको अभिमत सबैले स्वीकार गर्नुपर्ने बताउनुभएको थियो । उहाँले चुनावबाट अत्यधिक मतले करिब दुई तिहाइको बहुमत एउटा पार्टीलाई दिएको छ । उज्यालो नेपाल पार्टीलाई सडकमा बसेर सरकार चलाउनुभनेर म्यानडेट दिएको छ । सडकको सरकार उज्यालो नेपाल पार्टी हुने छ, हामी सडकबाट सशक्तरुपमा सरकार चलाउने छौं भन्नुभएको थियो । अध्यक्ष घिसिङले पार्टी गठनको तीन महिनाभित्रै चुनावमा सहभागी हुनुपर्ने अवस्था आएको थियो। त्यसक्रममा अर्को दलसँग सहमतिगर्दा केही अलमल भएपनि देशभर उम्मेदवारी दिन सफल भएको बताउनु भएको थियो । उहाँले चुनाव हार्दा पनि जितेको पार्टी उज्यालो पार्टी रहेको **बाँकी ८ पेजमा**

## कार्की आयोगको प्रतिवेदन एकपक्षीय

काठमाडौं । नेकपा (मसाल) का महामन्त्रि मोहनबिक्रम सिंहले एक बक्तब्य प्रकाशितगरी गत भदौको जेनजी आन्दोलनसित सम्बन्धित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन एकपक्षीय भएको बताउनु भएको छ । उहाँले सो प्रतिवेदनले कुनै सकारात्मक अर्थ र महत्व नराख्ने पनि बताउनु भएको छ । मसालको हालै बसेको पीबीको बैठकले सो निर्णय गरेको बक्तब्यमा उल्लेख छ । शान्तिपूर्ण आन्दोलनलाई हिंसात्मकरुप दिन उक्साउने तत्वको भूमिकालाई पूरै उपेक्षागर्नु, भदौ २४ गतेको तोडफोड र आगलागीसित सम्बन्धित घटनाबारे कुनै पनि प्रकारको छानबिनलाई पूरै पन्छाउने पद्धति र क्षेत्राधिकारभन्दा बाहिरका विषयमा स्वेच्छाचारी प्रकारले प्रवेशगर्ने कार्यशैलीलेगर्दा आयोगको उक्त प्रतिवेदनको अर्थ र महत्व नरहेको मसालको धारणा छ । वक्तव्यमा जेनजी घटनासित सम्बन्धित जुन कार्की आयोग गठन गरियो, त्यसका लागि उनी योग्य व्यक्ति नभएको बताइएको छ । आयोगका अध्यक्ष कार्कीले जेनजी आन्दोलनको **बाँकी ८ पेजमा**

## उद्योगी र ब्यापारीहरुलाई चुनाव लाग्यो

काठमाडौं । उद्योगी र ब्यापारीहरुलाई चुनाव लागेको थाहा भएको छ । प्राप्त समाचारअनुसार नेपाल उद्योग वाणिज्य महासंघको ६० औं वार्षिक साधारणसभा तथा निर्वाचनले निजी क्षेत्रभित्रको राजनीतिक तथा संस्थागत सरगर्मी तीव्र बनेको हो । महासंघको कार्यकारिणी समितिको १५ औं बैठकले गरेको निर्णयअनुसार आगामी २९ गते साधारणसभा र ३० गते निर्वाचन कार्यक्रम तयगरिएको छ । महासंघकाअनुसार साधारणसभा ललितपुरको ग्वार्कोस्थित होटल रोयल टुलिपमा आयोजना हुनेछभने निर्वाचन कार्यक्रम काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न गरिनेछ । निजी क्षेत्रको नेतृत्व चयनलाई नीतिगत दिशानिर्देशन र आर्थिक एजेन्डा तयगर्ने महत्वपूर्ण मोडका रुपमा हेरिएको छ । मुलुक आर्थिक सुस्तता, लगानी संकुचन र नीतिगत अनिश्चितताबाट गुज्रिरहेको अवस्थामा महासंघको नयाँ नेतृत्वले कस्तो रणनीति अवलम्बन गर्छभन्ने प्रश्नगर्न थालिएको छ । सरकारसँगको सम्बन्ध, कर नीतिमा सुधार, उद्योगमैत्री वातावरण निर्माण, विदेशी लगानी आकर्षण तथा आर्थिक पुनरुत्थानका **बाँकी ८ पेजमा**

## ओलीको गिरफ्तारी बिरुद्ध देशब्यापि आन्दोलन

काठमाडौं । एमाले आजबाट सडक आन्दोलनमा उत्रिने भएको छ । एमालेको हिजो बसेको सचिवालयको आकस्मिक बैठकले पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीको पक्राउप्रति आपत्ति जनाउँदै तत्काल रिहाइको माग गरेको छ । बैठकको निर्णय सुनाउँदै पार्टीका महासचिव शंकर पोखरेलले अध्यक्ष ओलीलाई गैरकानूनी तरिकाबाट पक्राउ गरिएको



बताउनुभएको थियो । बैठकले उक्त कदम लोकतान्त्रिक मूल्य र कानूनी शासनको मर्मविपरीत रहेकोभन्दै कडा शब्दमा निन्दा, भर्त्सना र विरोध जनाउने निर्णय गरेको छ । बैठकले अध्यक्ष ओलीसँगै पूर्वगृहमन्त्री रमेश लेखकलाई गरिएको पक्राउलाई प्रतिशोधपूर्ण, पूर्वाग्रही र गैरकानूनी कदमको रुपमा व्याख्या पनि गरेको छ । एमालेले दुवै नेताको तत्काल रिहाइको माग गरेको छ । गत भदौ २३ र २४ गतेको घटनाको छानबिनका लागि गठन गरिएको गौरीबहादुर कार्की आयोगप्रति पनि एमालेले पुनः असहमति जनाएको छ । एमालेले उक्त आयोगको प्रतिवेदन पूर्वाग्रही, **बाँकी ८ पेजमा**

## वैदेशिक रोजगारीको बहानामा ठगी बढ्दो

काठमाडौं । वैदेशिक रोजगारीको बहानामा ठगी बढ्दै गएको देखिएको छ । यसैक्रममा प्राप्त समाचारहरु अनुसार आकर्षक तलबको प्रलोभनमा पारी आइसल्याण्ड पठाइदिन्छुभन्दै रकम ठगीगरेको अभियोगमा काठमाडौं महानगर पालिका-७ बस्ने इलामको इलाम नगरपालिका-१ घरभएका मनोज दाहाललाई प्रहरीले पक्राउ गरेको छ । मनोजले आइसल्याण्ड पठाइदिन्छुभनी एकजना पीडितबाट ३५ लाख ५० हजार रुपैयाँलिई सम्पर्कविहीन भएकोभन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-२६ बाट पक्राउ गरेको हो । त्यसैगरी काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-८

**समाचार विश्लेषण**

बस्ने काभ्रेपलाञ्चोकका कृष्णप्रसाद दंगाल र कागेश्वरी मनोहरा नगरपालिका-८ बस्ने चितवन घरभएकी सरिता गुनी ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ कसुर मुद्धामा पक्राउ परेका छन् । उक्त मुद्धामा जिल्ला अदालत धनुषाबाट पक्राउ अनुमति जारीभई फरार रहेका उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले कागेश्वरी मनोहरा नगरपालिका-८ बाट पक्राउ गरेको हो । त्यसैगरी आकर्षक तलबको प्रलोभनमा पारी क्रोएशिया पठाइदिन्छुभन्दै रकम ठगीगरेको अभियोगमा भक्तपुरको मध्यपुर थिमी नगरपालिका-७ बस्ने गुल्मीको गुल्मी दरबार-४ घरभएका रबिन्द्रजंग रायमाझीलाई प्रहरीले पक्राउगरेको छ । रबिन्द्रले क्रोएशिया पठाइदिन्छुभनी तीनजना पीडितहरुबाट ११ लाख ५० हजार रुपैयाँलिई सम्पर्कविहीन भएकोभन्ने पीडितहरुको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई भक्तपुर मध्यपुर थिमी नगरपालिका-४ बाट पक्राउ **बाँकी ८ पेजमा**

## एसइई परीक्षा भाँडिनसक्ने आशंका

काठमाडौं । आगामी १९ गतेदेखि हुने भनिएको एसइई परीक्षा भाँडिनसक्ने आशंका ब्यक्त हुनथालेको छ । राष्ट्रिय परीक्षा बोर्डले हालैमात्र आगामी १९ देखिदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) को परीक्षा तयारी पूराभएको ज[redacted] देशभरका सबै परी[redacted] एकैसमयमा शुरुहुने परीक्षाको तयारी पूराभएको बोर्डले जनाएको हो । परीक्षा आगामी २९ गते सम्पन्न हुने भनिएको छ । यसबर्ष एसइईमा पाँचलाख १२ हजार ४२१ बिद्यार्थीले परीक्षा दिने परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिनुभएको छ । यसपटक नियमिततर्फ चारलाख ४१ हजार ५६६ जनाले र ग्रेडवृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिनेभएका छन् । परीक्षा दिनेमा छात्राको संख्या बढी रहेको छ । यसबर्ष झन्डै दुईलाख ५७ हजार ६१३ जना छात्रा, दुईलाख ५४ हजार ८०७ छात्र र अन्य सातजना परीक्षामा सहभागी हुनेभएका छन् । त्यसैगरी जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिने बोर्डले जनाएको छ । यसबर्ष बागमती प्रदेशबाट सबैभन्दा बढी एकलाख नौहजार ५१३ बिद्यार्थी परीक्षामा सहभागी हुँदैछन् । त्यसैगरी कोशीबाट ८२ हजार ४८७ जना, मधेस प्रदेशबाट ९० हजार २४३ जना, गण्डकीबाट ४३ हजार ९७२ जना, लुम्बिनीबाट ९१ हजार ८०२, कर्णालीबाट ३९ हजार ७६९ र सुदूरपश्चिमबाट ५४ हजार ६३५ बिद्यार्थी सहभागी हुनेछन् । बोर्डले परीक्षाका लागि देशभर ए[redacted] परीक्षा केन्द्र निर्धारण [redacted] देशभरका ११ हजार ३[redacted] बिद्यार्थी परीक्षामा सहभा[redacted] नियन्त्रक अधिकारीले [redacted] दिनुभएको छ । आगामी १९ गते बिहान आठ बजेदेखि देशभर एकैसाथ परीक्षा सञ्चालन हुने भनिएको छ । पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन हुनेछभने चैत २० मा अनिवार्य नेपाली, २२ मा अनिवार्य गणित, २३ मा विज्ञान तथा प्रविधि, २४ मा सामाजिक अध्ययन, २५ मा ऐच्छिक प्रथम खण्डका सबै विषय र २६ मा ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ एवं **बाँकी ८ पेजमा**

## प्रधानमन्त्रि..

कमाण्डमा खटिएको टोली हिजो पाँचबजे नै गुण्डु पुगेका थियो। त्यसैगरी पूर्वगृहमन्त्री तथा नेपाली कांग्रेसका नेता रमेश लेखकलाई पनि प्रहरीले हिजो बिहानै निवासबाटै पक्राउ गरेको छ। भक्तपुरको सूर्यविनायक नगरपालिका-५ कटुञ्जेस्थित भाडाको घरमा बस्दैआउनुभएका लेखकलाई प्रहरीले पक्राउ गरेको हो। ओलीलाई पक्राउगर्न ठूलो संख्यामा प्रहरीहरु भक्तपुरस्थित उहाँको निवास गुण्डुमा पुगेका थिए। प्रतिवेदनले मुलुकी अपराध संहिता-०७४ को दफा १८१ र दफा १८२ अनुसार अनुसन्धानगर्न सिफारिस गरेको बताइन्छ। दफा १८१ मा लापरवाहीपूर्ण कामगरी ज्यान मार्न नहुने कसुर र दफा १८२ मा हेलचेर्क्याइँ गरी ज्यान मार्न नहुने कसुर भनिएको छ। लापरबाहीपूर्ण कामगरी ज्यान मार्न नहुने कसुरमा तीनदेखि १० बर्षसम्म कैद र ३० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ। त्यसैगरी हेल्चेक्र्याइँगरी ज्यान मार्न नहुने कसुरमा तीन बर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। जाँचबुझ आयोगले सोही सिफारिस तत्कालीन आइजिपी चन्द्रकुबेर खापुङका हकमा पनि गरेको थियो। तर मन्त्रिपरिषदको बैठकले सुरक्षाकर्मीका हकमा अध्ययन समिति गठनगरी त्यसले सिफारिस गरेबमोजिम हुनेभनेको छ। भदौ २३ गतेको घटनामा पक्राउपरेका भनिएका तत्कालीन प्रधानमन्त्री केपी ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकमाथि ज्यानसम्बन्धी कसुरमा अनुसन्धान हुने भएको भनिएको छ। ज्यानसम्बन्धी कसुरमा अनुसन्धानगर्न प्रहरीले अदालतबाट अनुमति लिएर २५ दिनसम्म हिरासतमा राख्न म्याद पाउने मुलुकी फौजदारी कार्यविधि संहिता-०७४ मा उल्लेख छ। त्यस अवधिमा अनुसन्धान प्रतिवेदन तयारगरी सरकारी वकिलको कार्यालयमार्फत् अदालतमा मुद्धा दर्ता गरिसक्नु पर्ने भनिएको छ। तर तत्कालीन प्रधानमन्त्रि ओली र गृहमन्त्रि लेखकले गोली चलाउन आदेश दिएका कुनैपनि लिखित र मौखिक प्रमाणहरु फेलापर्न सकेका छैनन्। उहाँहरु दुबै जनाले २३ र २३ को घटना रहस्यमय रहेकोभन्दै स्वतन्त्र र निष्पक्ष आयोगमार्फत छानविन गराउन मागगर्दै आउनुभएको छ। २४ गते घटना गराउनेहरुका बारेमा हालसम्म कुनै छानविन भएको छैन। प्रधानमन्त्रि बालेन्द्र शाह र गृहमन्त्रि सुदन गुरुङको सनकका कारण रास्वपाको सरकार शुरुबाटै संकटमा परेको चर्चा परिचर्चा हुनथालेको छ।

## प्रतिशोध..

उल्लेख नभएकाले ओलीलाई पक्राउगर्ने प्रक्रिया र विषय दुवै त्रुटीपूर्ण छ। त्यसैगरी कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले एमालेका अध्यक्ष केपी ओली र नेकांका नेता रमेश लेखकको गिरफ्तारीलाई प्रतिशोधपूर्ण राजनीतिक गतिविधिको संज्ञा दिनुभएको छ। एमालेका सचिवसमेत रहनुभएका मुख्यमन्त्री कार्कीले फेसबुकमा लेख्दै लोकतान्त्रिक व्यवस्थामा प्रतिशोधको कुनै स्थान नरहने बताउनुभएको छ। उहाँले यस्तो प्रवृत्तिले राजनीतिक अस्थिरता निम्त्याउने दाबि पनि गर्नुभएको छ। त्यसैगरी एमालेका नेता विष्णु रिमालले अध्यक्ष केपी ओलीलाई पक्राउ गरेर बर्तमान सरकार प्रतिशोधमा उत्रिएको बताउनु भएको छ। सामाजिक सञ्जालमा लेख्दै रिमालले पक्राउ पूर्जीनै गैरकानूनी भएको दाबी पनि गर्नुभएको छ। त्यसैगरी पूर्वमहान्यायाधिवक्ता अग्नि खरेलले बर्तमान सरकारको कदम पूर्णरुपमा गैरकानूनी र प्रतिशोधपूर्ण भएको बताउनुभएको छ। पार्टी मुख्यालय च्यासलमा हिजो पत्रकारहरुसँग कुरागर्दै खरेलले सरकारले चालेको कदम नेपालको कानून र अपराधशास्त्रसँग मेल नखानेभन्दै कडा आपत्ति जनाउनुभएको थियो। खरेलले कार्की आयोगको प्रतिवेदनलाई आधार बनाएर सरकारले टेक्नै नपर्ने ठाउँमा टेकेर कारवाही अगाडि बढाएको दाबी पनि गर्नुभएको छ। उहाँले पक्राउको शैली बिल्कुल गैरकानूनी, प्रतिशोधी र एकलकाँटे भएको बताउँदै त्यसलाई निन्दनीय कार्यको संज्ञा दिनुभएको थियो। अध्यक्ष ओली स्वयंले पनि आफ्नो गिरफ्तारी विरुद्ध कानूनी प्रतिरक्षागर्न आफू तयार रहेको र कानूनी लडाइँ लड्ने सन्देश दिइसक्नुभएको छ।

## एमाले..

लागि जोडदार माग गर्दछ। यस गैरकानूनी कार्यको सशक्त प्रतिकारगर्न देशैभरिका मातहत कमिटीहरुलाई अनुरोधसहित निर्देशन गरिन्छ भनिएको छ। जेन-जी घटनासम्बन्धी जाँचबुझ आयोगको सिफारिसका आधारमा प्रहरीले ओली र लेखकलाई हिजो शनिबार पक्राउ गरेपछि एमालेका जनबर्गिय र पेशागत संगठनहरु आनदोलिन भएका छन्।

## लेखकको..

गर्ने निर्णय गरेको थाहाभएको छ। केन्द्रीय सदस्य दिनेश सुनारले केन्द्रीय महाधिवेशन असोज १६ देखि १९ गतेसम्मगर्ने निर्णय भएको बताउनु भएको हो। वडा अधिवेशनहरुभने भदौदेखि नै शुरुगरिने छन्। गत साता मंगलबारको केन्द्रीय समिति बैठकमा भदौमा महाधिवेशन गर्नेगरी कार्यतालिका पेशगरिए पनि त्यसलाई संशोधन गरिएको बताइएको छ। नेकांको शेरबहादुर देउवा समूहले आगामी जेठमा नियमित महाधिवेशन गर्दैछ। बर्तमान सरकारको पछिल्लो कदमले नेपाली कांग्रेसका दुबै समूह एकताका लागि बाध्य बन्दैगएको सूत्रहरुले उल्लेख गरेका छन्। सो पार्टीका संस्थापन पक्षका सभापति शेरबहादुर देउवा हाल हङकङमा रहनुभएको छ।

## नेपाल..

उनीहरुले ठमेल घुम्न आउने स्वदेशी तथा विदेशी पर्यटकलाई सार्वजनिक स्थानमा पैसा बार्गेनिङगरी यौनधन्दा सञ्चालनगर्ने गरेको बताइनछ। काठमाडौं महानगरपालिका-२६ ठमेल फायरचोकस्थित सार्वजनिक सडकखण्डबाट प्रहरीले ती महिलालाई पक्राउ गरेको हो। पक्राउ परेका सबै महिला युगाण्डाका हुन्। प्रहरीले उनीहरुलाई सार्वजनिक गरेको छ। उनीहरुले विदेशी तथा स्वदेशी पर्यटक, सर्वसाधारण पुरुषलाई अनावश्यकरुपमा बाटो छेकी अश्लील क्रियाकलापसम्बन्धी मोलमोलाइगरी दुख हैरानी दिएको प्रहरीले जनाएको छ। पक्राउ परेकालाई अभद्र व्यवहारगर्न नहुने कसुरमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट १२ दिनको म्यादथप अनुमतिलिई प्रहरी वृत्त लैनचौरबाट अनुसन्धान भैरहेको बताइएको छ। नेपालमा २० भन्दा बढी देशका शरणार्थीहरु रहेको अनुमान छ।

## उज्यालो....

दाबी पनि गर्नुभएको थियो छ। उहाँले जित्न नसक्दा पनि हारेर पनि जितेको उज्यालो पार्टी हो। देश पनि जितेको छ। उज्यालो पार्टी पनि जितेको छ भन्नुभएको थियो। उहाँले कार्यक्रममा सातै प्रदेशमा आफ्नो पार्टीको भेला सम्पन्न भएपछि जिल्ला, पालिका र वडा तहसम्म संगठन विस्तारगर्ने योजना रहेको खुलाशा पनि गर्नुभएको थियो। पछिल्लो राजनीतिक घटनाक्रमले उज्यालो पार्टी पनि प्रभावित भएको बताइएको छ।

## कार्की..

समयमा व्यक्त गरेको सार्वजनिक अभिव्यक्तिलाई आधार बनाउँदै मसालले सो विचार व्यक्त गरेको भनिएको छ। पार्टीले कथित वा गैरजेनजीको हितमानै कार्की आयोगले एकपक्षीय प्रतिवेदन तयार पारेको बताएको छ। पार्टीले सो प्रतिवेदनबाट मुख्यत: अमेरिकी साम्राज्यवादलाई समेत सहयोग पुग्ने दाबीगरेको छ। त्यसैगरी नेपाल बार एशोसिएसनले गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग-०८२ को प्रतिवेदनप्रति असहमति जनाएको छ। आफ्नो क्षेत्राधिकार बाहिर गएर आपत्तिजनक तवरमा न्यायालयका विषय प्रतिवेदनमा उल्लेख गरेकोभन्दै बारले गतसाता सल्लाहकार समिति बैठकसमेत बोलाएको थियो। बारका महासचिवमा केदारप्रसाद कोईरालाले न्यायालय र कानून व्यवसायप्रति समाजमा नकारात्मक असर पुग्नेगरी प्रतिवेदन आएकाले आफूहरुको असहमति रहेको बताउनुभएको छ। न्याय सुलभ पार्न वकिलको शुल्क लगायत विकृति र विसंगति फाँड्ने तथा न्यायलाई वकिलको स्वर्ग हुनबाट बचाउनु पर्नेलगायतका विषय प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा भनिएको सर्वसाधारणको न्यायमा पहुँच नहुनु, नेपाली नागरिकले सुलभ तरिकाले न्याय पाउन सक्ने स्थिति छैन भनिन्छ। पहुँच र पैसा नहुनेका लागि न्याय धेरै टाढाको विषय भएको छ। पक्षकातर्फबाट वहस गर्नुपर्ने वकिल त यति खर्चिला छन्की साधारण निवेदन लेखिदिएकोमात्र पनि हजारौं असूल गर्दछन् भनिएको छ।ख्र हिजोको गिरफ्तारी घटनाले कानून व्यवसायीहरु पनि रुष्ठ भएका छन्।

## उद्योगी....

एजेन्डामा महासंघको भूमिका महत्वपूर्ण हुने भएकाले यो निर्वाचनलाई सामान्य संगठनात्मक प्रक्रिया भन्दा बढी रणनीतिक महत्वकारुपमा हेर्ने गरिन्छ। महासंघको विधान-०४९ ( सातौं संशोधनसहित) बमोजिम साधारणसभासँगै उपाध्यक्षहरु तथा कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन हुने व्यवस्था रहेकाले यसपटकको सभा औपचारिकतामात्र नभई नेतृत्व चयनको महत्वपूर्ण मञ्च हुने जानकारहरुको भनाई छ। निजी क्षेत्रको छाता संगठनको नेतृत्व चयन हुने भएकाले यसले आगामी आर्थिक नीति, लगानी वातावरण र सरकारसँगको समन्वयमा समेत दूरगामी प्रभाव पार्ने विश्लेषण गरिएको छ। महासंघद्वारा निर्धारित कार्यक्रम अनुसार आगामी २९ गते आइतबार बिहान साधारणसभाको उद्घाटन सत्र हुनेछ। उद्घाटनपछि सोही दिन महासंघको विधानअनुसार वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, नीतिगत छलफल तथा अन्य नियमित एजेन्डाहरु माथि छलफल गरिनेछ। त्यसको भोलिपल्ट अर्थात ३० गते सोमबार निर्वाचन कार्यक्रम सञ्चालन गरिनेछ। निर्वाचन समितिले निर्धारण गरेको समयतालिकाअनुसार उपाध्यक्ष पदसहित कार्यकारिणी समितिका सदस्यहरुको चयन प्रक्रिया अघिबढाइनेछ। महासंघभित्र मुख्यगरी दुई समूहबीच नेतृत्वका लागि प्रतिस्पर्धा हुने सम्भावना रहेकोले निर्वाचनलाई निकै चासोका साथ हेरिएको छ।

## ओलीको..

प्रतिसोधपूर्ण र अनुसन्धानका न्यायिक सिद्धान्तविपरीत रहेको ठहर गरिएको जनाएको छ। एमालेले सो घटनाको निष्पक्ष र न्यायिक छानबिनका लागि बहालवाला सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय छानबिन आयोग गठनगर्न माग गरेको छ। बैठकले वर्तमान परिस्थितिप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै कानूनी तथा राजनीतिक रुपमा सशक्त प्रतिवाद गर्ने निर्णय गरेको छ। घोषित कार्यक्रमअनुसार हिजो देशभरका जिल्ला सदरमुकामहरुमा जनसंगठन हरुको तर्फबाट विरोध प्रदर्शन गरिएको थियो। आज आइतकार पनि जिल्ला पार्टी कमिटीहरुको आयोजनामा व्यापक प्रदर्शनसहित प्रमुख जिल्ला अधिकारीको कार्यालयमा विरोधपत्र बुझाइने कार्यक्रम तयगरिएको छ। यसैबीच एमालेको कोशी प्रदेश कमिटीले पार्टी अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी ओलीको पक्राउप्रति कडा आपत्ति जनाउँदै तत्काल रिहाइको माग गरेको छ। कोशी प्रदेश कार्यालयद्वारा जारी प्रेस विज्ञप्तिमा हालै गठित सरकारलाई अराजनीतिकभन्दै कथित कार्की आयोगको प्रतिवेदन कार्यान्वयनको नाममा ओलीलाई पक्राउगर्नु प्रतिशोधपूर्ण कदम भएको आरोप लगाइएको छ। विज्ञप्तिमा यस्तो कार्यले मुलुकलाई द्वन्द र मुठभेडतर्फ धकेल्ने चेतावनीसमेत दिइएको छ। एमालेले जन निर्वाचित सरकार र संसद विघटनगर्दै गैरसंवैधानिक बाटोबाट बनेको बर्तमान सरकारले असंवैधानिक, पूर्वाग्रही र प्रतिशोधपूर्ण आयोग गठन गरेको दाबी गरेको छ। एकालेले आयोगको प्रतिवेदन कार्यान्वयनका नाममा पार्टी अध्यक्षसहित नेताहरुलाई पक्राउगर्नु लोकतान्त्रिक र कम्युनिष्ट आन्दोलनमाथिको नाङ्गो प्रहार भएको जनाएको छ। कोशी प्रदेश कमिटीका अध्यक्ष घनश्याम खतिवडाले हस्ताक्षर गरेको विज्ञप्तिमा पक्राउ परेका नेताहरुलाई तत्काल रिहागर्न, प्रतिशोधपूर्ण गतिविधि बन्दगर्न सरकारसँग माग गरिएको छ।

## एसइइ....

२९ गते प्राविधिक धारका बाँकी विषयको परीक्षा सञ्चालन हुने परीक्षा नियन्त्रक अधिकारीले बताउनुभएको छ। यसैबीच एकातिर बोर्डले यसबर्ष एसइइ परीक्षाको सामूहिक अनुगमनमा रोकलगाएको छभने अर्कातिर देशब्यापि आन्दोलन भड्किएकाले परीक्षाको सुरक्षामा प्रश्न उठेको छ। परीक्षा केन्द्र अनुगमनका नाममा बिभिन्न संघसंगठनका प्रतिनिधि हलमा प्रवेशगर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको व्यापक गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको बताइन्छ। अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिका आधिकारिक प्रतिनिधिबाट परीक्षा केन्द्रको बाहिरमात्र अनुगमनगर्ने बोर्डले निर्णय गरिएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभएको छ। त्यसैगरी पत्रकारले परीक्षा केन्द्रको बाहिरी दृश्यमात्र छायांकनगर्न वा तस्बिर लिन मिल्ने जानकारीदिँदै उहाँले परीक्षा हलमा केन्द्राध्यक्ष तथा त्यसदिन खटिएका प्रतिनिधिलेमात्र अनुगमनगर्न सक्ने व्यवस्था गरिएको बताउनुभएको छ। एमालेको बिद्यार्थी संगठन अनेरास्वबियु आनदोलनमा रहेकाले पनि उक्त परीक्षाका लागि असहज भएको छ।

## वैदेशिक....

गरेको हो। त्यसैगरी नक्कली सुनदिई रकम ठगीगर्ने कार्यमा संलग्न रहेको अभियोगमा सिन्धुलीको हरिहरपुरगढी-७ घरभएका धनबीर वाईबालाई प्रहरीले पक्राउ गरेको छ। सुनको बिष्कुट आकारको सुनजस्तो देखिने धातु देखाई रकमको एकदमै आवश्यक परेकोभनि ललाई फकाई उक्त धातुदिई १४ लाख रुपैयाँ ठगी गरेकोभन्ने उजुरीको आधारमा जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई काठमाडौं टोखा नगरपालिका-९ शिवमन्दिरस्थित एक होटलबाट पक्राउ गरेको हो। प्रहरीले उनको साथबाट बिष्कुट आकारको सुनजस्तो देखिने धातु, मोबाइल तीनथान, सुनको मुन्द्रा एकथान लगायतका सरसामान बरामद गरेको छ। त्यसैगरी काठमाडौंको टोखा नगरपालिका-३ बस्ने कास्कीको रुपा-५ घरभएका बिकल पौडेल, काठमाडौंको तारकेश्वर नगरपालिका-१६ बस्ने रुकुम पूर्व पुथा उत्तरगंगा-१२ घरभएका धनिराम बुढा, काठमाडौंको टोखा नगरपालिका-१० बस्ने गुल्मी कालीगण्डकी-६ घर भएका काशिराम दर्जी र काठमाडौंको टोखा नगरपालिका-८ बस्ने नुवाकोटको शिवपुरी-५ घरभएका सरस्वती भण्डारी पनि वैदेशिक रोजगारीको बहानामा ठगी गरेको आरोपमा पक्राउ परेका छन्। पक्राउ परेकामध्ये बिकलले क्यानडा पठाइदिन्छुभन्दै एकजना पीडितबाट १० लाख रुपैयाँ, धनिरामले अमेरिका पठाइदिन्छुभन्दै एकजना पीडितबाट १८ लाख रुपैयाँ, काशिरामले क्रोएशिया पठाइदिन्छुभन्दै तीनजना पीडितहरुबाट तीनलाख २० हजार रुपैयाँ र सरस्वतीले रोमानिया पठाइदिन्छुभन्दै एकजना पीडितबाट एकलाख ४६ हजार रुपैयाँलिई सम्पर्कविहीन भएकोभन्ने पीडितहरुको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले बिकललाई काठमाडौं महानगरपलिका-२८ बाट र धनिरामलाई काठमाडौं महानगरपालिका-६ बाट तथा काशिरामलाई काठमाडौं टोखा नगरपालिका-१० बाट र सरस्वतीलाई काठमाडौं महानगरपालिका-३ बाट पक्राउगरेको हो। त्यसैगरी वैदेशिक रोजगार सम्बन्धी कसुर मुद्धाका फरार गोकर्णेश्वर नगरपालिका-४ माकलबारीबस्ने सिन्धुलीको सुनकोशी-७ घर भएका शिवराज कार्कीलाई प्रहरीले पक्राउगरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त मुद्धामा फरार रहेका उनलाई काठमाडौं महानगरपालिका-१५ स्वयम्भूबाट पक्राउगरेको हो। त्यसैगरी स्थायी घर गुल्मी कालिगण्डकी - ६ भइ हाल काठमाडौं टोखा नगरपालिका - १० बस्ने काशिराज दर्जी र स्थायी घर नुवाकोट शिवपुरी - ५ घरभइ हाल काठमाडौंको टोखाबस्ने सरस्वती भण्डारी पक्राउ परेकी छन्। पौडेलले क्यानडा लैजानेभन्दै १० लाख रुपियाँ, बुढाले अमेरिका लैजाने भन्दै १८ लाख रुपियाँ, दर्जीले क्रोएशिया लैजानेभन्दै तीनलाख २० हजार रुपियाँ र भण्डारीले रोमानिया लैजानेभन्दै एकलाख ४६ हजार रुपियाँ ठगी गरेको प्रहरीले जनाएको छ।

# चीनद्वारा द्विपक्षीय सहकार्य सुदृढगर्ने प्रतिबद्धता

काठमाडौं। चीनका प्रधानमन्त्री ली छ्याङले नेपालको प्रधानमन्त्रीमा श्री बालेन्द्र शाह नियुक्त हुनुभएकामा हार्दिक बधाई ज्ञापनगर्दै द्विपक्षीय सहकार्य र साझेदारीलाई सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। प्रधानमन्त्री शाहलाई एक बधाई सन्देश पठाउँदै चिनियाँ प्रधानमन्त्रीले यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो। चीन र नेपाल पहाड र नदीले जोडिएका परम्परागत छिमेकी राष्ट्र भएका उल्लेखगर्दै प्रधानमन्त्री लीले सन्देशमा कूटनीतिक सम्बन्ध स्थापना भएको ७१ वर्षमा शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तमा आधारित द्विपक्षीय सम्बन्ध विकास हुँदैआएको बताउनुभएको छ। काठमाडौंस्थित चिनियाँ राजदूतावासका अनुसार प्रधानमन्त्री लीले नेपाल सरकारको सुशासन प्रयासमा चीनको समर्थन रहने जनाउँदै नेपालको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताप्रति निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। सन्देशमा प्रधानमन्त्री लीले प्रधानमन्त्री शाहसँग मिलेर बेल्ट एण्ड रोड इनिसिएटभ्सलाई अघिबढाउने तथा विभिन्न क्षेत्रमा उच्चस्तरीय सहकार्य विस्तारगर्ने बताउनुभएको छ। प्रधानमन्त्री लीले विकास र समृद्धिका लागि चीन-नेपाल मैत्रीपूर्ण रणनीतिक सहकार्य साझेदारीलाई अझ सुदृढ बनाउने प्रतिबद्धता दोहोऱ्याउनुभएको छ। त्यसैगरी चीनका परराष्ट्रमन्त्री वाङ यीले नेपालका नवनियुक्त परराष्ट्रमन्त्री शिशिर खनाललाई कार्यभार सम्हाल्नुभएकामा हार्दिक बधाई ज्ञापन गर्नुभएको छ। मन्त्री खनाललाई बधाई सन्देश पठाउँदै चिनियाँ परराष्ट्रमन्त्रीले नेपाल र चीन परम्परागत मैत्रीपूर्ण छिमेकी राष्ट्र भएको उल्लेखगर्दै सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता दुवैदेश सुखदु:खमा सँगसँगै उभिँदै आएको बताउनुभएको छ। परराष्ट्रमन्त्री वाङले द्विपक्षीय सम्बन्ध शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तका आधारमा निरन्तर विकास हुँदैआएको पनि उल्लेख गर्नुभएको छ। चिनियाँ परराष्ट्रमन्त्रीले दुवै पक्षबीच भएका महत्वपूर्ण सहमतिहरु कार्यान्वयनगर्न तथा विकास र समृद्धिका लागि दीर्घकालीन मैत्रीमा आधारित चीन-नेपाल रणनीतिक सहकार्य साझेदारीलाई थपउचाइमा पुऱ्याउन मन्त्री खनालसँग सहकार्यगर्न चीन तयार रहेको सन्देशमा उल्लेख गर्नुभएको छ।


स्वास्थ्य अमूल्य सम्पति हो, यसको रक्षा गरौं ।

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा बिशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमित रुपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौ र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधको सेवनबाट टाडा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

**स्वस्थ नागरिक, समुन्नत राष्ट्र ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# औपचारिक रुपमा काम नथाल्दैबाट प्रतिशोधको राजनीति थालिएपछि

**नेपालमा मुख्यत राजनीतिक क्षेत्रमा अनौठा घटना र परिघटनाहरु हुनेक्रम जारी छ। गत शुक्रबारमात्र गठन भएको रास्वपाको सरकारले प्रतिपक्षी दलका नेता तथा कार्यकर्ताका बिरुद्ध प्रतिशोधको राजनीति थालेको छ । हिजो एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्रि केपी ओली र नेपाली कांग्रेसको संस्थापन पक्षका नेता तथा पूर्व गृहमन्त्रि रमेश लेखकलाई जुन ढंगले गिरफ्तार गरियो, त्यसले बर्तमान सरकार गठनको अशली नियत स्पष्ट भएको छ । गत भदौ २३ र २४ मा भएको बिध्वशकाबारेमा हालसम्म रहस्य खुलेको छैनभने सोही बिध्वंशलाई कारण जनाएर चालु अवस्थामा रहेको संसद बिघटन गराएर गत फागुन २१ गते गराईएको निर्वाचनबाट आएका सदस्यहरुले सरकार गठन गरेका छन्। अझै संसद गठन हुन सकेको छैन । त्यतिबेला जेनजी आन्दोलनको जगमा गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले गतसाता आफ्नो छमहिने कार्यकाल पूरा गरेर बिदा लिएको छ। नयाँ सरकारलाई कार्यभार सुम्पिएर प्रधानमन्त्री सुशीला कार्की गत शुक्रबारनै आफ्नो जिम्मेवारीबाट मुक्त हुनुभएको थियो । सुशीला कार्की नेतृत्वको सरकार अवैधानिक ढंगले गठन भएको थियो । त्यतिबेला मनोनित प्रधानमन्त्रिको एकल सिफारिसमा चलिरहेको निर्वाचित संसद भंग गराउने लगायतका गतिबिधिहरु पनि भएका थिए। तर भदौ २७ को कदमको वैधानिकता र औचित्यताकाबारेमा खासै टुंगो नलाग्दै सुशीला कार्कीले तोकिएकै समयमा सहज ढंगले निर्वाचन गराउन सफलता पाउनु आफैमा उदाहारणिय बिषय भएको छ। तर तत्कालीन सरकारले गत भदौ २३ र २४ का घटनाकाबारेमा जाँचबुझका लागि गठित आयोग बनाएर प्रतिवेदन प्राप्त गरेपनि त्यसलाई औपचारिक रुपले सार्वजनिक समेतगर्न सकेन। तर त्यसअनुसार भन्दै बिपक्षीमाथि डण्डा चलाउन थालेको छ । जसलेगर्दा भदौ २३ को बिध्वंश अब सधैका लागि बिवादको बिषय बन्ने भएको छभने नयाँ गठन भएको सरकारका लागि पनि उक्त घटना शिरमाथिको तरबार भनेजस्तो भएको छ। किनकी त्यतिबेला पनि हालको जस्तै झण्डै दुई तिहाइको सरकार थियो । त्यसलाई परिवर्तन गराउनका लागि जसरी बिध्वंश गरिएको थियो, त्यस्तै घटना फेरी पनि नहोला भन्नसकिने अवस्था छैन। खासमा भदौ २३ र २४ मा भएको घटना आतंकवादी गतिबिधि हो। जसको सही समाधान नगरी नेपालमा अबका कुनैपनि सरकार अगाडि बढ्न सक्ने अवस्था छैन। त्यतिबेला जो जसले देशभरका सरकारी र कतिपय निजी सम्पतिमा आगजनी र तोडफोड गरे तिन्लाई उन्मुक्ति दिनका लागि शुरुदेखिनै बिभिन्न प्रपञ्च गरिएको थियोभने नयाँ सरकारले पनि त्यसैलाई संरक्षणगर्ने स्पष्ट संकेतहरु देखिएका छन्। त्यतिबेला देशको कानूनी राज्यको मान्यता र राष्ट्रिय सम्पति जोगाउन प्रयास गर्नेहरुलाई दोषि करार गरेर दण्डित गर्ने/गराउने जुन प्रयासहरु थालिएका छन्, त्यसले देशका लागि राम्रो संकेत गरेको छैन ।**

**यस्तै होभने कुनैबेला सतीले सरापेको भनिएको नेपालमा साधुलाई सुली र चोरलाई चौतारोको ब्यवस्था नहोला भन्न सकिने अवस्था छैन। यसरी नयाँ सरकार केही देशभक्त पक्षहरुमाथि पूर्वाग्रहपूर्ण ढंगले प्रस्तुत हुनु दुर्भाग्यको कुरा भएको छ । त्यसैगरी गत भदौमा बिध्वंश भएर सरकार परिवर्तनहुँदा स्वागतगर्ने भारतलगायतका कतिपय मुलुकहरुले नयाँ सरकार गठन हुँदैगर्दा पनि मुख मिठ्याएको देखिएको छ। गत भदौ २७ देखि गत शुक्रबारसम्म जेजस्ता विदेशी चलखेलहरु भए, भैरहेका पनि छन्, त्यसले नेपालको भबिश्य राम्रो हुने संकेत गरेका छैनन्। पछिल्ला समयमा केही समूहहरुले नेपाललाई कानूनी राज्यबाट च्युत गराउन गरेको प्रयास, राष्ट्रको भैरहेको सम्पतिमाथि गरिएको आगजनी र त्यसैको आडमा फेरी देशमा शासन सञ्चालन गर्न/गराउन गरिएको प्रयासले आम देशभक्त नेपालीहरुलाई चिन्तित बनाएको अवस्था छ। जेनजी आन्दोलनको आबरणमा बिध्वंश मच्चाउनेहरुलाई कारवाहीको दायरामा ल्याएर त्यस्ता गतिबिधि फेरी हुननसक्ने अवस्थाको सिर्जना गराउनु आजको आवश्यकता हो। तर पछिल्लो सरकार जुन ढंगले गठन भैरहेको छ, त्यसले खासै राम्रो संकेत गरेको छैन। त्यसैले आम देशभक्त नेपालीहरु थप सजग र सतर्क हुनुपर्ने अवस्था छ।**

# नेपालका कम्युनिष्ट पार्टीहरुमा शुरु भएको एकताको छलफल

**देश/परिवेश** **डा. केशव देवकोटा**

नेपालमा फेरी एक पटक कम्युनिष्ट पार्टीहरु संगठित हुने प्रयासमा लागेका छन्। खासगरी गत फागुन २१ गतेको निर्वाचनमा भाग लिएका कम्युनिष्ट पार्टीहरुले सर्मनाक हार ब्यहार्नु परेपछि एकातिर सो हारकाबारेमा समीक्षा भैरहेको छभने अर्कातिर संयुक्त बाममोर्चाको आवश्यकता र संभावनाहरुकाबारेमा पनि बहस थालिएका छन्। हिजो शनिबार मात्र काठमाडौंको नेपाल ल क्याम्पसमा संयुक्त बाम मोर्चा बनाउनेबारे बिचार गोष्ठिको आयोजना गरिएको थियो। सो बिचार गोष्ठिमा बिभिन्न कम्युनिष्ट पार्टीका नेताहरुले आआफ्नो धारणा ब्यक्त गर्नुभएको थियो। सबैको मत नेपालमा कम्युनिष्ट पार्टीहरुको संयुक्त मञ्चको आवश्यकता रहेकोभन्ने कुरामा केन्द्रित रहेको थियो। ०४६ सालमा संयुक्त बाम मोर्चा बनेर त्यतिबेलाको आन्दोलन सफल भएको थियो। तर सो मोर्चाले दीर्घकालीन स्वरुप धारणगर्न सकेन।

सो मोर्चा केवल आन्दोलनका लागि बनाइएका कारण आन्दोलन सकिएपछि मोर्चा अगाडि बढ्न नसक्नु आफैमा स्वाभाबिक पनि थियो। त्यसपछि पनि बाम मोर्चा बनाउने अनेक प्रयासहरु नभएका होइनन्। तर कुनैपनि प्रयासहरु सफल हुन सकिरहेका छैनन्। हालसम्म पनि क्रान्तिकारी मोर्चालगायतका बिभिन्न कम्युनिष्ट पार्टीहरुका आआफ्ना किसिमका मोर्चाहरु बन्ने र छोटो समयमा बिघटन हुनेक्रम जारी छ। ०८० को असारबाट क्रियाशील रहेको समाजवादी मोर्चा पनि केही समयमै छिन्न भिन्न भएको थियो। सो मोर्चा तत्कालीन माओवादी केन्द्र र हालको नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालको बिशेष चाहनामा बनेको र उहाँकै कारणले बिघटनमा पुगेको देखिएको थियो। ०४६ सालको राजनीतिक परिवर्तनपछि संयुक्त जनमोर्चा केही समय चलेको थियो। जसमा पूर्व चौथो महाधिवेशन समूह बिभाजन भएर बनेका बिभिन्न घटकहरु सहभागी थिए। पछि त्यसलाई तत्कालीन नेकपा(माओवादी) ले एकलौटी बनाउने प्रयास गरेका कारण बीचैमा बिघटन हुनपुग्यो हाल सो मोर्चाका अध्यक्ष र तत्कालीन अवस्थाका रचनाकार डा. बाबुराम भट्टराईले कम्युनिष्ट पार्टी र राजनीति दुबै छाडिसकेको अवस्था छ। नेकपा मसालले गठन गरेको एकल पार्टी मोर्चा ( राष्ट्रिय जनमोर्चा ) हालसम्म सञ्चालनमा रहेको छ। तर त्यो मसालको चुनावी मोर्चा भएका कारण अन्य समूहहरु गोलबन्द हुने कुरानै भएन। गत फागुन २१ मा भएको निर्वाचनमा राजमो सुन्य अवस्थामा पुगेकाले त्यो पनि अगाडि बढ्ने खासै संभावना देखिएको छैन। सिपि गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टीले शुरुमा देशभक्त गणतान्त्रिक मोर्चा गठन गरेको थियो। तर सो मोर्चा पनि बीचैमा बिघटन हुनपुग्यो। हाल क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल र लोकनारायण सुवेदी नेतृत्वको नेकपालगायतका पार्टीहरुले क्रान्तिकारी मोर्चा गठन गरेका छन्। तर एकातिर सो मोर्चा उद्देश्य अनुरुप अगाडि बढ्न सकिरहेको छैनभने अर्कातिर सो मोर्चामा रहेका पार्टीहरु अन्य बाम मोर्चाहरुमासमेत रहेकाले बिभिन्न बिवाद र भ्रमहरुको सिर्जना भएका छन्। त्यसैगरी नेकपा मसालले नेपाली कम्युनिष्ट पार्टीलगायतका समूहसँग मिलेर अर्को मोर्चा पनि गठन गरेको थियो। जुन फागुन २१ को निर्वाचनपछि प्रशंग बाहिर रहेको अवस्था छ।

अब फेरी बृहत् बाममोर्चाको आवश्यकताका बारेमा बहसहरु चल्नथालेका छन्। गतसाता झापाका एमालेलगायतका बिभिन्न कम्युनिष्ट पार्टीका जिल्लास्तरका नेताहरुले संयुक्त बक्तब्यनै प्रकाशित गरेर बाममोर्चा गठनका लागि आह्वान गर्नुभएको देखिएको थियो। भनिन्छ अन्य जिल्लाहरुमा पनि बाममोर्चा बनाउने प्रयासहरु भैरहेका छन्। नेपालको वर्तमान राजनीतिक अवस्थालाई हेर्दा बृहत बाम एकताको बहस फेरि पनि प्राशंगिक बनेको देखिन्छ। विशेषगरी विभाजित कम्युनिष्ट शक्तिहरुका बीचमा सहकार्य वा एकताको आवश्यकताभन्ने विषय बारम्बार उठ्ने गरेको छ। पहिलो कुरा, नेपालको बाम आन्दोलन ऐतिहासिकरुपमा बलियो भए पनि अहिले बिभिन्न समूह र गुटमा विभाजित छ। संसदीय राजनीतिमा रहेका एमाले र नेपाली कम्युनिष्ट पार्टीलगायतका समूहहरुबीचको प्रतिस्पर्धा र असहमतिले बाम राजनीति कमजोर भएको देखिएको छ। जसले सरकार गठनदेखि नीति निर्माणसम्म अस्थिरता ल्याउने काम गरेको छ। त्यसैगरी संसदीय राजनीति नमान्ने क्रान्तिकारी कम्युनिष्ट पार्टी र संसदीय राजनीति मान्ने कम्युनिष्ट पार्टीहरुका बीचमा पनि अलग्गै द्वन्द रहेको पाइन्छ। नेकपा( मसाल) र नेमकिपाजस्ता पार्टीहरुको भनाई फेरी अलग्गै देखिएको छ। जसलेगर्दा बृहत् बाम एकता नेपालका लागि आकर्षक नारा भएपनि समस्यासमेत रहँदैआएको छ। दोश्रो, विगतमा भएको नेपालका कम्युनिष्ट पार्टीहरुको एकीकरण केही समयका लागि स्थायित्वको आशा जगाएको थियो। तर आन्तरिक विवाद र नेतृत्वको संघर्षका कारण त्यो एकता दीर्घकालीन हुनसकेन।

उपरोक्त अनुभवले देखाउँछकि केवल संगठनात्मक एकतामात्र पर्याप्त हुँदैन। बैचारिक स्पष्टता, नेतृत्वमा सहमति र आन्तरिक लोकतन्त्र पनि उत्तिकै आवश्यक हुन्छ। तेश्रो, आजको आवश्यकता के होभने बाम शक्तिहरुले न्यूनतम साझा कार्यक्रममा सहमतिगर्न सक्नुपर्दछ। बिभिन्न पार्टीहरुकाबीचमा पूर्ण एकता सम्भव नभए पनि नीतिगत सहकार्य, चुनावी तालमेल, र राष्ट्रिय मुद्धाहरुमा साझा धारणा बनाउनु बढी व्यावहारिक देखिन्छ। यसले राजनीतिक स्थायित्व, आर्थिक विकास, र सामाजिक न्यायका एजेण्डा अघिबढाउन मद्धतगर्न सक्छ। तर बृहत बामएकता आफैंमा सबै समस्याको समाधानभने होइन। यदि फेरी पनि पुरानै शक्ति संघर्ष, व्यक्तिवाद, र अवसरवादी राजनीति दोहोरिन्छभने एकता फेरी पनि टिकाउ हुँदैन। एकता साधन हो, अन्तिम लक्ष्य होइन। मुख्य लक्ष्य भनेको देशको समृद्धि र जनताको जीवनस्तर सुधार हुनु हो। त्यसैलाई आधार बनाएर बाम पार्टीहरुका बीचमा बृहत् बाम मोर्चा बनाउने प्रयास हुनु आवश्यक रहेको छ। नेपालमा बाम एकता (कम्युनिष्ट शक्तिहरुको एकीकरण) दीर्घकालीनरुपमा टिक्न नसक्नुका पछाडि केही संरचनात्मक, बैचारिक र नेतृत्वसम्बन्धी कारणहरु पनि रहेका छन्। जसलाई बुझ्नका लागि छलफल चलाउन सक्नुपर्ने देखिएको छ। जस्तो सबै कम्युनिष्ट पार्टीहरुले आफूहरुकाबीचमा बैचारिक बिभिन्नता रहेको कुरालाई स्वीकार गर्नेगरेका छन्। तर त्यसलाई छलफलका माध्यमबाट समाधान गर्ने/गराउने प्रयास गरिरहेका छैनन्। नेपालका बाम दलहरुका बीचमा कम्युनिज्मको व्याख्यानै फरक, फरक रहेको देखिन्छ। नेकपाको स्थापना ००६ सालमा भएको सबैले माने पनि निश्चित मितिकाबारेमा बिवादहरु रहेका छन्। त्यसैले बर्षमा दुई पटक अलग, अलग मितिका कम्युनिष्ट पार्टीको स्थापना दिवस मनाउने गरिएको छ। जसले देख्नेहरुका लागि आश्चर्यको बिषय हुने गरेको छ। केही पार्टीहरु संसदीय लोकतन्त्रलाई स्वीकारगर्दै क्रमिक सुधारमा विश्वास गर्छन्भने केही अझै पनि क्रान्तिकारी वा उग्रवाम धारमा जोड दिइरहेका छन्। जसले साझा नीति र रणनीति बनाउन कठीन भएको छ। त्यसैगरी नेतृत्वबीचको प्रतिस्पर्धा पनि अस्वस्थ रहने गरेको छ। जसले मुख्य नेताहरुकाबीचमा शक्ति सन्तुलन मिलाउन ब्यवधान सिर्जना गरेको छ। जस्तो एमालेका अध्यक्ष केपी ओली र नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालबीचको सम्बन्ध समय,समयमा सहकार्य र द्वन्द दुवै रहने गरेको छ। व्यक्तिगत महत्वाक्यांक्षा र नेतृत्वको टकरावले जहिले पनि एकता भत्किने प्रमुख कारण बन्नेगरेको छ। त्यसैगरी नेपालका कम्युनिष्ट **बाँकी ७ पेजमा**

# नेपालको नयाँ सरकारप्रति चीन, भारत र अमेरिकाको चासो

काठमाडौं। नेपालको आन्तरिक राजनीतिमा आवश्यकता भन्दा बढी चासो राख्दै आएका चीन, भारत र अमेरिकाले यहाँका पछिल्ला राजनीतिक घटनाक्रमहरुलाई बिशेष चासोका साथ हेरको देखिएको छ। यसैक्रममा दक्षिण तथा मध्य एशियाली मामिलासम्बन्धी अमेरिकी विशेष दूत सर्जिओ गोर र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेबीच गतसता नेपालमा नयाँ सरकार गठन हुनैलाग्दा टेलिफोन वार्ता भएको थियो।

गोरले टेलिफोन वार्ताका क्रममा गत फागुन २१ गते सम्पन्न निर्वाचनमा प्राप्त सफलताका लागि लामिछानेलाई बधाई दिएको काठमाडौंस्थित अमेरिकी दूतावासले जनाएको थियो। विशेष दूत गोरले गत १० गते सभापति लामिछानेसँग संवादगर्दै रास्वपाले चुनावी परिणाममार्फत हाशिल गरेको जितप्रति शुभकामना व्यक्त गनुभएको हो। टेलिफोन वार्ताका क्रममा विशेष दूत गोरले नेपाल र अमेरिकाबीचको कुटनीतिक सम्बन्ध र भावी सहकार्यका विषयमा समेत चर्चा गरेको दूतावासले जनाएको छ। उहाँले अमेरिका नेपालको नयाँ सरकारसँग सहकार्यगर्न पूर्णरुपमा उत्सुक रहेको बताउँदै दुई देशबीचको आर्थिक साझेदारीलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको बताइएको छ। नेपाल र अमेरिका बीच दशकौंदेखि कायम रहेको मित्रतालाई अझ गहिरो र मजबुत बनाउन अमेरिका सकारात्मक रहेको सन्देश पनि विशेष दूतले दिएको थाहाभएको छ। त्यसैगरी छिमेकी चीनले पनि नेपालको आर्थिक रुपान्तरण र विकासको यात्रामा नयाँ सरकारसँग सहकार्यगर्ने प्रतिबद्धता व्यक्त गरेको भनिएको छ। आगामी पाँचबर्षका निम्ति गठन हुने स्थिर सरकारले दशकौंदेखिको नेपालीको समृद्धि र सुशासनको चाहना पूरागर्ने विश्वास पनि बेइजिङले व्यक्त गरेको पाइन्छ। चीनले पर्यटन, लगानी र पूर्वाधारमा साझेदारी एवं सहकार्य बढाएर नेपालीको विकासको आकाङ्क्षा साकार पार्नसकिने जनाएको छ। गतसाता मंगलबार आफ्नो कार्यालयमा मूलधारका प्रमुख सञ्चारमाध्यमका पत्रकारहरुलाई जनवादी गणतन्त्र चीनको १४ औं राष्ट्रिय जनकंग्रेसको चौथो अधिवेशनबारे जानकारीदिँदै नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले चीन नेपालसँगको सम्बन्ध थप सुदृढ बनाउन नेपालको नयाँ सरकारसँग सहकार्यगर्न प्रतिबद्ध रहेको बताउनुभएको थियो।


वर्षौंदेखि नेपालको सहयोगी बन्दैआएको चीनले नेपाली जनताको चाहनाअनुरुप सधैं सहयोगगर्ने, नेपालको सामाजिक-आर्थिक विकासलाई केन्द्रमा राखेर विगतदेखि गर्दैआएको सहयोगलाई निरन्तरता दिने तथा राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका बेला भएका सहमतिहरुको कार्यान्वयनमा उहाँले जोड दिनुभएको थियो। उहाँले नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको संरक्षणमा चीन सधैं साथमा रहने प्रतिबद्धता पनि दोहोऱ्याउनु भएको थियो। नेपालको आर्थिक-सामजिक उन्नयनमा जलश्रोत र पर्यटन क्षेत्रमा पर्याप्त सम्भावना रहेको उल्लेखगर्दै राजदूत चाङले पर्यटनसँग सम्बन्धित भौतिक पूर्वाधार सुधारगर्न सके अधिकभन्दा अधिक चिनियाँ पर्यटक नेपाल भित्र्याउन सकिने बताउनु भएको थियो। चिनियाँ लगानीकर्ताले नेपालमा होटल तथा रेष्टुराँ क्षेत्रमा लगानीगर्न रुचि देखाए पनि लगानीको सुरक्षा, नीतिगत स्पष्टता तथा प्रशासनिक सहयोगको अभावका कारण केही कठीनाइ भएको उहाँको भनाई थियो। उहाँले हाम्रा लगानीकर्ताले प्रशासनिक झन्झटका कारण नेपालमा कामगर्न असहज भएको बताउँदै नेपालमा अब बन्ने सरकारले यस्ता समस्या हलगर्नेमा आफू आश्वस्त रहेको दाबि समेत गर्नुभएको थियो।

चिनियाँ राजदूतले पर्यटनलाई आर्थिक विकासको वाहककारुपमा उच्च प्राथमिकतामा राखेर दुवै देशले सहकार्यगर्न सके छोटो समयमै नेपालको आर्थिक विकास सम्भव हुने धारणा पनि व्यक्त गनुभएको थियो। उहाँले चिया प्रशोधन, प्याकेजिङ र ब्रान्डिङलाई नेपालको आर्थिक उन्नतिको अर्को सम्भावित क्षेत्रका रुपमा औंल्याउँदै त्यस क्षेत्रमा पनि चिनियाँ सहयोग आकर्षितगर्न सकिने बताउनु भएको थियो। उहाँले चीनले हाशिल गरेको प्राविधिक प्रगतिको लाभ नेपालले पनि लिनसक्ने उल्लेखगर्दै हरित विकासलाई प्राथमिकतामा राखेर त्यससँग सम्बन्धित व्यवसाय प्रवर्द्धनगर्न सकिने बताउनुभउको थियो। उहाँले चिनियाँ कूटनीतिज्ञले व्यापार र लगानीसँग सम्बन्धित नीतिगत व्यवस्था एकीकृतरुपमा एउटै स्थानबाट उपलब्ध गराउन सके चिनियाँ लगानीकर्ताको आकर्षण बढ्ने तर्क पनि गर्नुभएको थियो। उहाँले हजारौं वर्ष पुरानो नेपाल-चीन सम्बन्ध अझ सुदृढ बनाउन आफू लागिपर्ने प्रतिबद्धता व्यक्तगर्दै उनले विकास र समृद्धिका साझा एजेन्डामा नेपालको नयाँ सरकारसँग निकट सम्पर्कमा रहेर कामगर्न चीन तयार रहेको दाबि गर्नुभएको थियो। उहाँले स्थिर सरकारले आगामी पाँच वर्षमा नेपाललाई विकासको मार्गमा अघि बढाउने विश्वास व्यक्त गर्दै अल्पविकसित राष्ट्रहरुको समूहबाट बाहिरिने नेपालको लक्ष्य प्राप्तिमा चीनले हरसम्भव सहयोगगर्ने प्रतिबद्धता पनि जनाउनुभएको थियो। उहाँले नेपालका दुईवटा मात्र छिमेकी भएकाले सन्तुलित परराष्ट्र नीति कार्यान्वयनगर्न नयाँ सरकारलाई कठीन नहुने टिप्पणी गनुभएको थियो। राजदूत चाङले जनचाहना अनुसार नीति तथा कार्यक्रम निर्माणगर्दै नयाँ सरकारले नेपाली जनताको जीवनस्तर सुधारगर्ने तथा विकासका चाहना पूरागर्ने विश्वास पनि ब्यक्त गर्नुभएको थियो। राजदूत चाङले चीन विश्व समुदायका सबै सदस्य राष्ट्रहरुसँग मिलेर समान र सुव्यवस्थित बहुध्रुवीय विश्वको प्रवर्द्धनगर्न तथा सबैका लागि लाभदायक र **बाँकी ७ पेजमा**

# नेपालमा साम्राज्यवादी चलखेल रहेसम्म समस्या रहिरहन्छ

**लोकनारायण सुवेदी ( संयोजक, नेपाल कम्युनिष्ट पार्टी )**

**यो साताको बिशेष**



**देशको बर्तमान राजनीतिक परिस्थितिलाई कसरी बिश्लेषण गर्नुहुन्छ ?**

देशको बर्तमान राजनीतिक परिस्थितिको बिश्लेषणगर्दा बर्तमान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिबेश र परिप्रेक्षलाई केन्द्र बिन्दूमा राख्नुपर्ने हुन्छ। यतिबेला विश्व परिस्थिति पनि, नेपालको परिस्थिति पनि जसरी विकसित भइरहेको छ, त्यसले नेपाल र नेपाली जनताको हितगर्ने कुरामा ढुक्क बस्न र भरपर्न सकिने अनुकूल बातावरण बन्ला के ? भन्ने पहिलेभ्कै अहिले पनि ठूलो सन्देहनै छ। नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा जुन बिकराल समस्याहरु भ्केलिरहनु परिरहेको छ तिनको सही निराकरण हुनसक्ने अनुकूल बातावरण नबनी नबाईकन देश र जनतालाई सही विकासको दिशामा अघिबढाउन सकिने छैन। अहिलेसम्मको रोजगारीहीन, जीवनहीन र परनिर्भर विकास प्रणाली र प्रकृयालाई तोड्ने, आत्मनिर्भर अर्थतन्त्रको विकासगर्ने, देशको स्वाधीनता, स्वतन्त्रता र स्वाभिमानलाई उच्च राख्ने विकासको बाटो अख्तियार नगरी नेपाललाई साँचो अर्थमा विकासको सही पथमा अघिबढाउन र राष्ट्रिय क्षमता अभिबृद्धिगर्न सकिदैन। त्यो भनेको बर्तमा साम्राज्यवादपरस्त सामन्ती दलाल नोकरशाही पूँजीवादी स्थितिको अन्त्य गर्ने मूलबाटोबाटै अघिबढ्नु पर्ने सर्बोपरी आवश्यकता छ। त्यसैले अहिले पनि हामी नेपालमा ब्याप्त बर्गीय शोषण र सामाजिक उत्पीडनबाट कसरी नेपाली समाजलाई मुक्तगर्न सकिन्छ अशिक्षा, गरीबी,बेरोजगारी, अभाव, गरीबी र यी सबका कारणले उत्पन्न अनिश्चितता, हिंसा, असुरक्षा र परनिर्भरतालाई कसरी अन्त्यगर्न सकिन्छ अनि ब्याप्त भ्रष्टाचार, कमिशिनखोरी, सूदखोरी, कालोबजारीबाट देशलाई मुक्तगरेर त्यस्ता बिकृति र बिसंगतिबाट आम जनतलाई कसरी जोगाउन सकिन्छ भन्ने कुरामै केन्द्रित भएर अघिबढ्नुको कुनै बिकल्प छैन। यसरी मात्र बाह्य हस्तक्षेपको अन्त्यगर्न र स्वाधीनता, स्वतन्ता, समानता र समुन्नतिको ढोका खोल्न सकिन्छभन्ने चिन्तन र चिन्ताकासाथ जनतलाई यसका लागि सचेत तुल्याउने र संघर्षशील दिशामा अघिबढाउन देश र जनताप्रति समर्पित र संघर्षशील सबै निष्ठाबान शक्तिहरु सम्मिलित एउटा बृहत राष्ट्रिय बिकल्प खडा गरिनु पर्दछभन्ने कुरा म प्रष्ट पार्न चाहन्छु।

**विश्व परिस्थितिबारे तपाईको मूल्यांकन कस्तो छ ?**

यतिबेला विश्व साम्राज्यवाद आफ्नो गुम्दैगएको चौतर्फी एकाधिकार र बर्चश्वलाई जबर्जस्ती कायम राख्न विश्वमा युद्ध थोपरिरहेको छ। राष्ट्रहरुको स्वाधिनता, स्वतन्त्रता र सार्बभौमिकतलाई खुलमखुल्ला लत्याइरहेको छ। बिगतका यस्ता अनेकौ साम्राज्यवादी हर्कतका घटनाहरुको अबिस्मरणीयरुपमा स्मरणगर्दै पछिल्लो समय भेनेजुएला र हाल ईरानका बिरुद्ध जसरी साम्राज्यवादले युद्ध थोपरिरहेको छ त्यसबाट नै उसको उत्पीडनकारी, अमानबीय र घोर आततायी प्रबृत्तिमा कुनै परिबर्तन आएको छैन। बरु भ्कन भ्कन बिकरालरुपमा थप पुष्टी हुँदैगएको देखिएको छ। युद्ध र हतियारको ब्यापार बढाइरहेको छ, विश्वका बहुमूल्य र महत्वपूर्ण श्रोत साधनहरुको लूटपाट गरिरहेको छ र विश्वका उत्पीडित राष्ट्र र जनतालाई अपूर्ब संकटको भयावह स्थितितर्फ थकेलिरहेको छ। तर यस्ता साम्राज्यवादी निन्दनीय एबं प्रकृतिद्रोही तथा मानवद्रोही हर्कतहरुको विश्वब्यापीरुपमा जोडदार बिरोध पनि भइरहेको छ। दक्षिण-दक्षिण सहयोग, ब्रिक्स, शंघाई सहयोग संगठन, अडलरिकरण(डिडलराईजेशन)कासाथै सबै महादेशमा साम्राज्यवादी दख्खल हस्तक्षेपको बिरोध यसका उदाहरणहरु हुन्। यसले आज विश्व एक ध्रुबीय नरहने र बहुध्रुबीय विश्वको दिशामा जाने प्रष्ट देखिएको छ। यसले अन्ततः साम्राज्यवाद कमजोर हुने छ। यसलाई पूर्णतः पराजित तुल्याउन विश्वका सम्पूर्ण साम्राज्यवाद बिरोधी जनजमुदाय आज पहिले कहिल्यैभन्दा बढी सचेत, संगठित र संघर्षशील बन्नु र लागिपर्नु अत्यावश्यक छ। यसरीमात्र जनता र राष्ट्रले मुक्ति पाउने बातावरण बन्दछ।

**गत फागुन २१ गतेको निर्वाचन र त्यसले ल्याएको परिणाम कस्तो लाग्यो ?**

देश र जनताले गणतन्त्रको स्थापनापछि बिगतकाभन्दा उन्नत विकास परिस्थिति बन्ने जुन अपेक्षा गरेका थिए, त्यसको बिपरीत देशमा बढ्दो र ब्यापक बाह्य हस्तक्षेप, कुशासन, चौतर्फीरुपमा ब्याप्त भ्रष्टाचार, कमिशनखोरी, सूदखोरी, मानब तस्कभरी, सहकारी ठगी, लघुबित्त ठगी, मिटरब्याजी शोषण हिंसा, हत्या, बलत्कार र असुरक्षा बढेर गयो। नातावाद कृपावाद बढेर गयो। त्यसलेगर्दा देशभित्र ब्यापक जन असन्तुष्टी थियो। तिनको समाधान खोज्न नवयूवाहरुले आवाज उठाउन खोज्दा त्यसलाई दबाएर शासन सत्तामा टिक्न जुन बाटो राज्यले अख्तियार गर्‍यो त्यसलाई टेकेर एउटा त्रासद र योजनाबद्ध बाह्य हस्तक्षेपले देशमा चरम ध्वंशात्मक तोडफोड र आगजनी मच्चाएर भयावह र कोलाहलपूर्ण बातावरण बनायो। त्यसैपरिबेशमा तत्कालीन सरकारलाई सत्ताच्यूत गराएर एउटा सन्देहास्पद र अभ्क बहिर्मुखी अन्तरिम सरकार बनाइयो। जसले चुनावनै देशको निकास हो भन्दै यो अनपेक्षित चुनाव गराएको हो। यद्यपि चुनाव समस्याको समाधान थिएन र होइन। बिगतका अनुभवले पनि यो दर्शाएकै कुरा हो। त्यसले सत्तामा बस्ने मानिसहरु फेरिएका छन् तर यसको परिणामप्रति स्वयं मतदाताहरु विश्वस्त छैनन्। भबिष्य अहिले पनि अनिशिचत छ। तावाबाट फेरि भुंग्रोमा देश र जनता पर्ने हुन् कि ? त्यसबाट निस्कने हुन् ठूलो सन्देह र अन्यौल अहिले पनि देशमा अहिले पनि ब्याप्त र बिद्यमान छ। देशको स्वाधीनता, स्वतन्त्रता र राष्ट्रिय स्वाभिमान ठूलो आँच पुगेको अबस्था छ। देशले सही दिशा लेलाकि न लेला ? ठूलो असमञ्जस छ।

**नेपालका संसदवादी र क्रान्तिकारी दुबैखाले कम्युनिष्टहरु संकटमा परेको टिकाटिप्पणी हुनथालेको छ। तपाईको मूल्यांकन के छ ?**

संसदबाटै समाजवाद ल्याउने कोरा र खोक्रो नाराकाभरमा यथास्थितिबाटै फाइदा उठाउन उद्यत संसदवादी कम्युनिष्टहरु जुन अब्यवहारिक अभिष्ट थियो, त्यो असफल हुनेनै कुरा थियो। त्यसैले तिनीहरु भ्रष्टाचार र कुशासनको आहालमा चुर्लुम्म डुबे। तर त्यसको असर क्रान्तिकारी कम्युनिष्ट आन्दोलनमा पनि पर्ने नै भयो। परेकै छ। त्यसलाई क्रान्तिकारी कम्युनिष्टहरु छरपष्ट भएकोले सशक्तरुपमा चिर्न सकेका छैनन्। आजको मूलभूत समस्यानै यही भएको छ। राष्ट्र, राष्ट्रियता र स्वाधीनता कमजोर हुनुको कारण पनि यही हो। तर कम्युनिष्ट आवरणको गैरकम्युनिष्ट चिन्तन र चरित्र असफल भएको हो। देश र जनताप्रति समर्पित कम्युनिष्ट अन्दोलन पनि त्यसलेगर्दा अन्योल र अफलताको बाछिटा पर्नगएको हो। यसलाई देश जनताप्रति समर्पित सच्चा क्रान्तिकारी कम्युनिष्टहरुले गम्भीररुपमा लिनु पर्दछ।

**कतिपयले आगामी १५ बर्षभित्र नेपालमा कम्युनिष्ट पार्टीनै नरहने आंकलन सार्बजनिक गरेका छन्। तपाई के भन्नुहुन्छ ?**

देश र जनताले भोगिराखेका आधारभूत समस्याका कारणा र कारकहरु पहिल्याएर तिनको निराकरणका लागि संघर्षशील नभएपछि कम्युनिष्ट गैरकम्युनिष्ट कुनै पनि पार्टी अस्तित्वमा रहनु वा नरहनुको कुनै अर्थ पनि हुँदैन। तर ती कम्युनिष्ट पार्टी नहरने निष्कर्श निकाल्ने ज्योतिषीहरुले कसलाई सहयोग पुर्‍याउन यस्तो भाष्य तयार गरेका हुन् त्यो कुभ्क्न जरुरी छ। उनीहरुले कम्युनिष्ट आन्दोलनको मर्म, भावना र महत्वलाई या त बुभ्केकै छैनन् या त बुभ्कपचाएर कम्युनिष्ट बिरोधीहरुलाई सहयोग पुर्‍याउन उद्यत छन्। शायद एमसीसी, एसपीपीजस्ता घातक र असमान सन्धि सम्भ्कौतागर्ने धारकै कथित बुद्धिजीवीहरुबाट यस्ता टिप्पणीहरु आएका होलान् भन्ने म ठान्दछु।

**नेपालमा बृहत् बाम एकताको कुरा उठेको छ। त्यसमा तपाईको धारणा के छ ?**

निश्चयनै देश र जनताप्रति समर्पित सामन्तवाद र साम्राज्यवादसँग साँठगाँठ नगर्ने बाह्य हस्तक्षेप बिरोधी, प्रगिमन र यथास्थितिवाद बिरोधी बामपन्थी तथा कम्युनिष्ट शक्तिहरुको बृहत बाम एकता आजको अपरिहार्य राष्ट्रिय आवश्यकता हो। त्यसको निमित्त पहल र प्रयत्न पहिले कहिल्यैभन्दा बढी आवश्यक छ।

**नेपालमा संसदवादी राजनीति संकटमा परेको चर्चा हुँदैछ। तपाई के भन्नुहुन्छ ?**

संसदवादी राजनीति विश्वब्यापीरुपमै संकटमा छ। नेपालमा पनि त्यो अपवाद छैन। शोषण, अमानता र उत्पीडनलाई कायम राख्ने पूँजीवादी शासन ब्यबस्था संकटमा पर्नु कुनै अनौठो कुरा पनि होइन। त्यो ब्यवस्था मानब र प्रकृति द्रोही छ भन्ने यथार्थ युद्ध, आणबिक, परमाणबिक, रासायनिक र जैबिक डरलाग्दा हात हतियारको खलियो लगाइनु, जथभाबी आततायी युद्ध र बिनाश मच्चाउनु र नाफा कुम्लयाउनु नै यो संसदीय ब्यवस्थाको आजको आम नीति हो। यसले संकट निम्त्याउने बाहे अरु केहीगर्न सक्तैन।

**नेपालमा बढ्दो बिदेशी हस्तक्षेपको कसरी बिश्लेषण गर्नुहुन्छ ?**

साम्राज्यवादी विश्व शक्तिले सुगौली सन्धिमा नेपाललाई अपमानजनकरुपमा फसाएयता नेपालले लगातार बाह्य हस्तक्षेपको शिकारहुँदै आएको र त्यसको एकपछि अर्को मार सहनु परिरहेको छ। राणा शासनभरी एक शताब्दीभन्दा बढी बृटिश साम्राज्यवादको छायामा परेको नेपाल राणा शासनको अन्त्यपछि पनि सन् १९५० को असमान सन्धि मातहतका अन्य त्यस्तै सम्भ्कौताहरु, तथा पछि आएर एमसीसी लगायतका देश र जनताका हित बिपरितका सन्धि सम्भ्कौताहरुले प्रष्ट पार्दछन्कि नेपालमा एकपछि अर्को बाह्य हस्तक्षेप बढिरहेको छ। नेपाली समाजको प्रगतिशील हिस्साले लगातार त्यसको बिरोध जनाइरहेको भएपनि सत्ताधारीहरुको आत्म समर्पणलेगर्दा त्यसबाट देश र जनता मुक्त हुनसकेका छैनन्। बरु परनिर्भरता सर्वत्र बढेर हाम्रो राजनीति, अर्थतन्त्र, सामाजिक तथा साँस्कृतिक संरचना सबैनै खल्बलिएको छ र राष्ट्रिय सार्बभौमिकता र अखण्डतानै कमजोर भएर रहेको छ। त्यसैले नेपालको स्थिति अर्धऔपनिबिशिक हुँदै आज नव औपनिवेशिक स्थितिमा पुगेको छ। यस स्थितिमा आमूल परिबर्तन नल्याई देशले सही दिशामा देश र जनताको हितमा काँचुली फेर्न सक्तैनभन्ने हाम्रो प्रष्ट मान्यता छ।

**गत शुक्रबारमात्र रास्वपाको एकल सरकार गठन भएको छ। त्यसबारे तपाईको भनाई के छ ?**

मथिनै पनि उल्लेख गरियोकि जुन सन्देहास्पद राजनीतिक परिप्रेक्ष र परिस्थितिमा यो सरकार बनेको छ त्यसले जनता र राष्ट्रको हितमा काम गर्लाकि नगर्ला भन्ने अपूर्ब चिन्ता ब्याप्त छ। बर्तमान परिप्रेक्षमा, नेपालको भू-राजनीतिक अबस्थिति र रणनीतिक महत्वको स्थितिलाई सही दिशा दिन र शक्ति सन्तुलन मिलाउन सकेन भने हाम्रो देश शक्ति राष्ट्रहरुको रणमैदान बन्ने खतरा एकदमै सन्निकट छ। त्यसैले, शक्तिशाली छिमेकी देशहरुसँग सम-मैत्री सुसम्बन्ध कायम राख्दै पञ्चशील, असंलग्नता र संयुक्त राष्ट्रसंघको बढापत्र, अनि सर्बस्वीकृत अन्तर्राष्ट्रिय कानून तथा देश-देशको सार्बभौमिकताको सिद्धान्तको आधारमा कुशलतापूर्बक चल्ने परराष्ट्र सम्बन्धको सही दिशा लिइएन भने नेपालको अस्तित्व नै अभूतपूर्ब संकटमा पर्ने कुरा निश्चित छ। यस कुरामा सबै सबै नेपाली सचेत अंग साबधान रहनु,आवाज उठाउनु संघर्षशील रहनु अति आवश्यक छ भन्ने कुरामा जोडदिन चाहन्छु। सुशासनको सुनिश्चतता पनि यसै कुरामा मूलतः भर पर्दछ भन्नेकुरा बुभ्कनु जरुरी छ। सरकारले गम्भीरतमरुपमा यसमा ध्यान केन्द्रित गरोस्।

**देशप्रेम साप्ताहिकमार्फत नेपाली जनतालाई केही सन्देश दिन चाहानु हुन्छ कि ?**

निश्चय नै म नेपाल कम्युनिष्ट पार्टीकातर्फबाट राष्ट्र, राष्ट्रियता, स्वाधीनता र स्वाभिमान तथा जनतान्त्रिक अधिकार र नागरिक स्वतन्त्रताका लागि देश र बिदेशमा समेत रहनुभएका साम्राज्यवाद, प्रतिगमन र यथास्थितिवादका बिरुद्ध रहेका सम्पूर्ण प्रगतिशील, क्रान्तिकारी लोकतन्त्रिक तथा देशभक्त शक्ति समूह, ब्यक्ति ब्यक्तित्वहरुलाई आजको राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा विकसित भएको कठीन घडीलाई आत्मसातगर्दै देश र जनताको शतत रक्षा र समुन्नतिका निम्ति पहिले कहिल्यैभन्दा बढी सजग, सक्रिय र सशक्त राष्ट्रिय एकताको निम्त हार्दि आह्वानगर्न चाहन्छु। नेपालमा साम्राज्यवाद बिरोध मोर्चा बनेर निरन्तर आन्दोलन अगाडि नबढेसम्म कम्युनिष्ट पार्टीहरुका बीचमा एकता हुन पनि कठीन हुन्छ। त्यसैले सबैले यसतर्फ त्तयान दिन आवश्यक छ। तपाईको जनमुखी पत्रिकालाई पनि यो भूमिका खेल्न आह्वानगर्दै यो अन्तवार्ताका लागि हार्दिक धन्यवाद पनि दिन चाहन्छु।

# नेकपा मसालद्वारा कार्की आयोगको प्रतिवेदन एकपक्षीय भएको दाबि

काठमाडौं। नेकपा (मसाल) को हालै सम्पन्न पिबिको बैठकमा देशको पछिल्लो घटनाक्रमका बारेमा छलफल भई केही निष्कर्षहरु निकालेको थाहा भएको छ। बैठकपछि सो पार्टीका महामन्त्रि मोहनबिक्रम सिंहले एक बक्तब्य प्रकाशितगरी बैठकका निर्णयबारे स्पष्ट गर्नुभएको छ। उहाँले जारी गर्नुभएको बक्तब्यमा उल्लेख भएअनुसार जाँचबुभ्क आयोगको प्रतिवेदन अनौपचारिकरुपले सार्वजनिक भएको छ। त्यो प्रतिवेदन औपचारिकरुपले सरकारले सार्वजनिक गरेको नभए पनि त्यो आधिकारिक भएको कुरालाई आम रुपमा सबैतिर स्वीकार गरिएको छ। त्यो प्रतिवेदनमा उल्लेख गरिएका विषयमाथि विचार गर्नुभन्दा पहिले सर्वप्रथम त्यो आयोगको स्वरुपबारे नै विचार गर्नुपर्ने आवश्यकता छ।

त्यो आयोगको स्वरुप पनि निष्पक्ष छैन र नैतिक दृष्टिकोणले पनि त्यसको आधार कमजोर रहेको छ। साररुपमा यो भन्न सकिन्छकि भदौ २३ र २४ गतेका घटनाको छानबिनका लागि त्यसलाई जुन जिम्मेवारी दिइयो, त्यो जिम्मेवारी पूरागर्नका लागि त्यो आयोग योग्य थिएन। त्यसरी त्यो आयोगलाई कुनै खास उद्देश्य पूरागर्नको लागि षड्यन्त्रमूलक र पूर्वाग्रहयुक्त तरिकाले गठन गरिएको कुरामा कुनै शंका रहन्न। भदौ २३ र २४ गते जुन घटना भए, त्यसबारे निष्पक्ष, न्यायोचित र निर्भीकतापूर्वक जाँच गर्नुपर्ने र दोषीलाई उनीहरुको अपराधअनुसार सजाय दिनको लागि सिफारिस गर्नुपर्ने आवश्यकता थियो तर जुन व्यक्तिको अध्यक्षतामा त्यो आयोगको गठन गरियो, त्यसका लागि उनी उपयुक्त व्यक्तिनै थिएनन्। त्यो आयोगको गठन हुनुभन्दा पहिले नै उनले विभिन्न नेता वा पार्टीलाई कडा सजाय गर्नुपर्ने पूर्वाग्रहयुक्त अभिव्यक्ति दिएका थिए। त्यस प्रकारका व्यक्तिद्वारा निष्पक्ष छानबिन हुन नसक्ने कुरा स्पष्ट थियो। त्यसबारे सर्वोच्च अदालतमा पनि मुद्दा परेको थियो र सर्वोच्च अदालतबाट त्यो प्रश्न नैतिकतासित जोडिएको हुनाले त्यसबारे कुनै निर्णय गर्ने अधिकार सम्बन्धित व्यक्तिलाई नै भएको बताएको थियो। सर्वोच्चको त्यो फैसलाबाट पनि त्यो आयोगको अध्यक्षता गर्नका लागि उनी नैतिक दृष्टिकोणले उपयुक्त व्यक्ति नभएको कुरा स्पष्ट थियो। उनले नैतिक दृष्टिकोणले विचार गरेर त्यो आयोगको अध्यक्ष बन्न स्वीकार गरे वा गरेनन् भन्ने प्रश्नभन्दा महत्त्वपूर्ण प्रश्न यो थियो : त्यस प्रकारको पूर्वाग्रहयुक्त वा विवादग्रस्त व्यक्तिलाई अन्तरिम सरकारले किन त्यो आयोगको अध्यक्ष बनायो ? यो कुरा स्पष्ट छकि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकारको गठन जेनजी अगुवा, जो स्वयं जेनजी थिएनन् र त्यसकारण जो गैरजेनजी वा कथित जेनजी थिए, को सुभ्कावमा नै बनेको थियो। त्यसैले कथित जेनजीको उद्देश्य पूरागर्न नै त्यो आयोग बनेको कुरा स्पष्ट छ। त्यसैले त्यो आयोगले कथित जेनजीको हितमानै त्यो प्रतिवेदन तयारपारेको कुरा त्यसको विवरणबाट नै प्रष्ट हुन्छ। ओलीले जाँचबुभ्कको आयोगलाई पूरै नै निराधार भएको घोषित गरेका छन्। त्यस सन्दर्भमा त्यो आयोगका अध्यक्ष पहिलेदेखि नै पूर्वाग्रहयुक्त सोचाइ राखेको र त्यो छानबिन गर्नका लागि उनी उपयुक्त व्यक्ति नभएको जुन दाबीगर्दै आएको छ, त्यसमा सत्यता छ तर त्यो आयोगले जुन विवरण दिएको छ, त्यसलाई पूरै नै निराधार बताउनु पनि पूर्वाग्रहयुक्त सोचाइ नै हो। त्यो प्रतिवेदनमा लेखिएअनुसार कैयौं घण्टासम्म त्यति ठूलो नरसंहारको काण्ड हुँदासम्म देशको प्रधानमन्त्रीले त्यसलाई रोक्नका लागि कुनै प्रयत्न नगर्नुलाई कुनै पनि अवस्थामा सही भन्न सकिन्न। के त्यस प्रकारका घटना उनले कुनै समाचार पाएका थिएनन् भनेर सोच्नु कुनै पनि अवस्थामा सही हुने छैन। त्यसबाट उनले त्यस प्रकारका गोली प्रहारहुँदा पनि उनी चुपचाप लागेर बस्नुको अर्थ उनी त्यस प्रकारको कारबाहीका लागि सहमत नै भएको कुरा स्पष्ट छ।

आयोगले मुलुकी ऐनका दफाको उल्लेख गरेर जुन सजायको सिफारिस गरेको छ, त्यसलाई घटनास्थलमा भौतिक रुपले नै उपस्थित नभएको व्यक्तिमाथि त्यो कानुनी दफा लागु नहुने कुरा बताएर उनले आफ्नो कानुनी रक्षागर्ने प्रयत्न गरेका छन् तर कानुनको कुन दफाअनुसार उनीमाथि कारबाही हुन सक्छ वा सक्दैन ? त्यो मुख्य कुरा होइन, मुख्य कुरा राजनीतिक जिम्मेवारीको हो। उनले आफ्नाअगाडि त्यस प्रकारको गोली काण्डहुँदा किन त्यसलाई रोक्न सकेनन् ? त्यो मुख्य विचारणीय कुरा हो। त्यसका लागि ओलीको सरकार निश्चितरुपले जिम्मेवार छ र त्यसका विरुद्ध कारबाही हुनु आवश्यक छ। हामीले ओलीको अधिनायकवादी चरित्रबारे पहिलेदेखि नै बताउँदै आएका छौं। उनको त्यस प्रकारको चरित्रका कारणले नै त्यो दिन त्यति ठूलो नरसंहार भयो। त्यो सामान्य प्रकारको गोलीकाण्ड मात्र थिएन र क्रुर, अमानवीय र बर्बर प्रकारको हत्याकाण्ड थियो। त्यसका लागि आफूलाई निर्दोष साबित गर्ने ओलीको प्रयत्न निराधार र हास्यास्पद पनि छ।

भदौ २३ गतेको जेनजी आन्दोलन शान्तिपूर्ण थियो र त्यो आन्दोलनले हिंसात्मक रुप लिन थालेपछि उनीहरुले सबैलाई फर्केर घर जान भनेका थिए तैपनि त्यो आन्दोलनलाई हिंसात्मकरुपमा उक्साउने काम गरिएको थियो र त्यसअनुसार प्रहरीको ब्यारेकलाई तोड्ने र संसद् भवनमा तोडफोडसमेत गर्ने काम गरिएको थियो। स्पष्ट छकि त्यस प्रकारको कार्य जेनजीका कार्यक्रमभित्र पर्दैनथे र उनीहरुले गरेका पनि होइनन् अनि त्यो कार्य कसले गर्‍यो ? त्यो कार्य गैरजेनजी वा कथित जेनजीले नै गरेका थिए। यो कुरामा पनि कुनै शंका रहन्न कि त्यो कार्य अमेरिकी साम्राज्यवादको नेपालमा विद्यमान पुरानो सत्तालाई फालेर आफ्नो कठपुतली सरकार कायमगर्ने रणनीतिअनुसार नै गरेका थिए। त्यो साम्राज्यवादी रणनीति पूरागर्न उनीहरुले जेनजीको न्यायपूर्ण, सही र शान्तिपूर्ण आन्दोलनलाई हाइज्याक गरेका थिए र त्यसलाई हिंसात्मक रुप दिने प्रयत्न गरेका थिए। प्रतिवेदनले टिओबी ग्रुपले त्यो आन्दोलनलाई हिंसात्मक रुप दिन प्रयत्न गरेको बताएको छ। ती स्वतन्त्र तिब्बत वा दलाई लामाका पक्षधर व्यक्ति थिए। उनीहरुका विरुद्ध गरिएको त्यो सिफारिसलाई हामीले सही नै मान्दछौं तर कुरा त्यतिमात्र थिएन, त्यससित सम्बन्धित अर्को महत्त्वपूर्ण पक्षलाई पूरै दबाइएको छ। पछि घटनाक्रमबाट यो कुरा प्रष्ट भएको छ कि त्यो आन्दोलनलाई अमेरिकी साम्राज्यवादी रणनीतिको पक्षमा हाइज्याक गर्ने र त्यसलाई हिंसात्मक रुप दिने कार्यमा मुख्य भूमिका गैरजेनजी वा कथित जेनजीको नै थियो। त्यसबारे प्रतिवेदनले कुनै चर्चा गरेको छैन र त्यो छानबिन वा प्रतिवेदन कथित जेनजी र अमेरिकी साम्राज्यवादको निर्देशनअनुसार एकपक्षीयरुपमा तयार पारिएको कुरामा कुनै शंका रहन्न। कार्की आयोगलाई भदौ २३ र २४ गतेको घटनाको छानबिनगर्ने जिम्मा दिइएको थियो तर त्यसको सम्पूर्ण ध्यान २३ गतेको घटनाको छानबिन गर्नेसम्म मात्र सीमित रहेको छ, त्यो पनि आंशिक र एकपक्षीय रुपमा। आंशिक र एकपक्षीय रुपमा किनभने त्यो दिनको जेनजीको शान्तिपूर्ण आन्दोलनलाई हिंसात्मक रुप दिन जिम्मेवार व्यक्तिबारे सामान्य रुपले टिओबी ग्रुपका कार्यको उल्लेख गरेर त्यो शान्तिपूर्ण **बाँकी ५ पेजमा**

# नेपालको राष्ट्रिय राजनीतिमा हुनेगरेका उत्थान र पतनहरु

प्रेमचन्द्र झा



नेपालमा बिचित्रका राजनीतिक घटनाक्रमहरु हुनेक्रम जारी छ। गत भदौमा भएका बिभिन्न घटनाक्रमपछि रास्वपाका सभापति रवि लामिछाने र सो पार्टीका नयाँ नेता बालेन्द्र साहको लोकप्रियता केही समूदायका बीचमा जसरी बढेको छ, त्यो खासमा यतिबेला बिश्लेषणलायक बिषय छ। नेपालको राजनीति सधैं उत्थान र पतनका घटनाक्रमले रंगिने गरेको छ। कुनै कालखण्डमा पुनर्निर्माण, तेश्रो मार्ग, परिवर्तन, नयाँ युग, नव नेतृत्व अनि भविष्यको आशा देखिएको छ। गत फागुन २१ को निर्वाचनपछि नेपालको राजनीतिक बहसमा एउटा नयाँ जोडीले ठूलो स्थान पाएको छ बालेन साह र रवि लामिछाने। यो जोडीलाई समर्थक-विरोधीले अलग-अलग अर्थ पनि दिने गरेका छन्। कतिपयले यसलाई नेपाली राजनीतिमा युवा शक्ति, सुधार, परिवर्तन र पुनर्निर्माणको रुप मान्छन्भने कतिपयले त्यसलाई दृश्यात्मक राजनीति, नाटक र लोकप्रियता भरिएको शो मात्र मान्ने गरेका छन्। यस लेखको उद्देश्य यिनै द्विविधा, आशा-चिन्ता, सम्भावना-सन्देह, नेतृत्व क्षमता-समस्या र वास्तविक राजनीतिक प्रभावलाई व्यवस्थित रुपमा विश्लेषणगर्नु हो। नेपाली राजनीतिको इतिहासलाई हेर्दा, नेतृत्व सधैं एक महत्वपूर्ण कारक रहिआएको छ। ०४६ सालमा नेपालले बहुदलीय लोकतन्त्र स्थापना गर्‍यो। राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन विरुद्ध समग्र नेपाली नागरिकहरुले संघर्ष गरेर नयाँ शासन प्रणाली ल्याए।

जसले जनताको प्रत्यक्ष सहभागिता र प्रतिनिधिमूलक सरकारलाई सुदृढ बनायो। यो समय नेतृत्वकारुपमा परम्परागत साना,ठूला राजनीतिक पार्टीका चेहराहरुले नेतृत्व गरे। जसले लोकतन्त्रलाई मजबुत बनाउने काम गरे। ०६२-०६३ को जनआन्दोलनले शाही सत्ता अन्त्यगर्दै लोकतन्त्र र गणतन्त्रको पुनर्स्थापना गर्‍यो। यसले नेपाललाई सम्पूर्णरुपले गणतन्त्रमार्गमा अगाडि बढायो, नयाँ संविधान निर्माण प्रक्रियामा जनसहभागिता सुनिश्चित गर्‍यो र संघीयता, धर्मनिरपेक्षता, सामाजिक न्याय, महिला-दलित-आदिवासी अधिकार जस्ता विषयलाई संवैधानिक रचनामा केन्द्रित गर्‍यो। ०७२ सालमा संविधान जारी भएपछि राजनीति दलगत संरचनामा केन्द्रित रह्यो। नेपालीमा राजनैतिक दलहरु प्रायः केही परम्परागत नेताहरुको प्रभुत्वमा केन्द्रित रहे, जसले लामो समयदेखि नेतृत्व र निर्णय प्रक्रियामा प्रभाव जमाएको छ। तर समयसँगै युवा शक्ति, नयाँ शोच र नेता-जनता सम्बन्धका नयाँ मोडको माग बढिरहेको थियो। जसले ०८२ जस्तै चुनावी परिणाम उत्पन्न गरेको थियो। पछिल्लो आम चुनाव नेपालका लागि एक ऐतिहासिक मोड थियो, जसले पुराना राजनीतिक अवस्थालाई चुनौती दिईसकेको छ। यो चुनावलाई नेपाली राजनीतिक संरचनाको पुनःस्थापना, नागरिक-सरकार सम्बन्धका परिवर्तन, नव नेतृत्व र युवा सहभागिताको आगमनकारुपमा हेरिन्छ। चुनाव परिणामले देखायोकि परम्परागत राजनीतिक पार्टीहरुको मत घटेको छ भने नयाँ राजनीतिक शक्ति-बलको उदय भएको छ। यसैबीच बालेन साह र रवि लामिछाने नेतृत्वको जोडीले विविध उमेर समूह, नयाँ मतदाता र युवा निर्वाचन क्षेत्रबाट ठूलो समर्थन प्राप्त गर्‍यो। बालेन साहले काठमाडौं लगायतका महानगरिय क्षेत्रहरुबाट ठूलो मत ल्याए, जसले उनको लोकप्रियता र समर्थनलाई पुष्टि गर्‍यो। रवि लामिछानेले पनि पार्टी नेतृत्व र संगठनात्मक रणनीतिको बलियो भूमिका खेल्दै आफ्नो क्षेत्रबाट सफलभई राजनीतिक प्रभाव बढाए। यी परिणामले नेपाली राजनीतिको परम्परागत संरचनामा परिवर्तनको मागको संकेत दिएको छ। यो खण्डमा हामी बालेन साह र रवि लामिछानेको व्यक्तिगत यात्रा, पृष्ठभूमि, शक्ति र राजनीतिक सम्भावनालाई विस्तृतरुपमा हेर्नेछौँ। बालेन साह, मूलरुपमा युवा आवाज र सामाजिक आन्दोलनसंग जोडिएको छ। उनको उदय एक सञ्चार माध्यमिक सामाजिक संवादक, कलाकार र सामाजिक कार्यकर्ताबाट भयो, जहाँ उनले विभेद, भ्रष्टाचार र सामाजिक असमानता विरुद्ध आवाज उठाए। धेरैले उनलाई नेपाली युवाहरुका लागि प्रतिनिधि र नयाँ नेतृत्वको प्रतीक मान्छन्। उनको नेतृत्व शैली पारदर्शिता, प्रत्यक्ष संवाद र सकारात्मक सोचमा आधारित छ। जसले युवा वर्गलाई आकर्षित गरेको छ। उनले परम्परागत राजनीतिक भाषणभन्दा फरक शैली, सामाजिक सञ्जाल प्रयोग र जनतासँग प्रत्यक्ष संवादलाई प्राथमिकता दिएका छन्। यद्यपि, उनको जवाफदेहिताकाबारेमा धेरै विश्लेषकले प्रश्न पनि उठाएका छन्, खासगरी नीति कार्यान्वयन, राष्ट्रिय-अन्तर्राष्ट्रिय मुद्धा र गहन राजनीतिक निर्णय का सन्दर्भमा। रवि लामिछानेले जनताको आवाज उठाउने पत्रकार, सञ्चारकर्मी र पार्टी नेतृत्वकर्ता को रुपमा राजनीतिक यात्राको शुरुगरेका छन्।

उनको राजनीतिक भूमिकामा संगठन, गठबन्धन प्रयास र निर्वाचन रणनीति प्रमुख रहेको छ। जसले पार्टीलाई केही नयाँ मतदाता समूहदेखि व्यापक समर्थनसम्म पुर्‍याउन मद्दत गरेको छ। उनको पक्षमा देखिएको बलियो पक्ष भनेको राजनीतिक संयोजन, सुशासनका सन्देश र यथार्थवादी नीति प्रस्ताव हो। तर आलोचकहरुले पनि उनको नेतृत्वमा विवाद, व्यक्तिगत विवाद र अन्तरद्वन्दको विषयलाई जोडदिएका छन्, जसले जनविश्वासमा असरपर्ने सम्भावना उत्पन्न गर्दछ। नेपालमा सामाजिक मिडिया र लोकप्रिय सांगीतिक शैलीले राजनीति मुख्यधारमा दृश्यात्मक जनसमर्थन को एक नयाँ संस्कृति सिर्जना गरेको छ। केही पुराना विश्लेषकले बालेन-रवि को जोडीलाई हिन्दी शोले चलचित्रका लोकप्रिय पात्र जय-बिरु शैलीजस्तै मात्रभनी आलोचना गरेका छन्। जहाँ नेतृत्व दृश्यात्मकता, शैली र नाटकद्वारा लोकप्रिय हुन्छ तर गहिरो राजनीतिक प्रबन्ध, नीति र स्थायी परिवर्तनलाई अघिबढाउन कठीनाइ भोग्छ। यो तुलनामात्र भावनात्मक नभई राजनीतिक सामाजिक विज्ञानको सन्दर्भमा पनि महत्वपूर्ण छ। चलचित्रमा पात्र लोकप्रिय हुन्छन् किनभने कथानक, भावनात्मक आकर्षण र शैली हुन्छ। राजनीतिक नेतृत्वले नीति, योजना, कार्यान्वयन र लोकसेवा लाई सुनिश्चित गर्नुपर्छ। यदि बालेन-रवि जोडी केवल सार्वजनिक छवि, शैली र मिडियामा आधारित लोकप्रियतामामात्र सीमित रहोस्, तब यो चलचित्र शैलीकै नाटक बन्ने सम्भावना हुन्छ।

तर यदि उनीहरुले भ्रष्टाचार नियन्त्रण, सामाजिक समावेशी नीति, रोजगारी सिर्जना, आर्थिक सुधार र दीर्घकालीन राजनीतिक स्थायित्वको रुपरेखा प्रस्तुत गरेभने यो यथार्थ राजनीतिक रुपमा कायाकल्प बन्न सक्छ। यो खण्डमा हामी बालेन-रवि जोडीले प्रस्ताव गरेका मुख्य नीति विषय, कार्यक्रमका रुपरेखा र तिनका सम्भावनालाई विश्लेषण गर्नेछौँ। नेपालमा भ्रष्टाचार लामो समयदेखि राजनीतिक, प्रशासनिक र आर्थिक प्रणालीमा एक ठूलो चुनौती रहिआएको छ। बालेन-रवि जोडीले भ्रष्टाचार विरुद्ध कडा नीति, सार्वजनिक सेवा पारदर्शिता, सरकारी बिभागीय सुधार जस्ता विषयलाई प्राथमिकतामा राखेको देखिन्छ। तर यसलाई सतहमा गरिएका प्रतिवद्धता भन्दा संरचनात्मक सुधार, कानुनी अमल र दण्ड प्रक्रियाको प्रभावकारी कार्यान्वयन सँग जोड्न जरुरी छ। यदि केवल भाषणमा भ्रष्टाचार विरोध गरिन्छ तर संरचना परिवर्तन, जवाफदेहिता र दन्ड प्रक्रियालाई प्रभावकारी बनाएँदैन भने यसको असर सतही सीमित हुनेछ। नेपालमा रोजगार र शिक्षा एक ठूलो राजनीतिक-सामाजिक मुद्धा हो। युवा वर्गले उच्च शिक्षा, दक्षता विकास र रोजगारी अवसरको मागगर्दै आएको छ। बालेन-रवि जोडीले युवा-कुशलता कार्यक्रम, स्टार्टअप सहयोग, व्यावसायिक प्रशिक्षणजस्ता कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। तर केवल घोषणामा मात्र यस्ता प्रतिवद्धता रहँदा जनविश्वासमा कमी आउन सक्छ। त्यसैले वास्तविक आयोजनाको कार्यान्वयन, वित्तीय स्रोतको संरचना, निजी क्षेत्रसँग साझेदारी हटाउँदै युवा रोजगार सिर्जनालाई सुसंगत योजना बनाउन जरुरी छ। नेपालको अर्थतन्त्रमा कृषि एक आधारभूत भूमिका खेल्छ। कृषि सुधार, प्रविधि उपयोग, उत्पादनको मान्यता, विपणन संरचना र कृषि उद्यमशीलता राजनीतिक प्राथमिकता हुनुपर्छ। बालेन-रवि जोडीले कृषि नीतिमा दीर्घकालीन सुधार, व्यवस्थापिका समर्थन, सहकारी संगठनलाई सुदृढ बनाउने, बजारको पहुँच सुनिश्चित जस्ता कार्यक्रमलाई सशक्त बनाउनु पर्छ। स्वास्थ्य सेवा नेपालको एउटा महत्वपूर्ण सामाजिक समस्या हो। विशेषगरि गाउँ-शहरी बीचको भेद, आर्थिक कमजोरी, आधारभूत स्वास्थ्य सेवा पहुँच को असमानता हटाउन व्यापक योजना आवश्यक छ। यो विषयलाई नीतिगत रुपले प्राथमिकता नदिँदा समाजमा दुर्लभ सेवा, स्वास्थ्य बिमा, सञ्चार र सुविधा को समस्या उत्पन्न हुनेछ। राजनीति केवल उम्मेदवार-जनताबीचको सम्बन्ध मात्र होइन। यो सामाजिक, आर्थिक, प्रशासनिक र अन्तर्राष्ट्रिय कारकहरुद्वारा चल्ने जटिल प्रक्रिया हो। बालेन-रवि जोडीले केही आलोचना र चुनौतीहरु सामना गरेको छ। जसलाई गम्भीररुपमा विवेचनागर्न आवश्यक छ। राजनीतिमा अनुभवको ठूलो भूमिका हुन्छ। खासगरी कुटनीति, प्रशासनिक निर्णय र अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा। यदि एक जोडी युवा, लोकप्रिय र शैलीमा बलियो होला तर राजनीतिक अनुभव, कार्यान्वयन क्षमता र परिपक्वतामा कमजोर भयोभने राज्यको सञ्चालनलाई सम्हाल्न कठीनाइ हुनेछ। नेपाली राजनीति धेरै दल र गठबन्धनमा आधारित छ। राजनीतिक स्थायित्व प्राप्तगर्न स्थिर गठबन्धन, पार्टी अनुशासन र साझा नीति को आवश्यकता हुन्छ। यदि जोडीभित्र **बाँकी ७ पेजमा**

# खाडी युद्धले नेपालको आर्थिक क्षेत्रमा पारेका ताजा असरहरु

काठमाडौं। खाडी युद्धले नेपालमा गंभिर ढंगका असरहरु पर्दैगएको देखिएको छ। इरानमाथि इजरायल र अमेरिकाले गरेको संयुक्त र आकस्मिक आक्रमणपछि मध्यपूर्वमा सल्किएको युद्धको आगोले विश्व राजनीति र अर्थतन्त्रलाई गंभिर संकटमा धकेलेको देखिएको छ। त्यसमा पनि नेपाल आर्थिकरुपमा धेरै मारमा परेको देखिएको छ। मध्यपूर्वमा बढेको तनावका कारण इन्धन आयातमा अवरोधहरु आउन सक्ने अवस्था रहेको छ। यसैक्रममा भारत, पाकिस्तान र श्रीलंकाले आआफ्नो बन्दोबस्त थालेको देखिएको छ। श्रीलंकाको प्रमुख आवाश्यक सेवा कार्यालयले सरकारी निकायहरुका लागि इन्धन र ऊर्जा बचतसम्बन्धी निर्देशिका नै जारीगरेको छ। सो निर्देशिका मन्त्रालय सचिव, प्रादेशिक तथा जिल्ला सचिव र सरकारी तथा कानूनी संस्थाहरुका प्रमुखहरुलाई वितरण गरिएको छ। जसमा सार्वजनिक क्षेत्रभरि इन्धन र बिजुलीको खपत घटाउने उपायहरु अपनाउन सुझाव दिइएको छ। निर्देशिकाका अनुसार कर्मचारीहरुले व्यक्तिगत सवारीसाधन प्रयोग नगरी सम्भव भएमा सार्वजनिक यातायात वा समूहिक यातायातको प्रयोग गर्नुपर्ने भनिएको छ। त्यसैगरी कतिपयले आआफ्नो देशका कर्मचारीको तलबमा समेत कटौती गरेका छन्। मध्यपूर्वको तनावका कारण नेपाली अर्थतन्त्र प्रत्यक्ष प्रभावित हुनथालेको पाइन्छ। युद्ध थप लम्बिएको खण्डमा अपनाउनुपर्ने वैकल्पिक रणनीतिबारे अर्थमन्त्रालयले अध्ययन गरिरहेको भने पनि सरकार परिवर्तनका कारण सो अध्ययनको निचोड आउन सकेको छैन। गतसाता नै सो मन्त्रालयले ग्यास र ऊर्जाका वैकल्पिक श्रोत पहिचान गर्नेबारे अध्ययन तथा छलफल अघि बढाएको भनिएको थियो। भनिन्छ वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको सुरक्षा र आवश्यक परे फिर्ताको योजना पनि बनाइँदै छ। नेपालमा रुस-युक्रेन युद्धले हालको मध्यवपूर्वको द्वन्दको जस्तो प्रत्यक्ष असर परेको थिएन। पछिल्लो द्वन्दका कारण नेपाललाई पर्ने नकारात्मक प्रभावलाई कसरी कमगर्न सकिन्छ र कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा अन्य क्षेत्रमा समेत छलफलहरु हुन थालेका छन्। जसमा ग्यासका वैकल्पिक श्रोतहरु के,के हुन सक्छन्, वैदेशिक रोजगारीमा रहेका नेपालीलाई कसरी सुरक्षितगर्न सकिन्छ र फिर्ता गर्नुपरे कसरी सुरक्षित फिर्ता गराउने सकिन्छ र अर्थतन्त्रमा पर्ने अन्य प्रभावबारे अध्ययनमा भइरहेको र सोहीअनुसार आर्थिक नीति तयगरिने सरकारी अधिकारीहरुको भनाई छ। अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरणका लागि आर्थिक नीतिहरुको पुनरवलोकनगर्दै अर्थमन्त्रालयले युद्धका कारण प्रभावित हुनसक्ने क्षेत्रहरुको पहिचानगरी सोहीअनुसार आगामी आर्थिक तथा अन्य नीतिहरुमार्फत सम्बोधनगर्ने तयारी गरेको बताइन्छ। उक्त युद्धका कारण कच्चापदार्थ पाउन गाह्रो र अत्यधिक **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## मध्यपूर्वको चर्किंदो युद्ध र इन्धनको जोहोमा लागेका बिभिन्न देशहरु

कर्तव्य

मध्यपूर्वमा जारी द्वन्द थप जटिल बन्दैगएपछि बिभिन्न मुलुकहरुले आआफ्नै ढंगले इन्धनको जोहोगर्न लागेको देखिएको छ। एकातिर सैन्य आक्रमण तीव्र भइरहेका छन्भने अर्कोतिर कूटनीतिक पहलहरु अस्पष्ट र विरोधाभासी देखिएका छन्। इजरायल र इरानबीच प्रत्यक्ष आक्रमण आदानप्रदानसँगै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्तिहरुको भूमिकाले युद्धको दिशा अझ अनिश्चित बनाएको छ। इजरायली सेनाले गतसाता बिहीबार इरानका बिभिन्न स्थानहरु, विशेषतः इस्फहानजस्ता केन्द्रीय सहरहरुमा आक्रमणको लहर चलाएको जनाएको छ। एएफपीको एक समाचारअनुसार यसको जवाफमा इरानले



प्रक्षेप्यास्त्र आक्रमण गरेपछि इजरायलले आफ्नो हवाई प्रतिरक्षा प्रणाली सक्रिय पारेको थियो। त्यसक्रममा काफ्र कासेम क्षेत्रमा केही घाइते भएको चिकित्सकहरुले बताएका छन्। युद्धको उद्देश्यबारे पनि नयाँ बहस शुरुभएको छ। पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले सामाजिक सञ्जालमार्फत स्ट्रेट अफ होर्मुज पुनः खोल्ने विषय युद्धको केन्द्रमा सरेको संकेत गर्नुभएको छ। सो जलमार्ग बन्द हुनु अन्तर्राष्ट्रिय ऊर्जा आपूर्तिमा ठूलो असरपार्ने भएकाले यसको रणनीतिक महत्त्व उच्च छ। युद्धको असर विश्व अर्थतन्त्रमासमेत देखिएको छ। तेलको मूल्यमा वृद्धि भएको छभने सेयर बजारमा मिश्रित प्रतिक्रिया देखिएको छ। ब्रेन्ट क्रुडको मूल्य एक प्रतिशतले बढेर १०३.२५ डलर प्रति ब्यारेल पुगेको छभने वेस्ट टेक्सास इन्टरमिडियेट १.२ प्रतिशतले बढेर ९१.४१ डलरमा कारोबार भइरहेको छ। एशियाली बजारमा उतारचढाव देखिँदा लगानीकर्ताहरु सम्भावित कूटनीतिक समाधानको प्रतीक्षामा छन्। चीनलेभने परिस्थिति सुधारतर्फ सानो आशा देखिएको जनाएको छ। चिनियाँ विदेशमन्त्री वाङ यीले टर्की र इजिप्टका समकक्षीसँगको संवादमा इरान र अमेरिका दुवै वार्तामा फर्कन इच्छुक देखिएको संकेत गर्नुभएको छ। तर यो दाबी अन्य पक्षहरुको भनाइसँग मेल खाँदैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान वार्तामा संलग्न रहेको तर सार्वजनिकरुपमा स्वीकारगर्न डराइरहेको आरोप लगाउनुभएको छ। उहाँकाअनुसार इरानी वार्ताकारहरु आफ्नै पक्षबाट जोखिममा पर्नसक्ने डरले खुलेर कुरा गर्न सकिरहेका छैनन्। तर इरानका विदेशमन्त्री अब्बास अराघचीले स्पष्ट रुपमा वार्ता अस्वीकार गर्दै वर्तमान नीति 'प्रतिरोध' मा आधारित रहेको बताउनुभएको छ। उहाँले वार्ता गर्नु भनेको हार स्वीकार्नु सरह हुने धारणा राख्नुभएको छ। यसबीच अमेरिकाले इरानको सैन्य क्षमतामा ठुलो क्षति पुर्‍याएको दाबी गरेको छ। अमेरिकी सेनाका अधिकारीकाअनुसार इरानका दुई तिहाइ मिसाइल तथा ड्रोन उत्पादन संरचना ध्वस्त पारिएको छ र आक्रमण क्षमतामा ९० प्रतिशतसम्म गिरावट आएको छ। क्षेत्रीय तनाव थप बढाउने घटनाहरु पनि भएका छन्। कुवेतले इरान समर्थित हिजबुल्लाहसँग सम्बन्धित रहेको आरोपमा छ जनालाई पक्राउ गरेको छ, जसले देशभित्र आक्रमणको योजना बनाइरहेका थिए। उता इरानका संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफले केही शत्रुहरुले क्षेत्रीय सहयोगमा इरानी टापुहरु कब्जा गर्ने योजना बनाइरहेको चेतावनी दिनुभएको छ। खाडी क्षेत्रका देशहरु–साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन र जोर्डन–ले संयुक्त वक्तव्य जारीगर्दै इराकलाई आफ्नो भूमिबाट इरान समर्थित समूहहरुद्वारा हुने आक्रमण रोक्न आग्रह गरेका छन्। यसैबीच, लेबनानस्थित हिजबुल्लाह समूहले इजरायलसँग कुनैपनि युद्धविराम वार्ता अस्वीकार गरेको छ। समूहका प्रमुख नइम कासिमले यस्तो वार्ता आत्मसमर्पण बराबर हुने बताउनुभएको छ। समूहले पछिल्लो दिन ८० भन्दा बढी आक्रमण गरेको दाबी गरेको छभने दक्षिण लेबनानमा इजरायली आक्रमणबाट कम्तीमा आठ जनाको मृत्युभएको रिपोर्ट गरिएको छ। विपरीत दाबीहरुका बीचमा अमेरिकी पक्षलेभने वार्ता जारीरहेको जनाएको छ। ह्वाइट हाउसका अनुसार अमेरिका र इरानबीच संवाद भइरहेको र त्यसले केही प्रगति समेत देखाएको छ, यद्यपि यसको विवरण पूर्ण रुपमा सार्वजनिक गरिएको छैन। इरानसँग संयुक्त राज्य अमेरिका र इजरायलको युद्धका कारण विश्वभर इन्धनको अभाव भएको छ। अमेरिका र इजरायलले गत महिना इरानमा आक्रमणगर्न थालेयता विश्वबजारमा पेट्रोलियम पदार्थको मूल्य बढेसँगै संकट उत्पन्न भएको छ। इन्धनको संकट उत्पन्न भएपछि यसको बचतगर्ने उद्देश्यले श्रीलंका, फिलिपिन्स, म्यानमार, भियतनाम, थाइल्यान्ड, जापानसहितका देशले बिभिन्न उपाय अपनाउन थालेका छन्। इन्धनको चरम अभाव र अचाक्ली मूल्यवृद्धिका कारण फिलिपिन्सले राष्ट्रिय ऊर्जा संकटकाल घोषणा गरेको छभने श्रीलंकाले कडा ऊर्जा बचत निर्देशिका जारीगरेको छ। इन्धनको बचतगर्ने भन्दै श्रीलंकामा सरकारले प्रत्येक बुधवार सार्वजनिक बिदादिने निर्णय पनि गरेको छ। श्रीलंकाका राष्ट्रपति अनुर कुमार दिशानायकले हामीले नराम्रोभन्दा नराम्रो परिस्थितिका लागि तयारी हुनुपर्ने बताउनु भएको छ। इरानसँगको लडाइँ शुरुभएपछि स्ट्रेट अफ होर्मुज अवरुद्धहुँदा इन्धनका कारण उत्पन्न असहज परिस्थिति सामना गर्न एशियाली देशहरुले बिभिन्न उपाय अवलम्बनगर्न थालेका छन्। स्ट्रेट अफ होर्मुज खाडी क्षेत्रबाट पेट्रोलियम पदार्थ आयातगर्ने प्रयोग गरिने सबैभन्दा प्रचलित जलमार्ग हो। इरानले उक्त जलमार्ग प्रयोगगर्ने तेलवाहक **बाँकी ७ पेजमा**

# नेकपाको द्वैध चरित्र र रास्वपासँगको साँठगाँठका कुरा

**मोहनबिक्रम सिंह**



नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले उनीहरुका ५० प्रतिशत सदस्यले घण्टीमा भोट हालेको बताउँदै उनीहरुका विरुद्ध कारवाही गर्ने बताएका छन् । उनीहरुका ५० प्रतिशत सदस्यलेनै घण्टीमा भोट हालेका थिएभन्ने दाहालको भनाइमा कति सत्यता छ ? त्यो त निश्चितरुपमा भन्न सकिन्न तैपनि उनको त्यो भनाइबाट नेकपाका सदस्यको एउटा ठूलो संख्याले घण्टीमा भोट हालेको कुराको अनुमानगर्न सकिन्छ । नेकपाका धेरै सदस्यले घण्टीमा किन भोट हाले र त्यसको कारण के हो ? त्यो पनि एउटा गम्भीर र विचारणीय प्रश्न हो । त्यसका लागि नेकपा वा त्यो बेलाको माओवादीको नेतृत्वनै जिम्मेवार भएको कुरा सजिलैसित अनुमानगर्न सकिन्छ । नेकपाको नेतृत्वले शुरुदेखि नै कथित स्वतन्त्र पार्टीप्रति सम्झौतापरस्त नीति अपनाउँदै आएको थियो । उनीहरुले त्यो संगठनसित गठबन्धनको नीति मात्र अपनाएका थिएनन् तर नेपालको वैध नागरिकतासमेत नभएको र अमेरिकी पासपोर्ट र नागरिकतासमेत भएको त्यो संगठनको सभापतिलाई उपप्रधानमन्त्री र गृहमन्त्रीसमेत बनाएका थिए । जब त्यो संगठनका सभापतिसित सम्बन्धित सहकारी रकमको हिनामिना र ठगीको कुरा उठ्यो, उनले उनी पूरै निर्दोष भएको दाबीसमेत गरेका थिए । अब यो कुरा दिनको उज्यालोजस्तै छर्लङ्ग भएको छकि कथित स्वतन्त्र पार्टी नेपालमा अमेरिकाको साम्राज्यवादी रणनीति पूरागर्न नै गठन भएको थियो र त्यसले अमेरिकाको मदतमा नै चुनावमा भारी बहुमत प्राप्त गरेको थियो तर दाहालले, जसले आफूलाई नेपालको सबैभन्दा सच्चा कम्युनिष्ट भएको दाबी गर्दछन्, उनले नै अमेरिकी साम्राज्यवादद्वारा परिचालित एउटा राजनीतिक शक्तिप्रति सही दृष्टिकोण अपनाउने कुरा त परै छ, त्यसप्रति मेलमिलापको नीति अपनाए । त्यसको परिणाम यो भयोकि उनको संगठनभित्र उनका कार्यकर्ता वा सदस्यमासमेत घण्टीप्रति व्यापक भ्रम पैदाभयो र चुनावमा उनीहरुले ठूलो पैमानामा त्यसलाई भोट दिए । यसरी उनको संगठनमा आएको त्यस प्रकारको विचलनका लागि स्वयं त्यसको नेतृत्व नै जिम्मेवार भएको कुरा स्पष्ट छ । के त्यसबारे त्यसको नेतृत्वले पुनर्विचार गरेर आफ्नो गलत नीतिमा सुधार गर्ला ? कथित स्वतन्त्र पार्टीप्रति त्यही प्रकारको सम्झौतापरस्त नीति ओलीको नेतृत्वमा एमालेले पनि अपनाएको थियो । दाहाल र ओली दुवैले त्यही प्रकारको राजनीतिक गल्ती गरेका थिए । उनीहरुको त्यस प्रकारको गल्तीबाट पूरै राजनीतिमा धेरै नै ठूलो असर परेको थियो । त्यसलेगर्दा पनि देशमा अमेरिकी साम्राज्यवाद र त्यसको पक्षमा काम गर्न देशमा देखा परेको कथित स्वतन्त्र पार्टीको पक्षमा भ्रम पैदागर्न पनि धेरै मदत पुगेको थियो । दाहाल वा ओलीले स्वतन्त्र पार्टी प्रति जुन सम्झौताप्ररस्त दृष्टिकोण अपनाएका थिए, त्यसका मूलमा उनीहरुको अमेरिकी साम्राज्यवादप्रतिको सम्झौतापरस्त दृष्टिकोणले नै काम गरेको थियो । उनीहरुले यो सोचेका थिए, अमेरिकी साम्राज्यवादको त्यसरी सेवा गरेर उनीहरु लामो समयसम्म सत्तामा रहन सक्नेछन् तर त्यो उनीहरुको अवसरवादी सोचाइ थियो । त्यसका साथै त्यो उनीहरुको अदूरदर्शितापूर्ण सोचाइ पनि थियो । अन्तमा अमेरिकाले उनीहरुलाई विस्थापितगर्ने नीति अपनायो । त्यो कुरा व्यवहारबाट नै प्रस्ट भइसकेको छ । उनीहरुलाई मुख्य रुपले भ्रष्टाचार र कुशासनको नाममा विस्थापित गर्ने कार्य गरियो । जेनजीले निश्चय नै भ्रष्टाचार र कुशासनका विरुद्ध इमानदारिपूर्वक संघर्ष गरेका थिए तर कथित जेनजीको भ्रष्टाचारको अन्त्य गर्ने कुरासित कुनै सम्बन्ध थिएन । यदि त्यसो भएको भए अरबौं रुपैयाँ सहकारी रकमको हिनामिनागर्ने वा गृहमन्त्री भएको बेलामा ठूलो भ्रष्टाचार गरेर राष्ट्रिय परिचयपत्र विदेशी कम्पनीलाई ठेक्का दिने व्यक्तिलाई समर्थनगर्ने थिएनन् । अमेरिकी साम्राज्यवाद वा त्यसको पक्षमा कामगर्ने तत्वलाई कसले भ्रष्टाचार गर्दछ वा गर्दैन ? त्यो मुख्य कुरा थिएन । अमेरिकी साम्राज्यवादका लागि कसले अन्धाधुन्ध प्रकारले त्यसको रणनीति पूरा सहयोगगर्ने काम गर्छ वा गर्दैन ? त्यो मुख्य कुरा थियो । दाहाल ओली वा कांग्रेसले उनीहरुप्रति सम्झौतापरस्त नीति अपनाए पनि उनीहरुले एक चीनको नीतिलाई समर्थन गर्थे र स्वतन्त्र तिब्बतको नीतिलाई समर्थन गर्दैनथे । त्यसैले अमेरिकाको दृष्टिकोणमा उनीहरु ढुलमूल तत्व थिए । त्यसैले अमेरिकी साम्राज्यवादले उनीहरुलाई विस्थापितगर्ने नीति अपनायो र उनीहरुको ठाउँमा पूरै नै त्यसद्वारा परिचालित तत्वलाई अगाडि ल्यायो । अहिले जसरी घोषितरुपले नै स्वतन्त्र तिब्बत पक्षधर तत्व अगाडि आएका छन् । त्यसबाट अमेरिकाको रणनीतिको सेवागर्न कुन प्रकारका तत्वको आवश्यकता थियो ? त्यो कुरा छर्लङ्ग भएको छ । नेका एउटा बुर्जुवा पार्टी हो । त्यसकारण त्यसले अमेरिकी साम्राज्यवादप्रति अपनाएको साम्राज्यवादपरस्त नीति एक प्रकारले सामान्य कुरा थियो भन्न सकिन्छ तर जसले आफूलाई सच्चा कम्युनिष्ट वा कम्युनिष्ट आन्दोलनको मूलधार बताउँछन् । उनीहरुले अपनाएको साम्राज्यवादपरस्त नीति अक्षम्य अपराध हो । त्यसबाट देशलाई अमेरिकी साम्राज्यवादद्वारा परिचालित वा स्वतन्त्र तिब्बत पक्षधर तत्वलाई सत्तामा आउन मात्र मदत पुगेन तर त्यस प्रकारको नीति स्वयं उनीहरुका लागि पनि आत्मघाती बन्न पुग्यो । जसका थप परिणाम र यथार्थहरु अझ खुल्दै जाने छन् । (**लेखक नेमपा मसालका महामन्त्रि हुनुहुन्छ । )**

# नेपाली भूमिमा बढ्दो चीन र भारतको संयुक्त अतिक्रमण

**विवेक शर्मा**

नेपाली भूमिमा छिमेकी मुलुक चीन र भारतबाट जसरी संयुक्त अतिक्रमण शुरुभएको छ, त्यसको समयमै समाधान गरिएनभने दीर्घकालीनरुपमा असरगर्ने देखिएको छ । भारतको उत्तराखण्ड राज्य सरकारका अधिकारीले छबर्षको अन्तरालपछि यसै बर्षबाट भारत र चीनले लिपुलेक पासहुँदै सीमा व्यापारगर्ने धारणा राखेको विवरण बाहिर आएसँगै त्यसबारे बिभिन्न टिकाटिप्पणी थालिएका छन् । नेपालमा चुनावी सरकार बिदा हुनलागेको र नयाँ सरकार गठन भैनसकेको अवस्थामा गतसाता भारतको समाचारसंस्था प्रेस ट्रष्ट अफ इन्डिया (पीटीआई) ले उपरोक्त समाचार सार्बजनिक गरेको थियो । जसलाई बिबिसीलगायतका अन्तराष्ट्रिय समाचार संस्थाहरुले समेत महत्वकासाथ प्रकाशन र प्रसारण गरेका थिए । पिटिआईको सो समाचारमा जनाइएअनुसार भारतको केन्द्र सकारको निर्देशनपछि आगामी जुनदेखि सेप्टेम्बर महिनासम्म चल्ने व्यापार अघिबढाउन तयारी थालिएको भनिएको छ । नेपालका तत्कालीन परराष्ट्रमन्त्री बालानन्द शर्माले यस विषयमा आफूहरुले छलफल गरिरहेको भन्दै नेपाल सरकारले उपयुक्त प्रतिक्रिया जनाउने बीबीसी नेपाली सेवालाई बताउनुभएको थियो । तर त्यसबारे आवश्यक छलफल समेत गर्ननपाउँदै उक्त सरकार सत्ताबाट हट्नुपरेको छ । लिपुलेकलाई नेपाल र भारत दुवैले आफ्नो भूभाग दाबी गर्छन् र पछिल्ला बर्षहरुमा त्रिदेशीय सीमाविन्दुनजिकै रहेको सो स्थानलाई लिएर बेइजिङले लिएको नीतिप्रति पनि नेपालले असन्तुष्टि जनाउँदै आएको छ । गत अगष्टमा चिनियाँ विदेशमन्त्री वाङ यीको भारत भ्रमणका समयमा दुई देशले उक्त नाकाहुँदै व्यापार पुनः शुरुगर्ने सहमति गरेपछि नेपालले लिपुलेक आफ्नो अभिन्न भूभाग भएको भन्दै उक्त व्यापारिक मार्ग प्रयोगमा नल्याउन ध्यानाकर्षण गराएको थियो। हाल सरकारको नेतृत्वमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध विभागका एक सदस्यले सीमा समस्या वार्ताबाट हलगर्ने पक्षमा आफ्नो दल रहेकोभन्दै अब वार्ताबाटै समस्याको समाधान गरिने बिभिन्न समाचार माध्यमहरुलाई बताउनु भएको छ । गत फागुन २१ मा भएको प्रतिनिधिसभा निर्वाचनमा झन्डै दुईतिहाई मत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टीले सत्ताको नेतृत्व सम्हाल्न लाग्दा लिपुलेकहुँदै भारत र चीनले सीमा व्यापार थाल्नलागेको खबर प्रकाशमा आएको थियो । नेपाली अधिकारीहरुले आफूहरु हाल अध्ययनकैक्रममा रहेकोभन्दै उपयुक्त किसिमको प्रतिक्रिया जनाउने बताउने गरेका छन् । यस्तो प्रतिक्रिया यसअघि पनि पटक,पटक ब्यक्त हुनेगरेका थिए । भारतको पीटीआई समाचार संस्थाले डिष्ट्रिक्ट मजिष्ट्रेटलाई उद्धृतगर्दै सामान्यता जुनदेखि सेप्टेम्बर महिनासम्म चल्ने व्यापारका लागि केन्द्र सरकारको निर्देशनपछि तयारी अघि बढेको जनाएको छ । जसका लागि भारतको परराष्ट्र मन्त्रालयले नो अब्जेक्शन लेटर जारीगरेको र परराष्ट्रसचिव विक्रम मिश्रीले उत्तराखण्डका मुख्यसचिव आनन्द वर्द्धनलाई सो हिमालय पासहुँदै व्यापार सुचारुगर्न पत्राचार गरेको उक्त खबरमा जनाइएको छ । सो पत्रमा भारतको गृहमन्त्रालय र वाणिज्य तथा उद्योग मन्त्रालयले अघिबढ्न अनुमति दिएको पनि उल्लेख गरिएको छ । नेपाली अधिकारीहरुले उक्त समाचार प्रकाशमा आएपछि सो विषयलाई लिएर छलफल भएकोभन्दै कुनै न कुनै हिसाबले प्रतिक्रिया जनाउने भनेपनि हालसम्म त्यस्तो कुनै औपचारिक र आधिकारिक प्रतिक्रिया आउन सकेको छैन । गत बर्षको अगष्टमा भारत र चीनबीच भएको समझदारीप्रति प्रतिक्रिया जनाउँदै नेपालको परराष्ट्र मन्त्रालयले महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको बताएको थियो । परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा नेपालको संविधानमा नेपालको आधिकारिक नक्शा समावेश भइसकेको र उक्त नक्शामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ भनिएको थियो । जसमा नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रहगर्दै आएको व्यहोरा पनि विदितै छ । उक्त क्षेत्र नेपाली भूभाग रहेको विषय मित्रराष्ट्र चीनलाईसमेत जानकारी गराइसकिएको बेहोरा पनि अवगत नै छभन्ने उल्लेख थियो । नेपालको परराष्ट्र मन्त्रालयले त्यसबेला नेपाल र भारतबीच रही आएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धिसम्झौता, तथ्य, नक्शा र प्रमाणका आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधानगर्न नेपाल सरकार प्रतिबद्ध रहेको पनि उल्लेख गरेको थियो । लिपुलेकका विषयमा नेपालको असहमतिप्रति आपत्ति जनाउँदै भारतको विदेश मन्त्रालयले नेपाली दाबीको औचित्य प्रमाणितगर्न नसकिने र त्यो ऐतिहासिक तथ्य र प्रमाणहरुमा आधारित नभएको प्रतिक्रिया दिएको थियो । भारतीय विदेश मन्त्रालयका प्रवक्ताले नेपालको दृष्टिकोणलाई जानकारीमा लिएकोभन्दै कुनै पनि भूभागमाथि गरिएको एकपक्षीय कृत्रिम विस्तारसम्बन्धी दाबी बचाउगर्न नसकिने प्रकारको रहेको पाइएको थियो । भारतले लिपुलेक पासहुँदै सन् १९५४ देखिनै चीनसँग व्यापारगर्दै आएको बताउने गरेको छ । भारतीय भनाईमा सत्यता नभएको होइन । तर नेपालले यथा समयमा प्रतिवादगर्न नसकेका कारण उपरोक्त बिवादको छिनोफानो हुन नसकेको हो । दार्चुलाको व्यासभन्दा पारिपट्टी नेपालले दाबीगर्दै आएको कालापानी, लिपुलेक र लिम्पियाधुरा पर्छन् । गत भदौमा राष्ट्रिय स्वतन्त्र पार्टीले सन् १८१६ को सुगौली सन्धि र तत्पश्चात् भएका अन्य ऐतिहासिक सन्धिसम्झौताहरुका आधारमा लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र नेपालको सार्वभौम भूमिको अभिवाज्य अंश रहेको धारणा राखेको थियो । रास्वपाको अन्तर्राष्ट्रिय सम्बन्ध विभागका प्रमुखले त्यसबेला जारीगरेको विज्ञप्तिमा आफ्नो पार्टी स्पष्टरुपमा हिमालझैँ अडिग छ । नेपालको यस क्षेत्रमाथिको अधिकार ऐतिहासिक, भौगोलिक, राजनीतिक र कानूनी प्रमाणहरुले निर्विवाद स्थापित गर्दछ भनिएको थियो । गत फागुन २१ मा भएको प्रतिनिधिसभाको निर्वाचनका क्रममा रास्वपाले सार्वजनिक गरेको घोषणापत्रमा पनि सीमा विवादलाई उच्चस्तरीय कूटनीतिक संवादमार्फत् हल गरिने भनिएको थियो । सो बाचापत्रमा सीमा बिवाद र पुराना सन्धिसम्झौताहरु **बाँकी ७ पेजमा**

## नेपालको.

आन्दोलनलाई हिंसात्मकरुप दिन मुख्य र नेतृत्वदायी भूमिका खेल्ने तत्त्वबारे त्यसले केही पनि उल्लेख गरेको छैन । त्यो दिनको घटनाक्रममा भित्रबाट आज प्रधानमन्त्री बनेका व्यक्तिले निर्देशन दिइरहेको कुरा आम रुपमा चर्चामा आएको थियो। यो एउटा रहस्यमय प्रश्न हो। त्यसबारे आयोगले किन कुनै छानबिन गरेन र त्यो दिनको एउटा महत्त्वपूर्ण कडीलाई किन गायब गरिदियो ? त्यही प्रकारले 'हामी नेपाल' का शीर्षस्थ व्यक्तिले पनि त्यो दिनको आन्दोलनको नेतृत्व गरेको दाबी गरेका छन्। त्यो पक्ष पनि टिओबी जस्तै 'स्वतन्त्र तिब्बत' पक्षधर शक्ति थियो र त्यसको भूमिकाबारे पनि गहन छानबिनको आवश्यकता थियो। त्यसबारे पनि आयोगले कुनै छानबिन गरेको छैन। त्यही प्रकारले त्यो दिनको आन्दोलनमा कथित स्वतन्त्र पार्टीको पनि महत्वपूर्ण भूमिका रहेको थियो। नख्खु जेललाई तोड्ने काममा पनि कथित स्वतन्त्र पार्टीको सभापति जिम्मेवार भएको कुरा स्पष्ट छ र प्रतिवेदनले उनको त्यो कार्यलाई ढाकछोप गर्ने काम गरेको छ। यी सबै तत्त्वले त्यो दिनको आन्दोलनलाई हिंसात्मक रुप दिने योजनाबद्ध प्रकारले प्रयत्न गरेका थिए तर त्यस प्रकारका सबै गतिविधिको छानबिनबाट आयोग पूरै नै अलग रहेको छ। स्पष्ट छ, कथित जेनजीको जुन उद्देश्य पूरागर्न स्वयं सर्वोच्च अदालतको फैसलाको स्प्रिटकोसमेत अतिक्रमण गरेर त्यसलाई गठन गरिएको थियो, त्यही उद्देश्यअनुसारनै त्यो आयोगले काम गरेको छ र त्यसैको परिणाम हो कि भदौ २३ गतेको शान्तिपूर्ण आन्दोलनलाई हिंसात्मक रुप दिएर तथा कलिला छात्रछात्रालाई सहिद बनाएर आफ्नो निहित स्वार्थ पूरा गर्न षड्यन्त्र गरेका कथित जेनजीबारे त्यो आयोगले कुनै पनि प्रकारको छानबिन गर्ने काम गरेन। कार्की आयोगलाई भदौ २३ गतेका साथै २४ गतेको घटनाको पनि छानबिनगर्ने जिम्मेवारी दिइएको थियो तर त्यो प्रतिवेदनले स्वयं स्वीकार गरेको छ कि त्यस दिनको घटनाबारे त्यसले कुनै छानबिन गरेको छैन। त्यसले त्यो दिनको घटनाबारे किन कुनै छानबिन गरेन ? त्यो एउटा गम्भीर प्रश्न हो। त्यो दिन देशव्यापीरुपमा जुन तोडफोड, आगलागी वा ध्वंसात्मक कार्यका कारबाही गरिए, ती सामान्य कुरा थिएनन्। त्यसका साथै सामान्य र कलिला जेनजीको कुरा परै छ, एक दिनको स्वतःस्फूर्त जनसमूहद्वारा पनि देशव्यापी रुपमा त्यस प्रकारका ध्वंसात्मक कार्य हुन सक्दैनथे र लामो तथा योजनबद्ध तयारीद्वारा नै त्यस प्रकारका कार्य हुनसक्दथे। ओलीले बारम्बार आगो लगाउनेहरु भनेर जुन आक्षेप लगाउने गरेका थिए, त्यो आक्षेपलाई पूरै निराधार भन्न सकिन्न। त्यस प्रकारको आगलागीद्वारा देशको ठूलो क्षति भएको छ र त्यसको पुनर्निर्माणगर्न लामो समय लाग्नेछ। त्यसका लागि लाग्ने खर्च जनताको दैनिक जीवन र विकासका कार्यक्रमबाट कटौती गर्नुपर्नेछ। जुन व्यक्तिमा त्यस प्रकारको चरम प्रकारको गैरजिम्मेवार चरित्र रहेको छ, उनीहरुद्वारा देशको विकासमा कति मदत पुग्ला ? कसैले पनि सजिलैसित त्यो कुराको अनुमान गर्न सक्छ, तर यो देशमा व्यापकरुपमा देखापरेको लोकप्रियतावादको नै परिणाम होकि त्यस प्रकारका तत्त्वलाई पनि जनताको व्यापक समर्थन प्राप्त भएको छ। बत्ताइरहनुपर्ने आवश्यकता छैन कि त्यस प्रकारको जनसमर्थन स्वयं जनता र देशका लागि समेत आत्मघाती हुनेछ। चैत १५ गतेका तोडफोडका घटनासित सम्बन्धित तत्त्व पनि भाद्र २४ गतेका ध्वंसात्मक घटनासित सम्बन्धित भएको कुरा कुनै लुकेको कुरा होइन। त्यही प्रकारले सिआइए, रअ तथा ठूलो संख्यामा त्यो दिनका घटनामा संलग्न थिए। त्यो दिनको घटनासित सम्बन्धित मोबाइल वा भिडियो प्राप्तभएको कुरा स्वयं प्रतिवेदनले स्वीकार गरेको छ। त्यतिका धेरै ठोस प्रमाण प्राप्त भएको अवस्थामा त्यो दिनका तोडफोड र आगलागीसमेतका घटनाको छानबिन गर्ने र त्यसका लागि दोषीमाथि कारबाहीका लागि सिफारिस गर्ने काम आयोगले किनगर्न सकेन ? त्यो सामान्य कुरा होइन। स्पष्ट छ कि कथित जेनजीलाई बचाउने उद्देश्यले नै त्यो आयोगले भदौ २४ गतेका घटनामा प्रवेश गरेन। त्यसका साथै २४ गतेका घटनालाई नियन्त्रणगर्न प्रहरीले प्रभावशाली भूमिका खेल्न नसकेको कुरा पनि आयोगले स्वीकार गरेको छ। त्यही प्रकारले त्यो बेला विभिन्न स्थानमा ड्युटी गरेर बसेका सेनाका टुकडीले पनि आफ्नो जिम्मेवारी पूरा नगरेको कुराको पनि प्रतिवेदनले उल्लेख गरेको छ तर सेनाप्रमुखले त्यसबारे आवश्यक ध्यान नदिएको हुनाले नै देशभरि नै सेनाले २४ गतेका ध्वंसात्मक कारबाहीलाई रोक्न पर्याप्त ध्यान दिन नसकेको कुरा प्रष्ट छ तर त्यसबारे प्रतिवेदन मौन रहेको छ। त्यो आयोगको पूर्वाग्रहयुक्त कार्यप्रणालीसित सम्बन्धित एउटा अर्को उदाहरण पनि उल्लेखनीय छ। रुपन्देहीको बुटवलमा भदौ २४ गते राष्ट्रिय जनमोर्चाको कार्यालयमा पनि तोडफोड गर्ने र आगो लगाउने काम गरिएको थियो। आयोगको प्रतिवेदनमा रुपन्देहीका अन्य सबै तोडफोड वा आगलागीका घटनाको विवरण दिइएको छ तर राष्ट्रिय जनमोर्चाको कार्यालयमा गरिएको तोडफोड वा आगलागीको कुनै उल्लेख गरिएको छैन। त्यही प्रकारले प्युठान र अर्घाखाँचीका राष्ट्रिय जनमोर्चाका कार्यालयमा गरिएको तोडफोड वा आगलागीको पनि कुनै उल्लेख गरिएको छैन जबकि त्यहाँ भएका त्यस प्रकारका तोडफोड आगलागीबाट ती कार्यालयमा भएको क्षतिबारे प्रशासनद्वारा आधिकारिक प्रकारले नै जाँच गरिएको थियो। राष्ट्रिय जनमोर्चा वा त्यसका अध्यक्ष का. चित्रबहादुर केसीले कथित स्वतन्त्र पार्टीका सभापतिले सहकारीको रकममा ठूलो पैमानामा गरिएको ठगी वा हिनामिनाबारे निष्पक्ष जाँच भएर कारबाही गर्नुपर्नेबारे दृढतापूर्वक आवाज उठाउँदै आउनुभएको छ। यो प्रश्न गर्ने ठाउँ छ कि त्यो पक्षका व्यक्तिको प्रभावले नै आयोगले बुटवल, प्युठान वा अर्घाखाँचीमा राजमोका कार्यालयमा गरिएको तोडफोडलाई दबाउने प्रयत्न गरिएको त होइन ? त्यसबाट पनि गौरीबहादुर कार्की त्यस प्रकारको जाँचबुझको लागि उपयुक्त व्यक्ति थिएनन् र त्यसैले उनको अध्यक्षतामा तयार भएको प्रतिवेदन पनि निष्पक्ष र न्यायपूर्ण नभएको कुरा प्रष्ट छ। त्यो आयोगलाई भदौ २३ र २४ गतेका घटनाको छानबिन गर्न जिम्मा दिइएको थियो तर उनले एकतर्फी रुपमा २३ गतेका घटनाबारे आंशिकरुपमा केही छानबिन पनि गरे र त्यसका लागि जिम्मेवार व्यक्तिका विरुद्ध कारबाहीको लागि सिफारिस पनि गरे तर भदौ २४ गतेको घटनाबारे कुनै छानबिन गर्ने वा कुनै सिफारिस दिने कामसमेत गरेनन्। त्यसबाट उनमा पूर्वाग्रहयुक्त सोचाइ भएको कुरा बुझ्न गाह्रोपर्दैन तैपनि उनले आफ्नो प्रतिवेदनमा के लेखेका छन् भन्ने आधारमा होइन, तथ्यगत रुपमा के कुरा वास्तविक हो ? त्यसको आधारमा नै हामीले उनको प्रतिवेदनको मूल्यांकन गर्नुपर्दछ र हामीले त्यही गरेका छौं। कार्की प्रतिवेदनको अर्को गम्भीर र असंगत प्रकारको पक्ष यो पनि हो कि त्यसले आफ्नो क्षेत्राधिकारभन्दा बाहिरको क्षेत्रमा पनि प्रवेश गरेको छ। एउटा पूर्वन्यायाधीशजस्तो जिम्मेवार पदमा रहेको व्यक्तिको त्यस प्रकारको व्यवहारलाई कुनैपनि अवस्थामा सही भन्न सकिन्न। त्यस सन्दर्भमा त्यसले संविधान निर्माणको पूरै जिम्मेवारी सर्वोच्च अदालतलाई दिनुपर्ने कुरासम्म गरेको छ। त्यो विचार प्रजातन्त्रको शक्ति पृथकीकरणको सिद्धान्तको पूरैविरुद्ध छ। आयोगको प्रतिवेदनसित सम्बन्धित अर्को महत्वपूर्ण प्रश्न हो, त्यसको कार्यान्वयनको प्रश्न। त्यो आयोगले भदौ २३ गतेको घटनासित सम्बन्धित ओली सरकारबारे केही सही मूल्यांकन गरेको छ र केही सही सुझाव पनि दिएको छ तर बाँकी विषयमा त्यसको सम्पूर्ण कार्य पूर्वाग्रहयुक्त र गैरजिम्मेवार प्रकारको रहेको छ, जस्तै कि २३ गतेको जेनजीको शान्तिपूर्ण आन्दोलनलाई हिंसात्मक रुप दिन उक्साउने तत्त्वको भूमिकालाई पूरै उपेक्षागर्नु २४ गतेका तोडफोड र आगलागीसित सम्बन्धित घटनाबारे कुनै पनि प्रकारको छानबिनलाई पूरै पन्छाउने पद्धति र आफ्नो क्षेत्राधिकारभन्दा बाहिरका विषयमा स्वेच्छाचारी प्रकारले प्रवेश गर्ने कार्यशैली। त्यसरी समग्र रुपमा के भन्न सकिन्छ भने आयोगको त्यो प्रतिवेदनले कुनै सकारात्मक अर्थ वा महत्त्व राख्दैन तर त्यसको अर्थ भदौ २३ र २४ का घटनाको सही, निष्पक्ष र न्यायोचित प्रकारको छानबिनको आवश्यकता छैनभन्ने होइन भनिएको छ।

# नेपालमा नयाँ सरकारको गठन र भ्रष्टाचार निवारणको प्रशंग



बिष्णु गिरी

## आर्थिक मञ्च

नेपालमा नयाँ सरकार गठन भए लगत्तै फेरी भ्रष्टाचार निवारणका प्रशंगहरु उठ्न थालेका छन्। मानिसमा आफूबाट भ्रष्टाचार र अरुबाट सदाचार चाहाने अनौठो प्रबृत्ति रहेको छ। हरेक मानिसले आफूबाट नभई अर्कोबाट सदाचार व्यवहारको अपेक्षा गर्छ। आफूले गरेका काम कारवाहीको मूल्यांकन गर्दैन। यसले पनि भ्रष्टाचार मौलाइरहेको छ। भ्रष्टाचारलाई आर्थिक अपराधहरु सित जोडिन्छ। भ्रष्टाचारलाई आपराधिक अपराधको एक रुप हो, जसमा एक व्यक्ति वा संगठनले प्राप्त गरेको अधिकारको स्थितिमा अवैध लाभहरु प्राप्तगर्न वा आफ्नो व्यक्तिगत लाभको लागि शक्तिको दुरुपयोग गर्दछन्। सामान्यरुपमा भन्दा सार्वजनिक पद धारण गरेको व्यक्तिले पदीय शक्तिको दुरुपयोग गरेको अवस्था नै भ्रष्टाचार हो। तर पछिल्लो समय नेपालमा सार्वजनिक पदमा बसेको ब्यक्तिको नाम, फोटो या भनौं सरकारी निकायमा बसेका ब्यक्तिहरुलाई देखाएर पनि आन्तरिकरुपमा भष्ट्रचार हुनेगरेको छ। अभिनेता राजेश हमालको नाममा भ्रष्टाचार गरेको आरोपमा चार जनाविरुद्ध मुद्धा दायर भएको छ। अछामको ढकारी गाउँपालिकाले हमालको तस्बिर प्रयोग गरेर बनाइएको भनिएको वृत्तचित्तका लागि १२ लाख ७७ हजार २५० रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्धादायर गरेको हो। गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर साउद, निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण साह र लेखापाल विमल साउदविरुद्ध सार्वजनिक सम्पत्ति दुरुपयोगगरी भ्रष्टाचार गरेको अभियोगमा मुद्धा दायर गरिएको अख्तियारले जनाएको छ। यो घटनाबाट पनि प्रश्ट हुन्छकी बिभिन्न चर्चित ब्यक्ति सरकारी निकायलाई देखाएर पनि भष्ट्रचार हुनेगरेका छन्। ट्रान्सपरेन्सी इन्टरनेसनलको पछिल्लो प्रतिवेदनअनुसार नेपाल विश्वका भ्रष्टाचार हुने १८० देशमध्ये १२२ औं नम्बरमा छ। बिश्वमा राजस्व प्रशासन, विकास प्रशासन, प्रहरी प्रशासन तथा न्याय प्रशासनमा भ्रष्टाचार बढी मात्रामा हुनेगर्छ। नेपालमा परिवारकै कुरा गरौ सानो बालकलाई कुनै सामान किन्न पठाउँदा उसलाई सामानको मूल्यभन्दा केही रकम थप दिएर पठाउने चलन छ। जबकी ऊ सजिलै सामान किन्न जान मानोस्। यसले बालकहरुको अबोध मानसपटलमा कमिसन खाने प्रवृत्तिको छाप हाम्रो परिवारलेनै बसाएको छ। नेपालीहरु छिटोभन्दा छिटो धनी हुने चाहना हुन्छ। यसले पनि भ्रष्टाचार मौलाएको पाइन्छ। हरेक मानिसले आफूबाट हैन, अर्कोबाट सदाचार व्यवहारको अपेक्षा गर्छ। आफूले गरेका काम कारवाहीको मूल्यांकन गर्दैन। यसले पनि भ्रष्टाचार मौलाइरहेको छ। भ्रष्टाचारमा घुस, आर्थिक अपचलन, नीतिगत भ्रष्टाचार, निर्णयगत भ्रष्टाचार, निर्वाचन भ्रष्टाचार आदि पर्छन्। भ्रष्टाचार प्राकृतिक र कानूनी व्यक्तिबाट हुनसक्ने भए पनि कानूनी व्यक्तिको सञ्चालनमा पनि प्राकृतिक व्यक्तिनै रहने हुनाले मानिसको नै यसमा भूमिका हुन्छ। ट्रान्सपरेन्सी इन्टरनेसनलकाअनुसार भ्रष्टाचार बढी हुने कारणहरुमा शक्ति, पद र पैसाको चाहनामा वृद्धि, उच्च स्तरको राजनीतिक तथा आर्थिक हैसियतको तीव्र चाहना, कमजोर प्रजातन्त्र, स्थापित प्रणालीको अभाव, पारदर्शिताको कमी, जवाफदेहिताको कमी, विधिको शासन नहुनु, नागरिक नियन्त्रण र खबरदारीको कमी, सामाजिक जागरण र चेतनाको कमी, गरिबी र आर्थिक अवसरको अभाव, सामाजिक र राजनीति अस्थिरता लगायतका कारणहरु छन्। सार्वजनिक र सरकारी निकायमा रहेका मानिसले कानूनले तोकेको कार्य नगर्ने, गैरकानूनी तरिकाले घुस वा आर्थिक लाभ लिने, नीतिगत व्यवस्थागरी व्यक्तिगत लाभलिने वा नीतिको अपव्याख्यागरी आफूलाई लाभ पुग्ने कार्यगर्ने, अख्तियारको दुरुपयोग गर्नेजस्ता कार्यलाई भ्रष्टाचार भनिन्छ। नेपालको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन-०४८ को दफा २ (ज) मा भ्रष्टाचार भन्नाले भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुने कसुर सम्झनुपर्छ भनिएको छ। सार्वजनिक र सरकारी निकायका अख्तियारप्राप्त व्यक्तिले भ्रष्टाचार गर्छन्भने राज्यका अन्य निकायमा त्यसको प्रभाव बढी पर्छ। राजनीतिक नेता भ्रष्टहुँदा त्यसको प्रभाव सरकार, अदालत, संसद्, सेना, प्रहरी, अख्तियारजस्ता अनुसन्धानगर्ने निकायहरुमा परेको हुन्छ। भ्रष्टाचार सामाजिक अपराध भएकाले यसले समाज, नैतिकता, मानवीयता, संस्कार र संस्कृतिलाई ध्वस्त बनाउने गरेको छ। भ्रष्ट र भ्रष्टाचारीलाई समाजले सबैतिरबाट बहिष्कार र तिरस्कारगर्ने, गलत र नराम्रो मान्दै त्यस्तो गतिविधिलाई परिवार र समाजकै स्तरबाट विरोध र घृणा गरिदिने होभने यसमा कमी हुनसक्छ।मान्छेको आचार अनि व्यवहारसँग जोडिएको यो भ्रष्टाचार शब्द आफैमा यस्तो एउटा खराब आचरण हो, जसले स्वयं व्यक्तिलाई त निरन्तर खोक्र्याइरहेको हुन्छनै सँगसँगै त्यसले राष्ट्र अनि राष्ट्रका सारा विधि, कानून र प्रणालीहरु पनि ध्वस्त पारिरहेको हुन्छ। नेपालमा सुनकाण्डलगायतका काण्डहरुले नेपालमा भ्रष्टाचारको डरलाग्दा पहरो देखाउँछ। विश्व बैंकको एउटा अध्ययनले गरिब तथा विकासोन्मुख अर्थात विकास भइरहेका देशहरुमा भ्रष्टाचार बढी भएको तथ्यहरु फेलापारेको छ। विश्व बैंकको त्यो अध्ययन निष्कर्षको एउटा भाव के हो भने भ्रष्टाचारगर्न वा हुनका लागि गरिबनै हुनुपर्दैन तर धनीले भ्रष्टाचारै गर्दैनभन्ने पनि होइन। ललिता निवासको जमिन, बाँसबारी र बालमन्दिर लगायतका सरकारी जग्गा जमिनदेखि गिरिबन्धु टी स्टेटसम्मको लहरोमा बल्झिएका हाम्रा आदर्श मान्छेहरुको अनुहारले जोसुकैलाई झस्काउँछ। कोराना कालमा ओम्नी काण्ड त्यसको एउटा ताजा उदाहरण हो। नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहमा मुछिएका राजनीतिक दल र तिनका नेतादेखि उच्च तहका कमर्चारीहरुको मिलेमतो ललिता निवासको जमिन, बाँसबारी र बालमन्दिरलगायतका सरकारी जग्गाजमिनदेखि गिरिबन्धु टी स्टेटसम्मको काण्डले हामीलाई झस्काईरहन्छ। जसले नयाँ पुस्ताको आशा र भरोषामाथि एउटा नमिठो प्रहार गरेको छ। भ्रष्टाचार निवारणका लागि नेपालमा ऐन, कानून अनि नीति नियमहरु नभएका होइनन्। तर भ्रष्टाचारका निम्ति तिनमा पनि कतिपय त्यस्ता छिद्रहरु राखिएका हुन्छन्, जहाँबाट पदासिन व्यक्तिहरु फुत्तफुत्त निस्किन र छिर्न सकून्। अहिले भ्रष्टाचार विश्वभरिनै जटिल सामाजिक रोगकारुपमा देखापरेको छ। भ्रष्टाचार कानूनको कमजोर कार्यान्वयन, शोषणयुक्त सामाजिक संरचना, व्यक्तिको लालची प्रवृत्ति र अतृप्तिको परिणाम हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तथ्यांकअनुसार आब ०८१/८२ मामात्रै २०० वटा भन्दा बढी भ्रष्टाचार सम्बन्धी मुद्धा दायर भएका थिए। तीमध्ये धेरैजसो स्थानीय तहको ठेक्का प्रक्रियामा अनियमितता, घूसखोरी, सार्वजनिक सम्पत्तिको हिनामिना र राजस्व छलीसँग सम्बन्धित थिए। नेपालको भ्रष्टाचार विरोधी कानूनहरु कमजोर छन्। भ्रष्टाचारको कसूरमा हुने कैद, सजाय न्यून छ। भएका कानूनी प्रावधानहरुको कार्यान्वयनमा समेत प्रभावकारिता देखिएको छैन। सूचनादाताको संरक्षणगर्ने कानून छैन। निजी क्षेत्रबाट हुने भ्रष्टाचार हेर्ने निकाय तोकिएको छैन। अनुचित कार्य कसको जिम्मेवारीमा पर्ने हो, सोको कानूनी स्पष्टता छैन। भ्रष्टाचार मुद्धाको अनुसन्धान र अभियोजन गरिसक्नुपर्ने समयसीमाको कानूनीरुपमा किटान नगर्दा ठूला भ्रष्टाचारका मुद्धाहरुको अनुसन्धान लामो समयसम्म नटुंगिने, मुद्धादायर भएको लामो **बाँकी ७ पेजमा**

# नयाँ सरकार, आगामी बजेट र बिभिन्न क्षेत्रका मागहरु

रुषा थापा

हालैमात्र नयाँ सरकार गठन भएको छ। जसका नीति र कार्यक्रमहरु कस्ता हुने हुन् ? भन्ने एकिन हुन सकेको छैन। तर एकातिर बिभिन्न क्षेत्रका मागहरु बढिरहेका छन्भने अर्कातिर आगामी १५ गते सार्वजनिक गर्नुपर्ने बजेट तयारगर्न हतारो भैसकेको छ। अब आगामी आर्थिक वर्ष ०८३/०८४ को बजेट ल्याउन सरकारसँग केवल दुई महिनामात्र बाँकी छ। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी पहिलो पार्टी बन्यो। झण्डै दुई तिहाईको रास्वपा सरकार गठन भएको छ। बालेन्द्र साहको नेतृत्वमा सरकार गठन भएको सरकारका बारेमा समाचारको बजारमा व्यापक चर्चा छ-अबको सरकारले कर्मचारीको तलबभत्ता बढाउँछ। यसो हुनेबित्तिकै पेन्सन पनि बढ्छ। सामाजिक सुरक्षा भत्ता र जनप्रतिनिधिको पनि तलब तथा सेवासुविधा बढाउँछ। ६० वर्षमा ज्येष्ठ नागरिक भत्ता र १८ वर्ष पुगेकालाई बेरोजगारी भत्ता दिइन्छ। अब कामै नगरी बसिबसि खान पाइने रास्वपाका कार्यकर्ता बताउँछन्। मुलुकको वैदेशिक ऋण ३२ खर्ब पुगिसक्यो। देशभित्रै पनि ऋणैऋण छ। निर्माण व्यवसायीको ४५ अर्ब, स्वास्थ्य बीमाको ४३ अर्ब, कोरोना बीमाको २४ अर्ब, दुध तथा उखु किसानको सात अर्ब भुक्तानी दिन सकिएको छैन। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले सरकारीतर्फ मात्र ८४ अर्ब ७७ करोड ४५ लाख बढीको क्षतिपुगेको छ। निजीतर्फ २७ खर्बको सम्पत्ति खरानी बनेको छ। मन्दीबीच यत्रो सम्पत्ति खरानी बन्दा उद्योगी, व्यवसायीहरु निराश भएका छन्। उनीहरु अब व्यवसायबाटै पलायन हुने सोचमा रहेका देखिन्छन्। किनकि सरकारले सरकारी र निजी सम्पत्ति खरानी बनाउनेहरुलाई रिहा गरिदियो। यसले स्वदेशी र विदेशी लगानीकर्ताहरुमा अब नेपालमा लगानी गर्नुहुन्न भन्ने सोच पलाएको छ। यसले बेरोजगारी झनै बढ्ने निश्चित छ। मुलुक अहिले ग्रेलिष्टमा छ। ०८३ माघ मसान्तभित्र यो लिष्टबाट निकाल्न नसके नेपाल कालोसूचीमा जान्छ। यसो हुनेबित्तिकै विदेशीले नेपाललाई ऋण र अनुदान दिँदैन। नेपालीहरु विदेश जान पाउँदैनन् र विदेशमा रहेका सबै नेपालीलाई फिर्ता पठाइन्छ। देशभरका कारागारमा ३० हजार बढी कैदीबन्दी छन्। उनीहरुलाई बिहानबेलुका खाना खुवाउनै पर्‍यो। दिनको ८० रुपैयाँ भत्ता दिनुपर्‍यो। सरकारले नै तीन लाखसम्मको उपचार गरिदिनुपर्छ। सामाजिक सुरक्षा भत्ता बुझ्ने ४२ लाख बढी छन्। जनप्रतिनिधि ३८ हजार छन्। उनीहरुले महिनाको ५० हजारदेखि तीन लाखसम्म तलब बुझ्छन्। भत्ता, गाडीलगायत सेवासुविधा त छुट्टै छ। पेन्सन बुझ्ने कर्मचारी लाखौंको संख्यामा छन्। उनीहरुले पदअनुसार मासिक २५ हजारदेखि लाखौं पेन्सन बुझ्छन्। निजामती, सुरक्षाकर्मी, शिक्षकलगायत कर्मचारी लाखौंको संख्यामा छ। स्थायी कर्मचारी नै लाखौंको संख्यामा रहँदा करार, ज्यालादारी कर्मचारी पनि उत्तिकै छ। स्थायी र अस्थायी दुवैलाई बराबरी तलबभत्ता र सेवासुविधा दिइन्छ। अहिले बहालवाला एउटै कर्मचारीको तलब पदअनुसार २८ हजारदेखि लाखौं छ। सेवासुविधा त अलग्गै। कर्मचारीहरुलाई पोशाक र खाजा पनि सरकारलेनै दिनुपर्छ। त्यसमा मात्र वार्षिक खर्बौ रकम खर्च हुनेगरेको छ। तर, यी सबैको श्रोत के त ? पाँच वर्षअघिसम्म घरजग्गा, गाडी र सेयर राज्यको प्रमुख राजस्व श्रोत थियो। यसैबाट वार्षिक खर्बौ राजस्व राज्यको ढुकुटीमा उठ्थ्यो। केही वर्षयता यी क्षेत्रमा व्यापक मन्दी छ। अझै भन्नुपर्दा कृत्रिमरुपमा बढाइएको मूल्य पहिलेकै रेटमा आउन थालेको छ। दशहजार रुपैयाँमा नबिक्ने खेतीयोग्य जमिन दलाल, भूमाफियाहरुले टुक्राटुक्रा पारेर आनाकै २५ लाखदेखि १४ करोडसम्ममा बेचे। एक रोपनीमा १६ आना जग्गा हुन्छ। छिमेक भारत र चीनले ५० हजारदेखि पाँच लाखमा पाइने सवारीसाधन यहाँ अढाई लाखदेखि २४ करोडसम्ममा बेचियो। बैंक, वित्तिय संस्था, जलविद्युत तथा इन्स्युरेन्स कम्पनीहरुले १०० रुपैयाँ प्रतिकित्तामा निष्काशन गरेको सेयर ३२००सम्ममा किनबेच भयो। सुन ०२२ सालसम्म प्रतितोला ८० रुपैयाँ थियो। चाँदी त त्यतिबेला सित्तैमा पनि कसैले नलैजाने बुढापाकाहरु बताउँछन्। तर, त्यही सुन केही महिनाअघि तोलाकै झण्डै चार लाखसम्ममा किनबेच भयो। चाँदी १० हजारमा। अहिले सुन र चाँदी दुवैको मूल्य घट्दो छ। सहकारी, लघुवित्त र फाइनान्सहरु डुबिसकेका छन्। यी वित्तिय संस्थामा करोडौं बचतकर्ताको खर्बौ रकम डुबेको छ। उनीहरुको रुवाबासी चलिरहेको छ। अहिले त बैंक, हाइड्रोपावर र इन्स्युरेन्स कम्पनीहरु पनि टाटपल्टिने अवस्थामा छन्। वित्तिय संस्थाबाट ऋण लिएका धेरैजसोले अब ऋण सक्दैनौं भनेर हात उठाइसके। सहकारीबाट ६३ लाख, लघुवित्तबाट **बाँकी ७ पेजमा**

# समाचार विविध

## सहकारीका १७ सञ्चाल बिरुद्ध मुद्धा दायर

काठमाडौं। बिभिन्न जिल्लामा सहकारीका ठग बिरुद्ध कारवाही जारीरहेको थाहा भएको छ। प्राप्त एक समाचारअनुसार सहकारीको १८ करोड ७६ लाख चार हजार ५३२ अपचलनगरी बचतकर्ताको रकम फिर्ता नगरेपछि काभ्रेको बनेपा नगरपालिका-७ स्थित पशुपति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालकविरुद्ध मुद्धा दर्तागरिएको छ। १०३ बचतकर्ताद्वारा सहकारीका १७ सञ्चालकलगायत सम्बद्धविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालय काभ्रेपलाञ्चोकमार्फत जिल्ला अदालत धुलिखेलमा हालै सहकारी ठगी अभियोगमा मुद्धा दर्ता गरिएको हो। बचतकर्ताको जम्माभएको रकम फिर्ता नगरेपछि पीडितहरुले दिएको किटानी जाहेरीका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काभ्रेपलाञ्चोकले अभियोग दर्तागराएको जनाइएको छ। जिल्ला न्यायाधिवक्ता टीकाभुषण घिमिरेकाअनुसार दर्ता मुद्धामा अदालतबाट पक्राउ पूर्जी जारीभई पीडितको बचत रकम फिर्ता गराउन अभियोगमा माग गरिएको छ। आरोपित भने सबै फरार छन्। सहकारी ठगी अभियोगमा सहकारीका सञ्चालक समिति, कर्मचारी तथा पूर्वअध्यक्षहरुसमेत गरी १७ जना संलग्न भएको उल्लेख गरिएको छ। अभियोग दर्तामा सहकारीका अध्यक्ष भुम्लु घरभई बनेपाबस्ने पानबहादुर श्रेष्ठ, उपाध्यक्ष पनौती नपा-७ की विन्देश्वरी कायस्थ मधिकर्मी, प्रबन्ध निर्देशक एवं व्यवस्थापक भक्तपुर सूर्यविनायक नपा-८ का राजाराम सकुपायो, सञ्चालकहरु भक्तपुर सुर्यविनायक-८ कै लक्ष्मीकुमारी श्रेष्ठ, सिन्धुपाल्चोकका रुकेश श्रेष्ठ लेखाप्रमुख भक्तपुरको सिपाडोलका प्रमिला मानन्धर रहेका छन्। त्यस्तै ऋण अधिकृत बनेपा-९ का रामसुन्दर बस्नेत, सञ्चालकहरु बनेपा-४ का जयगोपाल श्रेष्ठ, खानीखोला-६ का कृष्णप्रसाद घिमिरे र बनेपा-४८ का मनिष श्रेष्ठ, बजार अधिकृत बनेपा-७ का प्रदीप शाहीलगायत रहेका छन्। जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकलेभने सहकारीबाट ऋण लिएर नतिर्ने ऋणीहरुलाई प्रहरीले आफूले लिएको ऋण तिर्न अनुरोधगर्दै आएको छ। प्रहरीले हालैमात्र उक्त पशुपति सहकारी बनेपा नपा-७ स्थित मुकुल बचत तथा ऋण सहकारी संस्थाबाट ऋणलिई नतिर्ने तथा सम्पर्कमा नआउने ऋणीलाई कारवाहीको दायरामा ल्याउनेसमेत चेतावनी दिएको थियो। सो जिल्लामा सञ्चालित करिब एक दर्जन सहकारीका सञ्चालकले हालसम्म बचतकर्ताको बचत रकम ठगी गरेकोभन्दै प्रहरीकोमा उजुरी परेको छ।

## चितवन कारागारमा आकर्षण बढ्दो

काठमाडौं। चितवन कारागारमा कैदीबन्दीको आकर्षण बढ्दै गएको देखिएको छ। त्यहाँ रहेका क्यान्सर अस्पताल, भरतपुर अस्पताल र दुई वटा ठूला मेडिकल कलेजमा सहजरुपमा उपचार पाउने भएकाले पनि कैदी बन्दीको रोजाइमा यो कारागार पर्ने गरेको हो। कार्यालयका प्रमुख रवीन्द्रप्रसाद ढुंगानाका अनुसार केही दिनअघि मात्रै केन्द्रीय कारागार नुवाकोटबाट तीन जना बिरामीलाई उपचारका लागि त्यहाँ पठाइएको थाहाभएको छ। देशका बिभिन्न जिल्लामा रहेका बिरामी कैदीबन्दी उपचारका लागि पहिलो रोजाइ काठमाडौं र त्यसपछि चितवन हुने गरेको हो। चितवन मध्यभागमा पर्ने भएकाले यातायातको सहज सुविधा हुँदा बिरामीका आफन्तलाई सहज हुने भएकाले यहाँ आउने गरेका छन्। उहाँका अनुसार हाल कारागारमा ११८ जना बिरामी कैदीबन्दी छन्। जसमा उच्च रक्तचापका ५४ जना बिरामी रहेका छन्। मधुमेहका ३० जना, मानसिक रोगी १२ जना, हेपाटाइटिस बि भएका पाँचजना, मुटु रोग, क्षयरोग, क्यान्सर, एचआइभी एड्स, छारेरोग लागेका तीन/तीन जना र थाइराइडका दुईजना बिरामी छन्। यहाँ रहेका नियमित औषधि सेवन गर्नुपर्ने बिरामीका लागि औषधि खरिदगर्न समस्या हुनेगरेको उहाँले बताउनुभएको छ। यस आर्थिक वर्षमा यस कार्यालयलाई औषधि उपचार खर्चवापत १२ लाख रुपैयाँ विनियोजन भएको थियो। सरकारले विनियोजन गरेको औषधिको रकम अपुग भएर जनस्वास्थ्य कार्यालय, भरतपुर महानगरको स्वास्थ्य शाखा, औषधि व्यवसायीसँग सहकार्यमा औषधि व्यवस्थापन गर्दै आएको उहाँले बताउनुभएको छ।

## बिपी राजमार्गमा सधैं समस्यामा

काठमाडौं। काठमाडौं उपत्यकालाई पूर्वी जिल्लाहरुसँग जोड्ने बिपी राजमार्गमा सधैं समस्या देखिन थालेको छ। गत शुक्रबार राति परेको वर्षात्का कारण बिपी राजमार्गमा फेरी यातायात अवरुद्ध भएको छ। सो राजमार्गको भकुण्डे-नेपालथोक सडकखण्डअन्तर्गत रोशी गाउँपालिकास्थित बिभिन्न स्थानमा लेदोसहितको बाढीपहिरोका कारण यातायात अवरुद्ध भएको हो। जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोककाअनुसार बिरुवाडाँडा, कालढुंगा, चौकीडाँडा र मंगलटारमा कतै लेदोसहितको पहिरो तथा बाढी (खहरेखोलामा पानीको बहाब उच्च रहेको) ले राजमार्गको बिभिन्न स्थानमा यातायात अवरुद्ध भएको हो। कार्यालय प्रमुख प्रहरी निरीक्षक सुनिल धौंजुले सडक विभाग, नेपाल प्रहरी, ट्राफिक प्रहरी र स्थानीयको सहयोगमा पहिरो पन्छ्याउने प्रयास भइरहेको बताउनुभएको छ। उहाँकाअनुसार हावाहुरी र निरन्तर वर्षा भइरहेकाले पहिरो पन्छ्याउन निकै कठीनाइ भइरहेको बताइएको छ। गतवर्षको बाढीपहिरोका कारण उक्त क्षेत्रको सडक क्षतिग्रस्त भएपछि खोलाबाटै अस्थायी सडक बनाएर सञ्चालनमा ल्याइएको थियो। बिपी राजमार्गको रोशी क्षेत्रको बिभिन्न स्थानमा सडक अवरुद्ध भएपछि ट्राफिक प्रहरीले सवारीसाधन होल्ड गरेको छ। उक्त राजमार्गअन्तर्गत प्रवेशमार्गस्थल धुलिखेलको काभ्रेभन्ज्याङ, भकुण्डे तथा नेपालथोक र मंगलटारमा सवारीसाधन होल्ड गराइएको थाहाभएको छ।

## जलबिद्युत आयोजनाहरुमा उत्पादन घट्न थाल्यो

काठमाडौं। बिभिन्न जलबिद्युत आयोजनाहरुमा उत्पादन घट्न थालेको थाहा भएको छ। यसैक्रममा प्राप्त एक समाचारअनुसार तनहुँको आँबुखैरेनी-४ स्थित ६९ मेगावाट क्षमताको मर्स्याङ्दी जलबिद्युत केन्द्रको उत्पादनमा गिरावट आएको छ। सुक्खायामका कारण नदीमा पानीको प्रवाह कम भएपछि हाल ४२ मेगावाट मात्र उत्पादन भएको जलबिद्युत केन्द्र प्रमुख कपिलदेव मानजनले जानकारी दिनुभयो। उहाँले नदीमा पानी कम भएपछि दिउँसोको समयमा उत्पादन घट्ने गरेको छ। तर साँझ र बिहानको पिक आवरमा माग धान्न दिउँसो पानी रिजर्भ गरेर ७० देखि ७२ मेगावाटसम्म बिद्युत उत्पादन गरिरहेका छौं भन्नुभयो। सन् १९८९ मा निर्माण सम्पन्न भएको यस आयोजनाबाट उत्पादित बिद्युत चितवनको भरतपुर र काठमाडौंको स्युचाटार सबस्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको थाहा भएको छ।

## नयाँ....

२७ लाख, बैंकबाट २२ लाखले ऋण लिएका छन् । मीटरब्याजमा पनि लाखौंले ऋण लिएका छन् । तर, उनीहरुले अहिले धितो लिलाम गर, कर्जा तिर्न सक्दैनौं भनेर हात उठाइसके । धितोको मूल्य लगातार घट्दो छ । यसले ऋणै नउठ्ने अवस्था छ । यसरी ऋणीले कर्जा नतिर्नु भनेको बैंक, वित्तिय संस्था डुब्नु हो । हुन त यी संस्थाका सञ्चालक, अध्यक्ष र कर्मचारीहरुले २० प्रतिशतसम्म घुस खाएर ऋण दिएका थिए । यतिमात्र होइन, तीन प्रतिशत सेवासुविधा, १८ प्रतिशत ब्याज भनेर ८० प्रतिशत असुल्ने अनि तीन किस्ता नतिर्नेबित्तिकै धितो लिलाम गरिहाल्ने । बैंक, वित्तिय संस्थाबाट धेरै पीडित बने । आफ्नो जायजेथा सबै गुमाएपछि उनीहरु सुकुम्बासी बने । ऋण तिर्न नसकेकै कारण पाँचलाख त कालोसूचीमै परिसकेका छन् । अब पालो बैंक, वित्तिय संस्थाको । अब महत्वपूर्ण कुरा चाँहि सबै क्षेत्र मन्दी र टाट पल्टिने अवस्थामा रहँदा सरकारले कहाँबाट राजस्व उठाउँछ अनि कर्मचारीको तलब, ज्येष्ठ नागरिकको भत्ता बढाउँछ ? कसरी १०० दिनभित्र सहकारीका बचतकर्ताको निक्षेप फिर्ता गराउँछ ? ६० वर्षमै कसरी वृद्धभत्ता दिन्छ ? अब झन् व्यवसायी वा जनताले कर नतिर्ने निश्चित छ । किनकि यो सरकार सरकारी र निजी सम्पत्ति खरानी बनाएर आएको हो । जबसम्म आगो झोस्नेमाथि कारवाही हुँदैन, तबसम्म उद्योगी, व्यवसायीहरुले यहाँ लगानीगर्ने छैनन् । कर तिर्ने छैनन् । अनि उनीहरुले कर नतिर्नेबित्तिकै राज्य संकटमा परिहाल्छ । रास्वपा पश्चिमी ( अमेरिका) प्रभावित रहेको आरोप छ । छिमेक भारत र चीन दुवै अमेरिकाको दुश्मन हुन् । यसैले, अब नेपाललाई छिमेकले पनि सहयोग गर्दैनन् । उनीहरुले दिँदैआएको अनुदान अब रोक्छन् । मुलुक कालोसूचीमा पर्ने दिन नजिकिँदैछ । यसले अब विदेशीले ऋण दिँदैनन् । अनि जनताले राजस्व नतिरेपछि, छिमेकले अनुदान रोकेपछि र विदेशीले ऋण नदिएपछि रास्वपा सरकारले के गर्छ ? रास्वपालाई बहुमतको सरकार निकै भारी पर्ने देखिएको छ । यस्ता झण्डै दुई तिहाइका सरकार ०४६ सालको राजनीतिक परिवर्तनपछि पटक पटक देशको शासन सत्तामा आएको तर केहीगर्न नसकेको उदाहारण छ । त्यसैले रास्वपाको बर्तमान नव गठित सरकारबाट नेपाल र नेपालीले राहतको आशा गर्नु मृगतृष्ण भनेजस्तो मात्र हो ।

## नेपालमा...

समयसम्म अदालतमा अड्किरहने र दोषीहरुले समयमै सजाय नपाउने लगायतका समस्याहरु छन् । तीनै तहको सरकार, नागरिक समाज, सञ्चार माध्यम, सामाजिक संघसंस्था एवं निकयका बीचमा भ्रष्टाचर विरुद्ध एकिकृत र समन्वयात्मक प्रयासले मात्र भ्रष्टाचार नियन्त्रण सम्भव छ । नेपालमा हालैमात्र नयाँ सरकार बनेका कारण सो सरकारले भ्रष्टाचार निवारणका लागि के कस्ता नीति ल्याउँछ र कस्ता कदम चाल्छ ? त्योभने हेर्न बाँकी छ । **(लेखक : कानून ब्ययबसायी हुनुहुन्छ ।)**

## नेपाली..

लाई भावनामामात्रै सीमित नराखी तथ्य र प्रमाणका आधारमा संस्थागत संवादमार्फत् स्थायीरुपमा टुंगयाउन उच्चस्तरीय कूटनीतिक पहलगर्ने छौंभन्ने उल्लेख छ । झण्डै एक दशकअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बेइजिङ भ्रमणगर्दा जारीभएको ४१ बुँदे संयुक्त वक्तव्यमा समेत लिपुलेकसहित तीनवटा नाकाबाट व्यापार विस्तारगर्ने सहमति भएको जनाइएको थियो । सन् २०१५ को मे महिनामा भएको उक्त सहमतिप्रति आफ्नो असहमति दर्जगराउन तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले भारत र चीन दुवैलाई कूटनीतिक नोट पठाएको भनिएको थियो । त्यस बेला बुँदागतरुपमा स्पष्टसँग नेपालले आफ्नो धारणा राखेको बताउने गरिएको छ । तर भारत र चीन दुवैले ती कूटनीतिक नोटहरुको जवाफ नपठाएकाले धेरै कुराहरु बुझ्न सकिने अवस्था रहेको छ । सन् २०१९ को नोभेम्बरमा भारतले आफ्नो राजनीतिक नक्शालाई अद्यावधिकगर्ने क्रममा नेपालले आफ्नो दाबी गरेको कालापानी क्षेत्रलाई पनि आफ्नो देशको नक्शामा समावेश गरेपछि दुई देशबीचको सीमा विवाद अझ पेचिलो बन्न पुगेको थियो। उक्त विवादका बीच नेपालले पनि आफ्नो नयाँ नक्शा जारीगरेको थियो । जसमा कालापानी, लिपुलेक र लिम्पियाधुरालाई नेपालको भूभाग देखाइएको थियो । जसप्रति भारतले तत्काल गम्भीर असहमति जनाएको थियो । राजनीतिक क्षेत्रमा सो नक्शा विवादले दुई देशको सम्बन्धलाई केही समय चिसोपनतर्फ धकेलेको अनुभव पनि गरिएको थियो । झन्डै दुईतिहाई सांसदहरुसहित पहिलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टीले अब उक्त बिवादकाबारेमा कस्तो नीति लिन्छ र कसरी समस्याको समाधान गर्छ भन्ने धेरैको जिज्ञासा रहेको छ । कतिपयले अब नयाँ सरकारले कति संयम अपनाउन सक्छ र कति संवेदनशील भएर कुरा उठाउँछ, त्यो हेर्न बाँकी रहेको बताउने गरेका छन् । परिपक्व र प्रक्रियागत ढंगले कुरा राख्न सकेको खण्डमा भारतले पनि ध्यान दिन्छभने झारा टार्नेमात्र काम गरेको खण्डमा फेरी पनि बिवाद कायमै रहने अवस्था छ । हरेक पार्टी र तिन्का नेताहरुले सरकारमा गएपछि राष्ट्रिय स्वार्थ कसरी संरक्षणगर्न सकिन्छ ? भन्ने कुरामा ध्यानदिएर काम गर्नुपर्ने हुन्छ । पहिलो त लिपुलेकका बारेमा त्रिदेशीय सहमति सख्त जरुरी देखिएको छ । दोश्रो कुरा लिपलेकको जस्तो घटना अन्यत्र नहोओस भनेर सतर्क पनि हुन सक्नु पर्दछ । नेपाल र भारतका बीचमा लिपुलेकमा मात्र नभएर पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै सीमा बिवादहरु रहेका छन् । जसको बर्षौदेखि समाधान हुननसक्दा नेपाल र भारतका बीचमा बिभिन्न असमझदारीहरु बढेरगएको देखिएको छ । छिमेकमा यस्तो असमझदारी कायम राखिराख्नुलाई कदापि राम्रो मान्न सकिँदैन । यसबारे अब संसदमै छलफल गरेर अगाडि बढ्नु उचित हुन्छ ।

## नेपालको...

अन्तर्विरोध, असहमति वा विभाजन उत्पन्न भयोभने राजनीतिक स्थायित्व पनप्न कठीन हुन्छ । नेपाल एक विविध, बहुभाषी, बहुधार्मिक, बहुजातीय राष्ट्र हो। नेतृत्वले सामाजिक समानता, विभेद विरुद्ध नीति, न्यूनतम सामाजिक सुरक्षा, महिला र उत्पीडित समूहको सशक्तिकरण मा निरन्तरता दिँदा सामाजिक स्थायित्व बढ्छ । राजनीतिक नेतृत्वका दीर्घकालीन संकेतलाई नेतृत्व क्षमता, नीति कार्यान्वयन, सामाजिक समरसता, आर्थिक विकास र अन्तर्राष्ट्रिय सम्बन्धका आधारमा मूल्यांकनगर्न सकिन्छ। एक सफल नेताले दृढ निर्णय क्षमता, स्पष्ट नीति, परिस्थितिको विश्लेषण, सार्वजनिक संवाद, जवाफदेहिताको भावना राख्नु पर्छ। यदि बालेन-रवि जोडीले विश्लेषण, रणनीति, विपरीत परिस्थितिको सामना क्षमता विकास गर्‍योभने उनीहरु दीर्घकालीन नेतृत्वको रुपमा स्थापित हुन सक्छन् । नेपालले छिमेकी राष्ट्रहरुसँग सम्बन्ध सन्तुलन, आर्थिक साझेदारी, क्षेत्रीय नीति सम्हाल्न आवश्यक छ। बालेन-रवि नेतृत्वले वैदेशिक कूटनीति, आर्थिक सम्झौता, निवेश प्रवर्धन जस्ता आयाममा द्रुत र व्यवस्थित कदम चाल्नुपर्छ। नेपाल एक बहुसांस्कृतिक समाज हो। नेतृत्वले सामाजिक समानता, विभेद विरुद्ध नीति, न्यूनतम सामाजिक सुरक्षा, महिला र उत्पीडित समूहको सशक्तिकरण मा निरन्तरता दिँदा सामाजिक स्थायित्व बढ्छ। बालेन-रवि जोडीले नेपाली राजनीतिमा आशा, नयाँ सोच, युवा सहभागिता र सामाजिक अपेक्षा लाई जगाएको छ। तर यो जोडी केवल चलचित्र शैलीको नाटकमात्र हो कि स्थायी राजनीतिक नेतृत्व बन्नेछ भन्ने प्रश्नको उत्तर आजको समयमै पक्का भन्न कठीन छ । यो निर्णय अब कार्य, नीति, योजना, कार्यान्वयन र जवाफदेहिताको वास्तविक रुपमा लागू हुने परिणाममा आधारित हुनेछ। यदि बालेन-रवि जोडीले मात्र लोकप्रियता र शैली मा निर्भर रह्यो भने यो चलचित्रको एक दृश्यजस्तै मात्र हुनेछ। तर यदि उनले वास्तविक सुधार, सांस्कृतिक समावेशी नीति, अर्थतन्त्रको सुधार, अन्तर्राष्ट्रिय कूटनीति र सामाजिक न्याय लाई प्राथमिकता दिए भने यो उपाधि नेपाली राजनैतिक कायाकल्पको युग बन्न सक्नेछ। सारांशमा: आशा छ, तर चुनौती अझै धेरै छ । त्यसैले रवि र बालेनको लोकप्रियताको मूल्यांकन भाबि गतिबिधिले गर्ने निश्चित छ ।

## नेपालको.

समावेशी आर्थिक विश्वव्यापीकरणलाई अगाडि बढाउन तयार रहेको बताउनु भएको थियो । उहाँले चीन विश्व शासन प्रणालीको सुधार र विकासमा सहभागीभई अन्तर्राष्ट्रिय व्यवस्थालाई अझ न्यायोचित र समतामूलक बनाउन प्रतिबद्ध रहेको टिप्पणी पनि गर्नुभएको थियो । एक फरक प्रशंगमा उहाँले कालापानी नेपाल र भारतबीचको द्विपक्षीय विषय भएको उल्लेखगर्दै वार्ताको माध्यमबाट यो समस्याको समाधान खोजिनुपर्ने र चीनलाई आरोप लगाउन नहुने बताउनु भएको थियो । परराष्ट्र सचिवस्तरको नेपाल-भारत संयन्त्रलाई सक्रिय बनाएर समस्या समाधानगर्न सकिने उहाँको भनाइ थियो । बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) नेपालको आर्थिक विकासमा सहयोगी हुने विश्वास व्यक्तगर्दै चिनियाँ राजदूतले कृषि, पूर्वाधार विकास तथा लगानी विस्तारलाई आफ्नो मुलुकले प्राथमिकता दिएको बताउनु भएको थियो । त्यसअघि पनि चीनले नेपालको रास्वपासँग मिलेर कामगर्ने प्रतिबद्धता जनाएको थियो । त्यसैगरी नेपालमा नयाँ सरकार गठन हुँदैगर्दा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रास्वपाका सभापति रवि लामिछाने र नेता बालेन्द्र साहसँग टेलिफोन वार्ता गर्नुभएको थियो । आफ्नो सामाजिक सञ्जालमा लेख्दै मोदीले त्यसबारे जानकारी पनि दिनुभएको थियो । मोदीले दुई नेतासँग न्यानो वार्ता भएकोभन्दै निर्वाचनमा उनीहरुको जित र रास्वपाले हाशिल गरेको सफलताका निम्ति बधाइ दिएको बताउनुभएको थियो । त्यस्तै उहाँले आगामी नयाँ सरकार गठनका लागि आफूले शुभकामना दिएको उल्लेख गर्नुभएको थियो । दुवै देशको आपसी समृद्धि, प्रगति र कल्याणका लागि भारत उनीहरुसँग सहकार्यगर्न प्रतिबद्ध रहेको सन्देश आफूले दिएको पनि मोदीले जनाउनु भएको छ । त्यसो त गत भदौमा पनि नेपालमा नयाँ अन्तरिम सरकार गठनको छिमेकी मुलुक भारतले स्वागत गरेको थियो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले अन्तरिम प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेलगत्तै भारतीय विदेश मन्त्रालयले विज्ञप्तिमार्फत स्वागत गरेको थियो । विज्ञप्तिमा हामी सुशीला कार्कीको नेतृत्वमा नेपालमा नयाँ अन्तरिम सरकार गठनको स्वागत गर्दछौं । हामीलाई आशा छकि यसले शान्ति र स्थिरतालाई प्रवर्द्धनगर्न मद्दत गर्नेछ भनिएको थियो । भारतले नजिकको छिमेकी, लोकतान्त्रिक मित्र र दीर्घकालीन विकास साझेदारकारुपमा दुई देश र जनतको कल्याण र समृद्धिका लागि नेपालसँग मिलेर निरन्तर काम गरिरहने जनाएको थियो । नेपालमा राजनीतिक संक्रमण शुरुभएपछि चीन, भारत र अमेरिकाका राजदूतहरुको चलखेल पनि सबैले अनुभव गर्नेगरी भएको थियो । अमेरिकी सैनिक अधिकारीहरुको नेपाल आगमन पनि पछिल्लो समयमा बढेको अनुभव गरिएको थियो ।

## नेपालका..

पार्टीहरुकाबीचमा संगठनात्मक संस्कृति र विश्वासको अभाव रहेको छभने पार्टीभित्र गुटबन्दी बलियो रहने गरेको छ । एकअर्काप्रति अविश्वासले निर्णय प्रक्रियालाई कमजोर बनाउँछ । त्यसैगरी सत्ताकेन्द्रित राजनीति पनि नेपालका कम्युनिष्ट पार्टी र तिन्का नेताहरुकाबीचमा समस्याको बिषय बन्नेगरेको छ । धेरैजसो एकता दीर्घकालीन बैचारिक आधारभन्दा पनि सत्ता प्राप्ति वा टिकाइमा केन्द्रित हुन्छ । जब सत्ता बाँडफाँटमा विवाद हुन्छ तब एकता भंगको अवस्थामा पुगिहाल्छ । जसले पार्टी एकतालाई रणनीतिकभन्दा पनि अवसरवादी बनाउँछ । ०४६ साल यताको कम्युनिष्ट पार्टीहरुबीचको एकता र फुटको अवस्थालाई हेर्ने होभने पनि उपरोक्त कुराको पुष्टि हुन्छ । त्यसैगरी बाह्य दबाब र भूराजनीतिले पनि नेपालका कम्युनिष्ट पार्टीहरुलाई प्रभावित गरिरहेको देखिएको छ । नेपालको समग्र राजनीति छिमेकी देशहरुको प्रभावबाट पूर्णरुपमा अलग छैन । आन्तरिक एकता कायम राख्न बाह्य चासो र प्रभाव पनि चुनौती बन्न सक्छ । त्यसैगरी यहाँका कम्युनिष्ट पार्टीहरुका बीचमा नीति र कार्यक्रमको अस्पष्टता रहने गरेको देखिन्छ । एकीकृत भएपछि साझा नीति स्पष्ट नहुँदा कार्यकर्ता तहमा अन्योलको अवस्था रहन्छ । स्पष्ट छ कि नेपालका कम्युनिष्ट पार्टीहरुका बीचमा आर्थिक, संघीयता, र विदेश नीतिमा एकमतको अभाव छ । जसले उनीहरुका बीचमा बिभिन्न किसिमका बिवादहरु बढाएर लगेको देखिएको छ । यसरी नेपालमा बृहत् बाम एकता सम्भव भएपनि त्यसलाई दिगो बनाउन स्पष्ट वैचारिक सहमति, पारदर्शी नेतृत्व संरचना, र सत्ताभन्दा माथि उठेको दीर्घकालीन दृष्टिकोण आवश्यक देखिएको छ । अन्यथा, एकता बारम्बार बन्ने र भत्किनेक्रम जारीरहन्छ । त्यही फुटको आधारबाट छलफललाई अगाडि बढाउने होभने लचिलो खालको बाम मोर्चा बनाउन सकिने संभावना छ । जुन विधान तथा नीति र कार्यक्रमअनुसार चलेको हुनुपर्दछ । पछिल्ला दिनमा जे जसरी संयुक्त बाम मोर्चा बनाउने बहसहरु चलेका छन्, त्यसले राम्रो संकेत गरेका छैनन् । त्यसैले छलफललाई निश्चित सीमामा केन्द्रित गर्नु उपयुक्त हुने देखिन्छ । अब बन्ने बाम मोर्चाले केवल नेपालका कम्युनिष्ट पार्टीहरुलाई मात्र एकजुट गराउने प्रयास गरोस । जसले कम्युनिष्ट पार्टीहरुका बीचमा बेलाबखत देखिने बिवादहरुलाई तत्काल समाधान गर्ने/गराउने प्रयास गरोस ।

## मध्यपूर्बको..

ट्यांकर र पानीजहाजहरुमाथि आक्रमणगर्दै आएको छ । उक्त साँघुरो मार्गहुँदै करोडौं ब्यारल तेल एशियाका देशहरुमा जाने गर्छ । गत वर्ष स्ट्रेट अफ होर्मुजबाट ओसारिएको झन्डै ९० प्रतिशत तेल र ग्यासको गन्तव्य एशिया थियो । एशिया सर्वाधिक तेल आयातगर्ने क्षेत्र हो । एशियाका अन्य देशहरुमा पनि तेल र ग्यास बचतगर्न बिभिन्न खालका उपायहरु अवलम्बन गरिएको छ । श्रीलंकामा सातामा तीन दिन बिदा हुने नियम बनाइएको छ । यो बिदा सबै शैक्षिक संस्थाहरुमा पनि लागू गरिएको छ । तर अत्यावश्यक सेवा प्रदानगर्ने स्वास्थ्य तथा अध्यागमन कार्यालयजस्ता सरकारी निकायमा लागू नहुने अधिकारीहरुले बताएका छन् । उनीहरुकाअनुसार तीनदिन लगातार सरकारी कार्यालयहरु बन्द नहोऊन् भनेर शुक्रवारको साटो बुधवार बिदा दिने निर्णय गरिएको छ । सवारीसाधनहरुले अब कोटाका आधारमा तेल किन्न पाउने छन् । त्यसका लागि पासका लागि नाम दर्ता गर्नुपर्ने छ । त्यसैगरी बिजुली बचतगर्न कार्यालयहरुमा एयर कन्डिसन (एसी) को सट्टा पंखा चलाउन, दिउँसो प्राकृतिक प्रकाशको अधिकतम प्रयोगगर्न र लिफ्टको सट्टा सिँढी प्रयोगगर्न भनिएको छ । थाईल्यान्डमा सरकारले हल्का लुगालगाउन र एअर कन्डिशनिङको प्रयोगगर्न सर्वसाधारण मानिसलाई आह्वान गरेको छ । म्यान्मारमा निजी सवारीसाधनहरु दिन बिराएर गुड्न पाउने नियम लागूभएको छ । बंगलादेशमा देशभरि निश्चित समय बिजुली काट्न थालिएको छ । आफ्नो आवश्यकताको ९८ प्रतिशत तेल खाडी क्षेत्रबाट आयातगर्ने फिलिपिन्समा गत फेब्रुअरी २८ यता पेट्रोल र डिजेलको मूल्य दोब्बरभन्दा बढीले बढेको छ । इन्धन आपूर्तिमा देखिएको गम्भीर खतरालाई मध्यनजरगर्दै फिलिपिनो राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले एक वर्षका लागि राष्ट्रिय ऊर्जा संकटकाल घोषणा गर्दै कार्यकारी आदेशमा हस्ताक्षर गरेका छन् । इरान युद्धलाईनै कारण मानेर यसरी संकटकाल लगाउने फिलिपिन्स विश्वकै पहिलो देश बनेको छ । फिलिपिन्समा केही सरकारी कार्यालयहरुले कर्मचारीहरुलाई सातामा कम्तीमा एकदिन घरबाटै कामगर्न भनेका छन् । इन्धन खपत घटाउन सरकारी कर्मचारीलाई सातामा चारदिन मात्र कामगर्ने (फोर डे वर्क विक) नियम लागू गरिएको छभने जल यातायात ( फेरी) सेवा घटाइएको छ । राष्ट्रपति जुनिअरले सार्वजनिक क्षेत्रमा अनावश्यक यात्रागर्न रोक लगाएका छन् । उनले तेलको मूल्यमा चर्को वृद्धिभएकाले तीन पांग्रे साइकल चलाउन आग्रह गरेका छन् । त्यस्तै भियतनाममा इन्धन बचत गर्न मानिसहरुलाई सकेसम्म घरमै बस्न भनिएको छ । सरकारले मानिसहरुलाई साइकल चढ्न, सार्वजनिक सवारीसाधन प्रयोगगर्न र अनावश्यकरुपमा निजी सवारीसाधन प्रयोग नगर्न आह्वान गरेको छ । भारतमा पनि ग्यास अभावका कारण उद्योग र व्यवसाय प्रभावित भएका छन् । केही क्षेत्रहरुमा कारखाना बन्द भएका छन् र रेष्टुरेन्टहरुमा पनि असर परेको छ । भारतमा धेरै मानिसहरुले ग्यासको लाइनमा घण्टौं बिताउनुपरेको छ । इन्धन संकटको असर जापानमा पनि देखिएको छ । जापान सरकारले बिहीबारदेखि आफ्नो सरकारी भण्डारबाट ३० दिनका लागि पुग्ने कच्चा तेल बजारमा पठाउने निर्णय गरेको छ । विश्वको चौथो ठूलो अर्थतन्त्र भएको जापानले सम्भावित ऊर्जा संकट र आपूर्तिमा आउनसक्ने अवरोधलाई न्यूनीकरण गर्न कुल ४५ दिनको भण्डार खुलागर्ने योजना बनाएको हो । यो जापानको इतिहासकै सबैभन्दा ठूलो परिमाणको तेल फुकुवा हो । यसका साथै निजी क्षेत्रका भण्डारहरुबाट पनि थप तेल आपूर्ति गरिने बताइएको छ । जापानसँग हाल सरकारी र निजी क्षेत्रगरी झण्डै २५४ दिनका लागि पुग्ने तेलको विशाल सञ्चित भण्डार छ । यद्यपि, आफ्नो कुल आवश्यकताको ९० प्रतिशतभन्दा बढी कच्चा तेल मध्यपूर्वबाट आयातगर्ने भएकाले अमेरिका, इजरायल र इरानबीचको तनावले जापानलाई प्रत्यक्ष जोखिममा पारेको छ । यसरी इरान र ओरिका-इजरायल युद्धले बिश्व नै तवाह बन्दै गएको छ । अमेरिकाले सिधा नभएर छलयुद्ध गरिरहेको छभने इरान वारपार गर्ने पक्षमा रहेको देखिन्छ । यस पटकको युद्धले अमेरिकालाई धरासायी बनाउने संकेतहरु पनि देखिन थालेका छन् ।

## खाडी...

मूल्यका कारण धेरै उद्योगहरु आफ्नो उत्पादन घटाउन बाध्य भएका छन् । यस्तै अवस्था अझ केही दिन कायम रहेको खण्डमा नेपालको औद्योगिक उत्पादनदेखि विदेशी मुद्रा सञ्चिति, रोजगार, बजार मूल्य र समग्र आर्थिक वृद्धिमा असरपर्न सक्ने देखिएको छ । मुख्यत प्लाष्टिक, प्याकेजिङ, पेय पदार्थ, खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री, औषधि, पाइप लगायत करिब नौथरी उद्योगले कच्चापदार्थ नपाएको समाचार बाहिर आएको छ । सिमेन्ट र फलामेडन्डी उत्पादन गर्ने उद्योगहरुमा पनि समस्या देखिएको छ । पेट्रोलियमसँग सम्बन्धित सबै प्रकारका औद्योगिक कच्चापदार्थको आपूर्ति घटेको छ । नेपालले प्रत्यक्षरुपमा खाडी मुलुकबाट कच्चापदार्थ आयात नगरे पनि भारतमार्फत् आउने अधिकांश सामग्रीको आपूर्ति त्यही क्षेत्रसँग जोडिएकाले युद्धको असर नेपालसम्म आइपुगेको हो । भारतीय बन्दरगाहहरुमा देखिएको अवरोधले पनि समस्या बढाउने काम गरेको छ । भारतका विशाखापट्टनम र कोलकाता बन्दरगाहमा हजारौं कन्टेनर थन्किएर रहेका छन् । त्यसैगरी रेलमार्गमा यात्रुवाहक र मालवाहक दुवैको चाप हुँदा कच्चापदार्थ लगायतका सामान नेपाल आइपुग्न ढिलाइ हुनथालेको जानकारहरुको भनाई छ । उद्योगहरुमा उत्पादन रोकिँदा बैंकको किस्ता र ब्याज तिर्नसमेत गाह्रो भइरहेको कतिपय उद्योगीहरुको भनाई बाहिर आएको छ । अहिले मध्यपूर्वको तनावले प्रत्यक्ष र गहिरो असर पार्नथालेको छ । मध्यपूर्वको तनावले नेपालको अर्थतन्त्रमा पारेको असरको पहिलो संकेतकारुपमा नेपालमा पेट्रोलियम पदार्थको अभाव र मूल्यवृद्धि हो । त्यसैगरी तेश्रो मुलुकबाट आउने सामान मध्यपूर्वको मार्गहुँदै आउने र ढुवानी लागत बढ्ने भएकाले वैदेशिक व्यापार थप चुनौतीपूर्ण बनेको छ । नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिएको विप्रेषण (रेमिट्यान्स)मा मध्यपूर्वको तनावले ठूलो धक्का पुग्नसक्ने देखिएको छ । नेपालमा आइरहेको विप्रेषण जुन छ, त्यो कम हुनसक्छ । वैदेशिक रोजगारीमा रहेको ठूलो जनशक्ति मध्यपूर्वमा रहेको छ । त्यो जनशक्ति नेपालमा फर्कँदा कसरी व्यवस्थापनगर्ने अर्को चुनौती सिर्जना हुन सक्छ । त्यस्तै, नेपालको वैदेशिक व्यापारको चुनौती पनि बढ्न सक्छ । युद्धका कारण खाडी क्षेत्रलाई ट्रान्जिट बनाएर तेश्रो मुलुकबाट नेपाल आउने पर्यटकको संख्यामा पनि गिरावट आउन थालेको छ । युद्धका कारण रासायनिक मलको अभाव हुनसक्ने जोखिम बढाएको र यसले नेपालको कृषि उत्पादनमा असरगर्न सक्छ । कृषि, रेमिट्यान्स, पर्यटनजस्ता क्षेत्रमा युद्धले असर गरेमा मुलुकको कुल गार्हस्थ्य उत्पादन ( जीडीपी) वृद्धिमा समेत ठूलो असर पार्ने जानकारहरुको भनाइ छ । यस्तो अवस्थामा अमेरिकी डलरको भाउ बढ्नु अर्को समस्या भएको छ । यसले डलरमै किन्नुपर्ने कच्चापदार्थको लागत महँगो परेको छ । उद्योगीहरुकाअनुसार करिब दुई करोड डलरभन्दा बढी मूल्यका सामान आयातगर्न एलसी खुलिसकेको भएपनि सामान आइनसकेको अवस्था छ । जसले उद्योगहरुको नगद प्रवाह प्रभावित भएको छ । खाडी युद्धको सबभन्दा बढी असर प्लाष्टिक उद्योगमा देखिएको छ । पोलिमर ग्रानुल्स नपाउँदा उत्पादन लगभग ठप्प भएको उद्योगीहरुको भनाई छ । प्याकेजिङ उद्योगमा पनि प्लाष्टिकमा आधारित बोरा, बट्टा र खोलको अभाव हुनथालेको छ । जसको असर अन्य उद्योगमासमेत परेको छ । पेय पदार्थतर्फ पानी र जुस उत्पादन गर्ने उद्योगहरु बोतल र जार नपाउँदा बन्द हुने अवस्थामा पुगेका छन् । खाद्यान्न तथा दैनिक उपभोग्य वस्तु उत्पादनगर्ने उद्योगमा पनि प्याकेजिङ अभावले उत्पादन प्रभावित भएको छ । त्यसैगरी औषधि उद्योगले एपिआई र इथानोलमा आधारित कच्चापदार्थ नपाउँदा उत्पादन घटाउनुपरेको बताइन्छ । पाइप उद्योगमा आवश्यक पोलिमर उपलब्ध नहुँदा उत्पादन घटेको छ । सिमेन्ट उद्योगमा प्याकेजिङका लागि बोरा अभाव र फर्नेस आयलको कमीले उत्पादनमा असर परेको छ । उपभोक्ताले हप्तौं कुर्दा पनि ग्यास पाइरहेका छैनन् । नेपाल आयल निगमले तीन महिनायताकै सबभन्दा बढी ग्यास आयात भएको दाबी गरेपनि बजारमा उपलब्ध छैन । माग र आपूर्तिमा सन्तुलन ल्याउन निगमले आधा सिलिन्डर ग्यास मात्र बिक्री गरिरहेको छ । त्यही आधा सिलिन्डर ग्यास पनि भनेको बेला नपाइने समस्या छ । ग्यास अभावकै कारण कतिपय रेस्टुरेन्टले आफ्नो मेनु कटौती गर्नु परेको छ । नेपालले शतप्रतिशत इन्धन भारतबाट आयात गर्छ, तर भारतले कच्चा तेलको ठूलो हिस्सा साउदी अरब, युएई, कुवेत र इरानजस्ता मध्यपूर्वी देशहरुबाटै खरिद गर्छ । युद्धका कारण ती देशबाट हुने निर्यात प्रभावित हुनेबित्तिकै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ आकाशिएको छ । वैदेशिक रोजगार विभागका अनुसार इरान र छिमेकी राष्ट्रहरुमा भइरहेको ड्रोन र क्षेप्यास्त्र आक्रमणले गर्दा नयाँ श्रम स्वीकृतिमासमेत सुस्तता आएको छ । नेपालले आत्म निर्भर नभई पर निर्भर अर्थतन्त्रको अवलम्बनगर्दै आएका कारण उपरोक्त असरहरु देखिएका हुन् । त्यसले तत्काल के के बिषयमा आत्मनिर्भर हुन सकिन्छ भन्नेबारे छलफल चलाउनुपर्ने देखिएको छ ।